ISSN 2631-2298

nepalmag.com.np

आइतबार • २० पुस २०७६ • मूल्य रु. २५

# नेपाल

राष्ट्रिय साप्ताहिक

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालसँग ग्याम्बलिङ गिरोहका सञ्चालक चेन सितियान र रोडफेड

ऊर्जामन्त्री वर्षमान पुन र पूर्वसभामुख ओनसरी घर्तीसँग ग्याम्बलिङ गिरोहका दावा छिरिङ

॥ खुलासा

# अपराध जालो माथिसम्मै

गिरफ्तार र फरार चिनियाँ अभियुक्तको कनेक्सन आईजीपीदेखि मन्त्रीसम्म

उपेन्द्र यादवको नयाँ रणनीति | एफडीआई : खुद्रे लगानी

MY
Signature
BLEND
MASTER BLENDER'S SIGNATURE
Caroline Martin
Signature
PREMIER
GRAIN WHISKY
MASTER BLENDER'S
Reserve Selection
A VINTAGE WHISKY BLENDED WITH
8 YEAR OLD SCOTCH & AGED INDIAN MALTS
MASTER BLENDER'S
Signature
RARE AGED WHISKY
Drink responsibly

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

Join us each week as Hantakali tears into everything from Dharaney kalo bangur and haku choila to, occasionally, an overconfident, overcooked pasta. We pay for the food we eat, and we'll tell you if it's worth it—without fear or favour.

**kathmandupost.com/food**

THE KATHMANDU POST

WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
Available in 190 liters to 230 liters
AURA
INTELLIGENT REFRIGERATORS
10 YEARS* WARRANTY
* CONDITIONS APPLY
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

# भित्र

आइतबार, २० पुस २०७६ (वर्ष २०, अंक २२)
Nepal National Weekly, 5 Jan 2020 (Vol. 20, No. 22)

**फसादको जड** | ३६

१२
**हाम्रो नेपालमा**
सल्याने मोहनी

१४
**बेथिति**
सिंहदरबारकै सवारीमा भेली

१६
**रिपोर्ट**
विप्लव विद्रोहमा विचलन

१८
**विश्लेषण**
अमिषराज मुल्मी

२२
**राजनीति**
अब उपेन्द्र कता ?

**सुदूर प्रतिपक्षी** | २४

सम्पादकीय | ५
प्रतिक्रिया | ६
स्मरण | ७
प्रवेश | ८
परिहास | १०
प्रविधि | ४०
प्रदेश १ | ४४
प्रदेश ५ | ४६
पुस्तक | ४८
तीन किताब | ४९
रङ | ५०
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

२६
**(अ) सहमति**
भास्कर गौतम

३०
**आवरण**
चिनियाँको अपराध जालो

४२
**अर्थ**
खुद्रे लगानीमै आत्मरति

# सम्पादकीय

## टुँडिखेलमा 'खाली ठाउँ भर'

राजधानी काठमाडौँमा अवस्थित टुँडिखेल अब बीच सहरमा अलिकति बचेको खाली ठाउँको नाम मात्रै रहेन। जात्रा, उत्सव या संघर्षका दिनमा नागरिक शक्तिको यो मुख्य प्रदर्शन स्थल आज बचेखुचेको शक्ति पनि गुमाउँदै छ। सत्ताको आड पाएका ठेकेदारहरूले यसलाई कागजको फर्जी वैधानिकताका भरमा आम्दानीको स्रोत बनाउन खोजेका छन्।

९० सालको भुइँचालो होस् या बीच वर्षहरूका कुनै पनि प्रकोप, टुँडिखेलले राजधानीको ठूलो जनसंख्यालाई आफ्नो आडमा सम्हालेर राख्यो। कुनै बेला एसियाकै ठूलोमध्येको एक मैदान मानिने यो टुँडिखेल भूमिगत जलभण्डार पुनर्भरणको स्रोतसमेत रहेको सम्पदाविज्ञहरू बताउँछन्। स्थानीय नेवारी समुदायका जात्रापर्व मात्रै होइन, बहुसांस्कृतिक जातीय धार्मिक उत्सवका बेला टुँडिखेल नै पहिलो रोजाइमा पर्छ अनि यसको राजनीतिक महत्त्व सबैभन्दा बढी छ।

पटक पटक चलेका प्रजातान्त्रिक संघर्षका दिनमा आन्दोलनकारीहरूले टुँडिखेलका कुनाकाप्चा छपक्कै छोपेथे। छेवैको सिंहदरबार अनि केही मास्तिरको नारायणहिटी राजदरबार यसका आक्रोशहरूलाई सुन्न बाध्य हुन्थ्यो। हिजोआजजस्तो हरेक जुलुस सडकमा निकालिरहनु पर्दैनथ्यो। टुँडिखेलको खुलामञ्चमा उभिएर शक्तिशालीहरूलाई ललकारे पुग्थ्यो।

उत्सवमा रंगिनु परे टुँडिखेल। साथीभाइ, हितैषी भेट्नु परे टुँडिखेल।

राजधानीको जीवनशैली बन्न पुगेको यो टुँडिखेल क्षेत्र आज राज्यसत्ताको आडमा दोहन गर्ने मानिसको सिकार बन्दै छ। गत कात्तिक अन्तिम साता केही जागरुक राजधानीबासीले आवाज नउठाएको भए सायद यो अमूल्य सम्पदाभित्र कंक्रिटको संरचना ठडिइसकेको हुने थियो। यसअघि नै यहाँ अनधिकृत रूपमा बसपार्क, पसल र पार्किङ स्थल निर्माण भइसकेको छ। के अब राज्यका निकायहरूमा पहुँच राख्ने लोभीपापी समूहले टुँडिखेललाई पनि विद्यालयका अभ्यास पुस्तिकामा लेखिएझैँ 'खाली ठाउँ भर' गर्न लागेकै हो ?

सम्पदाको यो नग्न दोहनविरुद्ध तीन महिनायता रचनात्मक प्रदर्शनहरू भइरहेका छन्। कहिले चित्रकला, कहिले कविता, कहिले मन्तव्य अनि सांकेतिक प्रदर्शनहरूमार्फत सम्पदाप्रेमी जागृत भएका छन्। दुर्भाग्यवश, राजनीतिक वृत्तका केही मानिसले यस्ता प्रयासलाई विकासविरोधी या प्रतिपक्षी पार्टीको उक्साहट भनी लान्छना लगाउन थालेका छन्।

जुनसुकै व्यवस्था होस् या सरकार, विगतका सम्पदा मास्ने अख्तियार तिनलाई छैन। टुँडिखेल नागरिकको खुला स्थान हो। टुँडिखेल कुनै बेला मल्लकालीन राजाहरू हुँदै राणाहरूसमेतको शक्ति अभ्यास गर्ने थलो थियो। सैनिकहरूको परेड खेल्ने चउर थियो। अब यो नागरिकको रचनात्मक खबरदारी र जीवन्त लोकतन्त्रको प्रतिमूर्ति बन्न गएको छ। खुलामञ्च क्षेत्र मास्ने अभियानमा सक्रिय ठेकेदारहरूलाई कडा कानुनी दायरामा ल्याउने, यहाँभित्र बनिसकेका विभिन्न संरचनालाई अन्यत्र सार्ने अनि ३० लाखभन्दा बढी नागरिक बस्ने राजधानीको पर्यावरण जोगाइराख्ने हो भने टुँडिखेल संरक्षण पहिलो प्राथमिकता बन्नुपर्छ।

शिक्षाविद् केदारभक्त माथेमाले अघिल्लो साता मार्टिन चौतारीको एक कार्यक्रममा आक्रोश पोख्दै टुँडिखेल जोगाउने अभियानलाई सत्ता पल्टाउने अभियान नठान्न चेतावनी दिएका थिए। उनीलगायत अगुवा नागरिक यतिबेला 'अकुपाई टुँडिखेल' अभियानमा क्रियाशील छन्। हरेक शनिबार खबरदारी गरिरहेका छन्। यसले अझै बृहत् स्वरूप र लक्ष्य पाउनुपर्छ।

बचेको अलिकति ठाउँ पनि घरहरूले भरिदिने हो भने यो सांस्कृतिक सहर बस्न लायक होला र ?

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १३ पुस २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

## चीन तर्साउने रणनीति

नेपालमा रहेका तिब्बती शरणार्थीलाई सहयोग उपलब्ध गराउनुमा तात्पर्य चीन तर्स्याउने अमेरिकी रणनीति नै हो *(अमेरिकाको तिब्बत कार्ड, १३ पुस)* । अमेरिकाले चिनियाँ सेनाको तिब्बत कब्जापछि भारतमा शरण लिएका दलाई लामा समर्थक र नेपाल आएका तिब्बती शरणार्थीलाई मानवीय सहायताका नाममा सहयोग र खम्पा विद्रोहीलाई हतियार उपलब्ध गराएकै हो ।

नेपालले डेढ दशकअघि अवैध ठहऱ्याएको दलाई लामाको नेपाल प्रतिनिधिको कार्यालयमा अहिलेका मात्रै होइनन्, विगतका अमेरिकी राजदूत पनि जाने गर्थे । उदाउँदो विश्वशक्ति चीनलाई चिढ्याउन अमेरिकाले रणनीतिक रूपमै तिब्बती शरणार्थीलाई सहयोग गर्दै आएको देखिन्छ । नेपालले ०२७ मा खम्पा विद्रोहीलाई नियन्त्रणमा लिइसकेपछि पनि अमेरिकाले तिब्बती शरणार्थीलाई ठूलो सहयोग राशि उपलब्ध गराउँदै आएको छ ।

■ **राधाकृष्ण आचार्य**
*कीर्तिपुर नगरपालिका, काठमाडौं*

## सच्याइएको

१३ पुस ०७६ मा *नेपाल* म्यागजिनमा प्रकाशित 'साताका चर्चित' अंशमा नातिकाजी स्रष्टा सम्मान पाउने व्यक्तिको तस्बिर समरबहादुर मल्लको नभई भुलवश अरू कुनै व्यक्तिको पर्न गएकामा सच्याइएको छ । **– सम्पादक**

## बजारको बहकाउमा पोषणविद्

पोषण विज्ञानको पढाइ सुरुआत भएको जम्मा ७० वर्ष भयो । त्यसअगाडि नै हाम्रा पुर्खाहरूले के खाए स्वस्थ भइन्छ भन्ने जानिसकेका थिए *(पत्रु खान्कीको पासो, ६ पुस)* । खानालाई उसिनेर, भुटेर, बफाएर, टुसा उमारेर खाँदा के-के फाइदा हुन्छन्, गेडागुडीमा टुसा उमारेपछि त्यसको पौष्टिकता झन् बढ्छ भन्ने ज्ञान उनीहरूमा पहिले नै थियो । खाजामा रेसादार पदार्थ भयो भने कब्जियत हुँदैन भन्ने कुराको ज्ञान थियो । पोषण विज्ञानले अहिले त्यही कुरा ठीक हो भनेर ठप्पा लगाएको मात्रै हो ।

पोषण विज्ञान समय-समयमा परिवर्तित भइरहन्छ । घ्यु स्वास्थ्यका लागि ठीक छैन भन्ने कुरा केही वर्षअघि चर्चामा थियो । अहिले घ्युले स्वास्थ्यमा राम्रो असर पुऱ्याउँछ भनेर उनै वैज्ञानिक पोषणविद् भन्दै छन् । 'अन्डाको पहेँलो भागले स्वास्थ्यमा खराबी गर्छ । अन्डाको सेतो भाग मात्र प्रयोग गर्नू भन्ने' पोषणविद् अहिले सेतो-पहेँलो दुवै भाग राम्रो हुन्छ भनिरहेछन् ।

विदेशका वैज्ञानिकले देशको हावापानी, संस्कृति, वातावरण र वर्तमान अवस्थाबारे कहिल्यै पनि छलफल गर्दैनन् । किनभने पोषणविद् पनि बजारबाट प्रभावित छन् । तर केही दिनअघि *बीबीसी*मा प्रकाशित लेखले के सिद्ध गर्छ भने पोषणबारे नेपालका जनस्वास्थ्यविद्ले जे भनेका थिए, त्यो ठीकै रहेछ ।

■ **अरुणा उप्रेती**

## साताका ७ — nepalmag.com.np

**१ कर्णाली जानू, सल्यान नघुमी नफर्कनू** (१५ तस्बिर)
मनमोहक प्राकृतिक छटा । लेखपोखराबाट देखिने सिस्ने हिमाल । पहेँलै तोरीबारी, सुन्तला, हरिया खेत अनि उन्मुक्त गाउँले जीवनको बेग्लै स्वाद । कुपिण्डे ताल अझ सुन्दर । ताल किनारमा सुस्ताउँदाको आनन्द र डुंगा सयर गर्दाको मज्जा नै बेग्लै । सरोज बैजुले खिचेका तस्बिर हेरेपछि तपाईंलाई लाग्नेछ, भ्रमण वर्ष-२०२० मा घुम्ने ठाउँको सूचीमा कर्णालीको सल्यानलाई राख्नैपर्छ ।

**२ नेपालको सहमतिबिनै सीमा क्षेत्रमा भारतीय सडक**
रूपन्देहीको धकधही क्षेत्रसँग जोडिएको भारतीय सीमावर्ती क्षेत्रमा दिनरात डोजर, एस्क्याभेटर, टिपर, रोलरलगायत उपकरणसहित मजदुर कार्यरत छन् । वर्षायाममा नेपालतर्फ पानीको प्राकृतिक बहाव प्रभावित पार्ने गरी भारत सरकारले दसगजानजिकै चार लेनको सडक धमाधम तयार पार्दै छ । भारतीय प्रधानमन्त्री सडक परियोजनाअन्तर्गतको उक्त संरचना निर्माणबारे भारतीय पक्षले नेपाललाई जानकारी गराएको छैन ।

**३ एमसीसीमा के हो अमेरिकी स्वार्थ ? बुझ्नैपर्ने १० विषय**
एमसीसीको वेबसाइटमा यो अनुदानले अमेरिकी हितलाई प्रवर्द्धन गर्ने भनिएको छ । 'यो लगानीले साझेदार मुलुकहरूको स्थायित्व तथा समृद्धिमा सहयोग मात्र होइन, अमेरिकी हितलाई पनि प्रवर्द्धन गर्छ,' वेबसाइटमा भनिएको छ । नेपालको सन्दर्भमा अमेरिकी हितलाई कसरी बुझ्ने ? यो बहस त छँदै छ ।

**४ कुहिरोले पनि छेक्न नसकेको शुक**
गीतकार एवं संगीतकार शुक गुरूङको ५७ वर्षको उमेरमा ६ पुसमा निधन भयो । ०४९ मा अरूण थापाको जिन्दगीको यात्रा एल्बममा रहेको गीत 'दोष कसैलाई दिन चाहन्नँ' गुरूङको पहिलो चर्चित गीत थियो । चर्चित सांगीतिक समूह नेपथ्यका लागि पनि उनले कैयौँ गीत सिर्जना गरेका थिए । नेपथ्यको सिग्नेचर गीत 'छेक्यो छेक्यो देउराली डाँडा' उनैले लेखेका थिए । गुरूङले पछि नेपथ्य छाडे ।

**५ प्रधानमन्त्रीको ट्वीटले जन्माएको जवाफदेहिताको प्रश्न**
प्रधानमन्त्रीको ट्वीटरको पासवर्ड दुरूपयोग कसरी भयो ? कसले गऱ्यो ? सम्भवतः प्रहरी अनुसन्धानको विषय यही हो । तर नेपाल प्रहरीको भनाइलाई आधार मान्ने हो भने यसमा अनुसन्धान सुरू भएकै छैन । यता, प्रधानमन्त्री कार्यालय र प्रधानमन्त्रीको निजी सचिवालयको दाबीलाई मान्ने हो भने प्रहरीलाई अनुसन्धानको जिम्मा दिइसकिएको भनिए पनि दुवै कार्यालयको भनाइमा विरोधाभाष देखिन्छ ।

**६ नो हर्न प्लिज ! (शिशिर वैद्य)**
ध्वनि प्रदूषणले आतंकित सहरका चोकमा 'नो हर्न' का सन्देश बोकेका तुल झुन्डिएका छन् । तर जति ठूला अक्षरमा लेखिएको भए पनि 'नो हर्न' को सन्देशले सहरका मानिसको मनलाई छोएको छैन । कहाँ के झुन्ड्याइएको छ, हेर्ने फुर्सद छैन सहरबासीलाई । 'नो हर्न' अभियान सुरू भएपछि ध्वनि प्रदूषणको मात्रा अप्रत्यासित ओरालो लागेको थियो । तर यो सफलता लामो समय टिकेन । सहर फेरि कोलाहलमय बनेको छ ।

**७ पत्रु र स्वस्थकर खानाको बहस** (अरुणा उप्रेती)
हाम्रा पुर्खाहरूले 'विज्ञान' नबुझ्दै के खाए स्वस्थ भइन्छ भन्ने जानिसकेका थिए । खानालाई उसिनेर, भुटेर, बफाएर, टुसा उमारेर खाँदा के-के फाइदा हुन्छन्, गेडागुडीमा टुसा उमारेपछि त्यसको पौष्टिकता झन् बढ्छ भन्ने जानेका थिए । अहिले पोषण विज्ञानले त्यही कुरा ठीक हो भनेर ठप्पा लगाएको मात्रै हो ।

*सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।*

# आधुनिक नाचघरका परिकल्पनाकार नारायणगोपाल

त्यतिबेला म ललितकला क्याम्पस प्रमुख थिएँ । पेसा छुट्टै भए पनि कला कार्यक्षेत्र भएकै कारण नाचघरमा चित्रसम्बन्धी काम परे नारायणगोपालले मलाई नै बोलाउँथे । उनी नेपाल सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर, जमल) मा कामु महाप्रबन्धक (०३६-०४०) थिए ।



शशि शाह

राष्ट्रिय दिवस, राजारानीको जन्मोत्सव आदिमा नाचघरको आयोजनामा हुने सांस्कृतिक कार्यक्रममा कैयौँपल्ट नारायणगोपालसँगै दरबार पनि गइयो । संगीतका दिग्गज त भइहाले । कलामा पनि गहिरो रूचि राख्थे, नारायणगोपाल ।

गीत, संगीत र नृत्यमा रूचि भएकै कारण सञ्चार मन्त्रालयमा विशेष अधिकृत (करारमा) छँदै ०३० साल कात्तिकमै नारायणगोपालले आफ्नै सम्पादकत्वमा बागीना पत्रिका प्रकाशन थालेका थिए । नारायणगोपाल आफैं भन्थे- बागीना भनेको बाजा, गीत र नाचबारेको जानकारी पाठकलाई पस्किनु हो । बागीना धेरै वर्ष चलेर बन्द भयो ।

नारायणगोपाल चेस र तास भनेपछि हुरूक्कै हुन्थे । मचाहिँ हेरेर मात्र रमाउँथेँ । त्यो बेला अहिलेजस्तो २१ पत्तेवाला तास खेल्ने चलन थिएन । ९ पत्ते खुबै चल्थ्यो । जागिरे समयमा झांगिएको दोस्तीकै कारण नारायणगोपालले कैयौँचोटि मेरो पुरानो घरमा रात बिताएका छन् । हाम्रो घरमा संगीत र कलापारखी टोली जम्थ्यौँ । कुनै बेला त रातभरि पनि खेल्थ्यौँ । नारायणगोपाल धेरै पटक मेरो घर आए तर मलाई आफ्नो घरमा कहिल्यै बोलाएनन् ।

शशि शाह, नारायणगोपाल, कालीदास श्रेष्ठ र संस्कृतिविद् मुनिन्द्ररत्न वज्राचार्य (बायाँबाट क्रमश:)

नारायणगोपाल मुडी र हक्की स्वभावका थिए । त्रिचन्द्रमा आईए पढेर संगीत अध्ययनका लागि गुजरात बडौदाको महाराज सयाजीराव गायकवाड विश्वविद्यालय पनि पुगे । परिसरमै चुरोट खाएपछि उनलाई नोटिस गरेछ, विश्वविद्यालयले । त्यसैको झोकमा बीचमै पढाइ छाडेर नेपाल फर्किए ।

नाचघरमै हुँदा नारायणगोपालले ललितकला क्याम्पसमा संगीत पढाउन थालेका हुन् । उनी क्याम्पस आए पनि कक्षा नलिई हाजिरी गरेरै टाप कस्थे । हामी एकअर्कालाई दाजु-भाइ सम्बोधन गरेर बोलाउँथ्यौं । क्याम्पस प्रमुख भएको नाताले कैयौं पटक नारायणगोपाललाई कक्षा लिइदिन आग्रह गर्थे । केही दिन पढाउँथे । आफूखुसी कक्षा कहिल्यै लिएनन् । पछि त विद्यार्थीले नै नारायणगोपाललाई कक्षा लिनै नपर्ने अवस्था सिर्जना गरिदिए ।

हामीले ०४२ मा नारायणगोपालका निम्ति पिकनिक आयोजना गर्‍यौं, चाँगुनारायणमा । संगीत, कला क्षेत्रका थुप्रै दिग्गज सम्मिलित थिए, पिकनिकमा । रमाइलोका लागि नारायणगोपाललाई गीत फर्माइस गरियो । उनले 'अल्फेछ क्यारे पछ्यौरी, तिम्रो चियाको बुटामा...' गाइदिए । तर गीत पूरा नहुँदै बीचमै छाडिदिए । त्यसपछि 'लौ सुन म भन्छु मेरो रामकहानी...' सुनाए ।

तीन वर्ष ललितकला बसाइमा विभिन्न संघसंस्थाले रकम संकलनार्थ नारायणगोपाललाई अगाडि सारेर सांस्कृतिक कार्यक्रम आयोजना गर्थे । नारायणगोपाल स्वर्णिम सन्ध्या कार्यक्रममा संकलित १ लाख रूपैयाँ क्यान्सर सोसाइटीलाई प्रदान गरिएको थियो । ललितकलामा आगलागी भएर जलेको एउटा कोठाको मर्मतका लागि हामीले त्यस्तै सांस्कृतिक कार्यक्रम चलाउने निधो गर्‍यौं ।

२०-२१ पुस ०४५ मा त्रिवि सन्ध्या सांस्कृतिक कार्यक्रम गर्ने र उठेको रकममध्ये ७५ प्रतिशत ललितकलाको कोठा पुन:निर्माण गरी नारायणगोपाल कक्ष राख्ने निर्णय भयो । टिकट पनि खुबै बिक्री भए । तर नतिजा उल्टो भयो । कारण, बिक्री भएको टिकटको आम्दानीभन्दा खर्च बढी निस्कियो । योजना असफल भएपछि नारायणगोपालले मलाई हकारे । उनको मुड धेरै दिनसम्म बिग्रेको थियो ।

अहिलेको आधुनिक नाचघरको परिकल्पनाकार उनै नारायणगोपाल हुन् । नाचघरलाई विशाल सांस्कृतिक केन्द्र बनाउने गुरूयोजना बनाएको छु भन्थे । सञ्चयकोषको ऋण र रूसी सहयोग मिल्ने निश्चित भइसकेको थियो । महाप्रबन्धकको म्याद थप नहुँदा उनको मनोकांक्षाले साकार रूप लिन पाएन । पछि गणेश रसिक आएपछि मात्र नाचघरले नयाँ रूप पायो ।

**प्रस्तुति : गोकुल अर्याल**

*पोडकास्ट सुन्न* soundcloud.com/nepalmagazine

# प्रवेश

## सोझै




## साताका चर्चित

**रसिला तामाङ**
धाविका

चीनमा सम्पन्न साढे ३ सय खेलाडी सहभागी ट्रेल रेसमा च्याम्पियन ।

**कुलमान घिसिङ**
प्रबन्ध निर्देशक विद्युत् प्राधिकरण

**डा सन्दुक रुइत**
आँखा रोग विशेषज्ञ

२ लाख रुपैयाँ राशिको हेमबहादुर मल्ल पुरस्कार संयुक्त रूपमा प्राप्त ।

**शान्तबहादुर श्रेष्ठ**
पूर्वसचिव

५६ वर्षको उमेरमा निमोनिया संक्रमणका कारण निधन ।

**टीकाराम पोखरेल**
अध्यक्ष, नेपाल ह्याचरी उद्योग संघ

'चिकेन होलिडे' का नाममा अभियान चलाएर मासुको भाउ बढाएकामा आलोचित ।

## मुलुकबाहिर

# सिकाइमा फरक अभ्यास

**कक्षाकोठामा रमाइलो** तरिकाले फरक-फरक क्रियाकलापमार्फत प्रस्तुत हुने शिक्षक, विद्यार्थीदेखि अभिभावकसम्मको प्रिय पात्र बन्छन् । त्यस्तै, स्पेनका विद्यार्थी र अभिभावकको प्रिय पात्र बनिन्, भेरोनिका डुक्य ।

जीवविज्ञानको विषयवस्तु बुझाउन स्पेनिस शिक्षिका भेरोनिका डुक्युले शारीरिक अंग देखिने बडिसुट लगाएर पढाउन थालेकी छन् । शिक्षण पेसामा १५ वर्ष अनुभव बटुलिसकेकी उनले सिकाइ सजिलो पार्न र जीवविज्ञानलाई रोचक बनाउन उक्त सुट प्रयोग गरेकी हुन् ।

यो उनको पहिलो प्रयोग भने होइन । उनले इतिहास बुझाउन इतिहासअनुसारका भेष, व्याकरण बुझाउन त्यसैअनुसारका फरक-फरक कार्ड पहिल्यैदेखि प्रयोग गर्दै आएकी छन् । *न्युयोर्क पोस्टका* अनुसार शिक्षकमा भएको सिकाइप्रतिको धारणामा परिवर्तन ल्याउन उनले यस्ता क्रियाकलाप गर्न थालेकी हुन् ।

'बालबालिकालाई आन्तरिक अंगको स्वभावबारे कल्पना गर्न कति गाह्रो छ भन्ने बुझेपछि यो तरिका उपयुक्त हुन्छ भन्ने लाग्यो', उनले *न्युयोर्क पोस्टसँग* भनेकी छन् । ने

## तथ्यचित्र गैरबजेटरी माग

**बजेटमा समावेश नभएका कार्यक्रमको रकम**

**रू अर्बमा**

- युवा तथा खेलकुद मन्त्रालय — १०.८
- राष्ट्रिय योजना आयोग — ४.७५
- रक्षा मन्त्रालय — ३.६८
- भौतिक पूर्वाधार मन्त्रालय — ३.४६
- सहरी विकास मन्त्रालय — ३.९
- उद्योग मन्त्रालय — १.३१

**रू करोडमा**

- ऊर्जा मन्त्रालय — ७१.४९
- निर्वाचन आयोग — ३९
- गृह मन्त्रालय — ३३.४
- सञ्चार मन्त्रालय — २५.५४
- कृषि मन्त्रालय — १२.२२
- पर्यटन मन्त्रालय — ५.१८
- भूमि व्यवस्था मन्त्रालय — ४.१९
- परराष्ट्र मन्त्रालय — ४.५
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय — १.२३
- वन मन्त्रालय — १.१७

**रू लाखमा**

- संघीय मामिला मन्त्रालय — ३९
- राष्ट्रिय मानव अधिकार आयोग — २०

*स्रोत : अर्थ मन्त्रालय*

## त्यस बखतको **नेपाल**

## मन्त्रालय खारेजीको सुझावबाट सबै अचम्भित

**गठन भएको ५ वर्ष पनि पुग्न** नपाउँदै खारेज गर्ने सिफारिसमा परेको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय हेरेर बसिसकेका सम्बन्धित मन्त्री, कर्मचारी र महिला उत्थानमा सक्रिय व्यक्तिहरू अहिले अचम्भित भएका छन् । ०५७ साल भदौ २१ गतेदेखि कार्य प्रारम्भ गरेको सरकारद्वारा गठित सार्वजनिक खर्च पुनरावलोकन आयोगले आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा यो मन्त्रालयलगायत ३ वटा मन्त्रालय खारेज गर्नुपर्ने हालै सुझाव दिएको छ ।

प्रशासनिक खर्च घटाउने र प्रशासनलाई चुस्त बनाउने नाममा गरिएको यस सुझावले महिला हकहितमा संलग्न कसैलाई पनि चित्त बुझाउन सकेको छैन । हुन त प्रतिवेदनमा यो मन्त्रालय खारेज गरी राष्ट्रिय महिला आयोग गठन गरिने उल्लेख गरिएको छ । तर विगत ५ वर्षदेखि मन्त्रालयले गरेका क्रियाकलापलाई राम्ररी बुझ्ने जोकोहीले मन्त्रालय खारेजीको सिफारिसमा कुनै तुक नभएको बताउँछन् ।

***नेपाल*, १–१५ पुस २०५७**

सुरेश किरण

# माधव नेपालको सडक

हालै पूर्वप्रधानमन्त्री माधव नेपाल आफ्नो क्षेत्रको सडक अवलोकन गर्न बौद्ध-जोरपाटी पुगेका थिए । उक्त क्षेत्रमा सडक बिग्रेको वर्षौं भइसक्यो तर अहिलेसम्म बनाइएको छैन । त्यही नबनाइएको सडक निरीक्षण गर्न उनी त्यता पुगेका थिए । कमरेड नेपाललाई लागेको होला, बिग्रेको सडक हेर्न आफ्नो क्षेत्रको सांसद आएपछि मतदाता खुसी हुनेछन् । तर उल्टो भएछ । यतिविघ्न सडक बिग्रँदा पनि सांसद कहाँ थियौ भन्दै मतदाता त झम्टिन पो आइपुगे । स्थिति झन्डै बिग्रिनेवाला थियो, कमरेड नेपाल गाडीमा सुत्त चढेर फुत्त निक्लिहाले । उनले राम्रै गरे । वास्तवमा मतदातासँग भेट्ने भनेको चुनावका बेला मात्रै हो । अरू बेला भेट्न गए स्थिति के हुँदो रहेछ भन्ने शिक्षा त यसबाट पाइयो नि । अरू सांसदहरूका लागि पनि यो ज्ञानप्रद हुन सक्छ ।

अब यो जोरपाटीबाट साँखु पुग्ने बाटो जो छ, त्यो कमरेड नेपालका लागि सानो बाटो होइन । त्यो भनेको उनको सत्तामा पुग्ने बाटोजस्तै हो । कमरेड माधवको सत्तासम्म पुग्ने बाटो पनि करिब-करिब यस्तै छ । जताततै बिग्रेको, भत्केको, धुलो उडेको । सललल गाडी गुड्ने पिच भनेको कहीं छैन । गाडी एकछिन गुड्यो कि घ्याच्च रोकिइहाल्छ । त्यसमाथि बाटोमा भेटिने मतदाता यस्ता छन् कि देख्यो कि सहयोग गर्ने होइन कि घेरा हालेर संकटमा पार्ने । यस्तो तालको यात्राले कसरी पुगिने हो गन्तव्य ?

# उपेन्द्रपछि राजेन्द्र



अहिले देशमा सम्बन्धको खडेरी छ । कोसँग कसको के सम्बन्ध छ र त्यो कहिले टुट्छ, केही भन्न सकिने अवस्था छैन । समाजमा अहिले त्यस्ता सम्बन्ध अस्तित्वमा आइरहेका छन्, जसको न कुनै नाम छ, न त कुनै नाम दिन मिल्छ । जस्तो, केपी ओली र उपेन्द्र यादवकै सम्बन्धको कुरा गरौं । कुनै बेला यी दुई भनेका नदीका दुई किनारजस्तै थिए । भेटको कुनै सम्भावनै छैन । तर सम्भावना नभएर के भयो, भेट त भयो । भेट पनि यस्तरी भयो कि दुई जनाको सम्बन्धले हेर्दाहेर्दै नयाँ रूप लिन पुग्यो । अर्थात्, सम्बन्ध गाढामाथि गाढा हुँदै गयो । र, स्थिति यहाँसम्म भयो कि दुई जना 'लिभिङ टुगेदर' को रिलेसनमा पुगे । अहिले लिभिङ टुगेदर समाजको 'कमन कल्चर' भइसक्यो । केपी र उपेन्द्र पनि यसबाट मुक्त थिएनन् । यदि दुवै जनाको घरले अनुमति दिएको भए बिहे हुनेसम्मको अवस्था थियो । तर त्यो हुन पाएन ।

सम्बन्ध राम्रै चलिरहेको थियो । तर केही समय 'लिभिङ टुगेदर' मा बसेपछि उपेन्द्रलाई लाग्न थाल्यो कि केपी अचेल केही बदलिएका छन् । उनलाई कम मात्रै ध्यान दिन थालेका छन् । उनले भनेको मान्न पनि छाडेका छन् । भोगविलासको सम्बन्धमा सायद हुने यस्तै हो ।

केपीको स्वभावमा बदलाव आएपछि उपेन्द्र सतर्क हुन थाले, आखिर केपीको चक्कर के हो ? एउटै रूम सेयर गरेर बसेका छौं तर पनि यो बेपर्वाह किन ? पछि खोतल्दै जाँदा थाहा भयो, केपीको आँखा त उपेन्द्रकै बगलवाला राजेन्द्रसँग पो चुम्बकीय शैलीमा आकर्षित भइसकेको रहेछ । कोठामा उपेन्द्र हुँदाहुँदै बाहिरचाहिँ केपी राजेन्द्रसँग नजिक भइसकेका रहेछन् । यसलाई सम्बन्धमा आएको नयाँ मोड भन्नुपर्ला । यस्तो कुरा उपेन्द्रलाई मन पर्ने कुरै भएन । केपीको जिन्दगीमा अर्कै आएपछि उपेन्द्रले पनि चुपचाप रूम त्यागे । केपीको रूम त्यागपछि अहिले उनी पुनः 'सिंगल' भएका छन् । केपीचाहिँ अर्कैसँग लिभिङ टुगेदरमा गएका छन् । केपी-राजेन्द्रको यो नयाँ सम्बन्धचाहिँ कहिलेसम्म चल्छ, त्यो भने अलि पछि मात्रै थाहा लाग्ला ।

# जताततै
# यती

**यो धेरै वर्षअघिको कुरो हो । नेपालको** हिमाली क्षेत्रमा यती भेटियो भनेर विश्वभरि नै हल्ला भयो । कसले देखेको हो, त्यो पनि थाहा छैन । कसले भेटेको हो, त्यो पनि थाहा छैन । हल्ला भने संसारभरि नै फैलियो । हल्ला फैलिएजस्तो साँच्चैको यती भने कसैले देखेको थिएन । तथापि नेपाल 'यतीको देश' भनेर पनि चिनिन थालियो ।

तर त्यतिबेला त्यत्रो हल्ला चल्दा पनि नदेखिएको यती यतिबेला भने हल्लाभन्दा बढ्ता नै देखिन थालेको छ । सगरमाथा त पूरा यती नै यती भइसकेको रहेछ । अहिले त सगरमाथा मात्र होइन, सगरमाथाबाट तल झरेर होटल, रेस्टुरां र रिसोर्टहरूमा समेत देखिइरहेको छ ।

वास्तवमा यतीको अस्तित्व त नेपालमै रहेछ । त्यसबारे मान्छेलाई थाहा मात्रै नभएको रहेछ । सुन्नमा आएअनुसार अहिले यती सरकारी जग्गा, सरकारी हिमाल र सरकारी पहाडसमेत कब्जा गरेर बसेको छ रे । बाहिर मात्र होइन, नेपाल सरकारको भित्री मन्त्रिपरिषद्मा समेत यती व्याप्त छ रे भन्ने पनि सुन्छु म त ।

मान्छेले यती देखिनँ भन्छन् तर यो त देशमा पूरै व्यापक भइसकेको रहेछ । यति व्यापक कि यती अहिले नेताहरूको घरघरमै पुगेको छ भन्दा पनि फरक नपर्ला । यति व्यापक यतीलाई पहिले किन कसैले नदेखेको होला ? म त छक्क परेको छु ।

खैर केही छैन । पहिले नदेखिएको यती अहिले जताततै प्रकट भएको छ । उबेला यतीको खोजीमा निस्केका अनुसन्धाताहरू अबचाहिँ यतीलाई प्रत्यक्ष हेर्न नेपाल दौडिएर आउने हुन् कि ? आए त राम्रै हो । देशमा भिजिट नेपाल वर्ष जो सुरू हुँदै छ ।

[ झटारो ]

# धुवाँधार आत्मालोचना

**लक्ष्मण गाम्नागे**

**सत्ताधारी पार्टी नेकपा स्थायी समिति बैठक एक वर्षपछि यसपालि** बस्यो । नेतृत्वको उछितो काढ्न जिब्रो उध्याएर बसेका स्थायी समिति सदस्यहरू बैठकको सुरुमै अध्यक्षद्वयले पेस गरेको धुवाँधार आत्मालोचना प्रतिवेदन सुनेर हेर्‍याहेर्‍यै भए । यो प्रतिवेदन कुनै विपक्षी दलका नेताले लेखेको हो कि भनेर उनीहरूले शंका पनि प्रकट गरे । तर साना अध्यक्षले 'हामीले नै मिलेर लेखेको हो' भनेपछि होला भन्ठानेर चुप लागे ।

प्रतिवेदनमा अध्यक्षहरूले भनेका छन्, 'हामी दुई-दुई जना अध्यक्ष हुँदा पनि पार्टी एकतालाई पूर्णता दिनसम्म ढिला गरेका छौँ, त्यसका लागि हामी क्षमा गरिनलायक पनि छैनौँ । हाम्रो अस्तव्यस्तता, अस्वस्थता, अकर्मण्य, खिचातानी, गुटबन्दी आदिले गर्दा तीन-तीन महिनामा बस्नुपर्ने स्थायी समिति बैठक बल्ल एक वर्षमा बस्दै छ । हामी अध्यक्षहरूले यति लामो समयसम्म बैठक नराखेर कम्युनिस्ट आन्दोलनको मूल्य-मान्यताविपरीत काम गरेका छौँ । नियमित बैठक बसेर छलफल नहुँदा पार्टी विचारहीनहरूको झुन्डजस्तो भएको छ । पार्टीमा अनुशासन भनेको कुन चरीको नाम हो, थाहा छैन । जसलाई जे बोल्न वा गर्न मन लागेको छूट छ । नेता-कार्यकर्ताहरूमा नैतिकताको खडेरी छ । भ्रष्टाचार, ठगी र बलात्कारजस्ता अपराधमा एकपछि अर्को गर्दै उनीहरू नांगिँदै छन् । पार्टीले एउटा आधिकारिक प्रकाशनसम्म गर्न सकेको छैन । स्कुल विभाग लथालिंग छ । प्रचार-प्रसार र प्रशिक्षणका काम भताभुंग छन् । पार्टीको अवस्था दयनीय छ, कमिटीहरू मृतप्रायः छन् । पार्टी संगठन संस्थागत छैन, गुटगत छ । हामी नै त्यस्ता गुटको नेतृत्व गरिरहेका छौँ । पार्टीभित्र घात, अन्तरघात र अराजकता व्याप्त छ ।'

'सरकारले पनि खासै लछारपाटो लगाएको छैन । अलिअलि सिन्का भाँचेका कुरा पनि पार्टीले प्रचार-प्रसार गर्न सकेको छैन । सुशासन, भ्रष्टाचार नियन्त्रण र सामाजिक सुरक्षाका सवालमा व्यापक जनगुनासा आइरहेका छन् । अस्वाभाविक प्रकारका भ्रष्टाचारका समाचार आइरहेका छन् । सरकारलाई कमजोरीबाट बचाउन हामी दुई-दुई जना अध्यक्ष हुँदा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्न सकिएको छैन । उपनिर्वाचनका बेला गुटबन्दीमा लाग्यौँ र पहिला जितेका ठाउँमा पनि हामीले नै हाम्रा उम्मेदवारलाई हरायौँ भन्नुपर्दा लज्जा अनुभव हुन्छ ।'

'नेपालको भूमि भारतले आफ्नो नक्सामा राख्नु हाम्रा लागि असह्य छ । ६ दशक अगाडिदेखि उसैले कब्जा गरिरहेको जमिनको नक्सा हामी सरकारमा भएकै बेला प्रकाशनमा ल्याउनुमा षडयन्त्रको गन्ध छ । यस सम्बन्धमा हामीले प्रस्ट धारणा राखेर अघि बढ्न नसक्नु आश्चर्यजनक छ ।'

'अन्तमा, तपाईंहरू कसैलाई लाग्ला, यी अध्यक्षहरूले कतै बेहोसीमै आफैँलाई गाली गरेको प्रतिवेदन त लेखेनन् भन्ने ! कम्तीमा म सानो अध्यक्ष यो प्रतिवेदनबाट अत्यन्त सन्तुष्ट छु, ठूला अध्यक्षचाहिँ मैले यो पढेर सुनाउँदा खासै बोल्नुभएको थिएन । त्यसलाई मैले मौन सम्मति ठानेर बैठकमा पेस गरेको हुँ । अब पनि नेतृत्वविरुद्ध कुनै गाली गर्ने ठाउँ बाँकी छ भने सुरु गर्नुस् कमरेडहरू !'

प्रतिवेदन सुन्दा गाली गर्ने ठाउँ बाँकी छैनजस्तो लागेको थियो, समितिका सदस्यहरूलाई । तर स्थायी समितिका स्थायी प्रतिपक्षी नेताहरूले रातभरिमा दुई दर्जन आलोचनाका बुँदा सिर्जना गरेर एक सातासम्म अध्यक्षहरूको सातोपुत्लो उडाएर उनीहरू अलि शान्त भए । आफूले निर्वाह गर्नुपर्ने कर्तव्य नेकपाकै नेताहरूबाट सम्पन्न भएपछि कांग्रेसका नेताहरू पनि ढुक्क भएर एकआपसमै हानाहान गर्न मस्त हुँदा भए ।

# सल्याने मोहनी

**सरोज बैजु**

काठमाडौँबाट करिब ५ सय किलोमिटरको दूरीमा छ, सल्यान। यहाँको प्राकृतिक छटा मनमोहक छ। लेखपोखराबाट देखिने सिस्ने हिमालको वर्णन गरिसाध्य छैन। पर्यटकहरू यो हिमशृंखला देखेर मुग्ध हुन्छन्। पहेँलपुर तोरीबारी, सुन्तला, हरिया खेत अनि उन्मुक्त ग्राम्य जीवनको स्वाद नै बेग्लै।

अझ यहाँ रहेको कुपिण्डे तालको सुन्दरता बयान गर्न शब्दहरूको सामर्थ्य पुग्दैन। ताल किनारमा सुस्ताउँदाको आनन्द त छँदै छ, डुंगामा बसेर सयर गर्दाको मज्जा नै बेग्लै। डुंगामा ताल फन्को मारेको सय रुपैयाँ पर्छ भने थोरै भाग घुमेर फर्कन प्रतिव्यक्ति ५० रुपैयाँ। परिवार र साथीभाइ मात्रै बसेर एक घन्टाका लागि ताल घुम्ने हो भने ट्वाक्कै ५ सय रुपैयाँ तिर्नुपर्ने हुन्छ। भ्रमण वर्ष-२०२० मा घुम्ने सूचीमा कर्णाली प्रदेशको सल्यानलाई नछुटाउनु होला। ने

^ साँखुदेखि सिंहदरबारका कर्मचारी लिएर आउँदै गरेको एकीकृत परिवहन

# सिंहदरबारकै सवारीमा झेली

## मनखुसी रूटमा चलाउने र कमिसनका लागि भाडामा गाडी लिने प्रवृत्ति

**सुनिता लोहनी**

नेपाल सरकारले १९ असार ०६६ मा गरेको निर्णयअनुसार सिंहदरबार र आसपास कार्यालयका कर्मचारीलाई परिवहन (गाडी) सुविधा दिने भयो। फलस्वरूप एकीकृत परिवहन सेवा सञ्चालन भयो। तर सबै मन्त्रालयका कर्मचारी बोक्ने गाडी सम्बन्धित मन्त्रालयले आफूखुसी प्रयोग गर्न थालेपछि थुप्रै कर्मचारीले सार्वजनिक सवारी नचढी धरै पाउँदैनन्।

एकीकृत परिवहन सेवामा हाल ८ गाडी मात्र छन्। जबकि भाडा गाडीसहित सिंहदरबार र आसपास क्षेत्रका लागि जम्मा ३१ वटा गाडी छुट्याइएका थिए। सामान्य प्रशासन मन्त्रालय भने जम्मा २६ गाडी मात्र सञ्चालन गरेको छ। त्यसमध्ये १३ वटा गाडी भाडाका हुन्।

सरकारी तथा संस्थान सवारी चालक एसोसिएसन, विभागीय कार्यसमिति गृह मन्त्रालयका अध्यक्ष ताराप्रसाद अर्याल भन्छन्, "एकीकृत परिवहन सेवा सबै कर्मचारीका लागि हो। तर गाडी भाडामा लिएर चलाइरहेका निकायले आफूखुसी आफ्ना कर्मचारी मात्रै बोक्न थालेका छन्।"

कर्मचारी समयमै कार्यालय आऊन् र दिनानुदिन काममा कुनै अवरोध नहोस् भन्नका लागि परिवहन सुविधा ल्याइएको हो। सरकारले ०६६ को निर्णय कार्यान्वयन गराउन संघीय तथा सामान्य प्रशासन मन्त्रालयलाई जिम्मेवारी दियो। १९ पुस ०६९ मा सामान्य प्रशासन मन्त्रालयका सचिव दुर्गानिधि शर्माको अध्यक्षतामा परिवहन सेवालाई व्यवस्थित गर्ने निर्णय भयो। त्यसमा सञ्चालनयोग्य सवारी र सिट संख्या विवरण राख्नुपर्ने, रुट निर्धारण गर्ने, एकीकृत सेवा लिने कर्मचारी र चढ्ने स्थानको विवरण राख्नुपर्ने उल्लेख छ।

यस्तै, एकीकृत परिवहन सेवाका लागि प्रत्येक मन्त्रालयले कम्तीमा शाखा अधिकृत स्तरको कर्मचारी तोक्ने र निजको सम्पर्क नम्बरसमेत राख्नुपर्ने व्यवस्था छ। तर २

महिनाअघि सामान्य प्रशासन मन्त्रालयअन्तर्गत आन्तरिक व्यवस्थापन शाखाका अधिकृत आनन्ददेव सुवेदीको निधनपछि परिवहनका सम्पूर्ण काम रोकिएका छन् ।

सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता भूपाल बराल परिवहन कार्यान्वयनमा नआउनुको कारण चालक, गाडी र बजेट अभावलाई इंगित गर्छन् । भन्छन्, "अन्य निकायले छुट्टै चलाए भने जबर्जस्ती गर्ने अधिकार सामान्य प्रशासन मन्त्रालयसित छैन । उनीहरूले किन चलाए, म बुझ्छु ।"

सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको कल्याणकारी कोषका एक कर्मचारी दक्षिणकाली रुटमा गाडी चलाउन ११ वर्षदेखि प्रयास गरिरहे पनि सफल नभएको सुनाउँछन् । भन्छन्, "यही रुटमा मात्रै ६९ कर्मचारी बस्छन् । कहिले गाडी किन्ने बजेट छैन भनेर टारिन्छ, कहिले के ।"

प्रवक्ता बराल भने कर्मचारी रुटको गाडी कुर्नुभन्दा आफ्नै निजी सवारीमा आउन रुचाउने दाबी गर्छन् । कल्याणकारी कोषका कर्मचारीको जस्तै गुनासो छ, आन्तरिक व्यवस्थापन शाखाकी महिला कर्मचारीको । आन्तरिक व्यस्थापन शाखाका उपसचिव जगतप्रसाद भुसालले सामान्य प्रशासनको काम समन्वय मात्र गरिराख्ने हो भनिरहँदा महिला कर्मचारीले कीर्तिपुरसम्म जाने गृह मन्त्रालयको गाडी दक्षिणकालीसम्म लगिदिए सहज हुने भन्दै गुनासोसहितको सुझाव पोखिन् । भुसाल भन्छन्, "रुट तयार गर्ने, नियमन गर्ने, कर्मचारीलाई तत्-तत् ठाउँबाट उठाउने, सवारीको स्वामित्व सम्बन्धित मन्त्रालयमै रहन्छ, यसले समन्वय मात्र गर्ने हो । सम्बन्धित मन्त्रालयको गाडी यता र उता लैजाऊ भन्ने अधिकार छैन ।"

०६६ को निर्णयअनुसार प्रस्तावित रुटमध्ये कुन समावेश गर्दा उपयुक्त हुने र बस छुट्ने स्थान कहाँ राख्दा उचित हुने भनी निर्णय गर्ने अधिकारसमेत सामान्य प्रशासन मन्त्रालयले पाएको छ ।

विगतमा तेललगायत सम्पूर्ण विषय आन्तरिक व्यवस्थापन शाखाले र गुनासो मात्र कल्याणकारी शाखाले हेर्ने हुँदा समस्या समाधान हुन सकेन । त्यसैले सबै जिम्मेवारी भदौ ०७५ पछि आन्तरिक व्यवस्थापन शाखालाई दिइयो । त्यसअघि गाडी चढ्न नदिएको भनेर गुनासो आउने गरेको एक कर्मचारी सुनाउँछन् । भन्छन्, "बजेट छैन, अर्थ मन्त्रालयले गाडी किन्न सक्दैन । सम्बन्धित मन्त्रालयले गाडी भाडामा लिन्छन् र आफ्नो समस्या टरिहालेपछि अरूको मतलब गर्दैनन् । सबैले आफ्नै तालले चलाइरहेकाले यथेस्ट जानकारी हामीसित पनि छैन ।" निवदेन दिए पनि सुनुवाइ भने नहुने कर्मचारीको गुनासो छ ।

०६६ मा भाडासहितका १२ वटा गाडी थिए । गृह मन्त्रालयले ८ वर्षअघि टाटाका गाडी २८ लाख ३५ हजार रुपैयाँमा किनेको थियो । अनुदानका गाडी पनि चल्तीमा छन् । हाल टाटा, आयसर र महिन्द्राका गाडी चलिरहेका छन् ।

सामान्य प्रशासन मन्त्रालयमा चलिरहेको एउटा गाडी जापानले अनुदान दिएको हो । एकीकृत परिवहन सेवाका चालक भन्छन्, "सरकारी रुटका गाडी एकीकृत परिवहन सेवाबाट निकालेर आफ्नो हिसाबले कर्मचारी बोकिरहेका छन् ।"

यसरी भाडामा सवारी साधन लिने निकाय र मन्त्रालयमध्ये अग्रस्थानमा महालेखा परीक्षकको कार्यालय छ । उसले ४ वटा गाडी चलाइरहेको छ । त्यसपछि शिक्षा मन्त्रालयले ३, अर्थ, स्वास्थ्य र संघीय मामिला तथा स्थानीयले २-२ वटा भाडाका गाडी चलाइरहेका छन् ।

परिवहन चालकका अनुसार पहिला गाडी ४० वटा थिए । सामान्य मर्मत गरे पुग्ने ती गाडी बिग्रेको भन्दै थन्काएर कमिसनको लोभमा आफूखुसी चलाएका छन् । यस्तै, मन्त्रालयले सरकारी गाडीलाई निजी बनाएको पनि उनीहरूको आरोप छ । चालक भन्छन्, "मन पर्ने कर्मचारी जहाँ छन्, त्यस रुटको गाडी व्यवस्थापन गर्छन्, अन्यलाई बेवास्ता गर्छन् ।" ०६६ को निर्णयअनुसार तोकिएको २२ वटै रुटमा गाडी चलाउनुपर्छ ।

गृहका चालक नानीकाजी थापा सिंहदरबार-साँखु रुटको गाडी चलाउँदा आफूले कोचाकोच गरी कर्मचारी ल्याउने गरेको बताउँछन् । भन्छन्, "मेरो गाडीमा कर्मचारी अटाई-नअटाई हुन्छन् । सँगै अन्य मन्त्रालयका गाडी ८/१० जना कर्मचारी बोक्न त्यही पुग्छन् । अन्य मन्त्रालयका कर्मचारी चढ्न खोजे रोक्छन् ।"

एकीकृत परिवहन सेवामा समावेश नगराइएका सवारी साधनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको एउटा गाडी

"अन्य निकायले छुट्टै चलाए भने जबर्जस्ती गर्ने अधिकार सामान्य प्रशासन मन्त्रालयसित छैन । उनीहरूले किन चलाए, म बुझ्छु ।

**– भूपाल बराल**
प्रवक्ता, सामान्य प्रशासन मन्त्रालय

छ । यस्तै, परराष्ट्र मन्त्रालयका ३ वटा बस तथा २ वटा माइक्रो र वन मन्त्रालयका ४ गाडी छन् ।

यस्तै, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयका २, लोकसेवा आयोगका ३, रेडियो नेपाल, महालेखा परीक्षकको कार्यालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका १/१ वटा गाडी छन् । सर्वोच्च अदालतका ४ वटा र विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत सूचना प्रविधि विभागको १ वटा गाडी छ ।

एकीकृत परिवहन सेवाअन्तर्गत गृहका २, सामान्य प्रशासनका ३, सूचना तथा सञ्चार, जनसंख्या तथा वातावरण, शान्ति तथा पुनर्निर्माण मन्त्रालय र राष्ट्रिय योजना आयोगका सचिवालयका १/१ गाडी चलिरहेका छन् ।

स्रोतका अनुसार १३ वटा भाडाका गाडीलाई नियमित वार्षिक खर्च १ करोड १९ लाख रुपैयाँ लाग्ने गरेको छ । दस वर्षे अवधिको मात्र हिसाब गर्दा १ अर्ब १९ करोड रुपैयाँ हुन आउँछ । अर्थ मन्त्रालयबाट निकासा हुने यो पैसामा सबै कर्मचारीले सुविधा पाउनु त परको कुरा, बजेटको दुरुपयोग भएको छ । सिंहदरबारमै विधिको शासन कायम गर्न नसकेको सरकारले देशभर कसरी गर्ला ?

# विप्लव विद्रोहमा विचलन

## प्रहरी गिरफ्तारीको त्रासले समूह परित्यागको बाटोमा नेता-कार्यकर्ता

**दुर्गालाल केसी**/दाङ

राजपुर गाउँपालिका-३ करंगाकी मीना विकले पति वीरबहादुर विकलाई नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको माओवादी समूहले बेपत्ता बनाएको भन्दै खोजी गरिदिन मानव अधिकार आयोगलगायत विभिन्न संघसंस्थामा अनुरोध गरेकी छन् । पतिले विप्लव समूहको गढवा क्षेत्रको युवा संगठनको जिम्मेवारी लिएको र १/२ महिनाको अन्तरमा मात्रै घरमा आउने गरेको उनले बताएकी छन् ।

"३० असोज बिहान झिसमिसेमा श्रीमान् घर आउँदा केही बेर बसेर घरायसी कुरा गरिरहेका बेला कसैको फोन आयो," मीना भन्छिन्, "पार्टीका साथीहरूले बोलाएका छन् भनेर निस्कनुभएको थियो । त्यसपछि सम्पर्कमा हुनुहुन्न ।" उक्त दिन विप्लव समूहका धेरैजसो नेता पक्राउ परेकाले प्रहरीलाई सूचना दिएको आरोपमा पतिलाई बेपत्ता पारिएको उनको अनुमान छ ।

घटनापछि चन्दले पार्टीको राप्ती ब्युरो बैठक तथा राजनीतिक प्रशिक्षण भइरहेको स्थानमा हस्तक्षेप गरेको जनाउँदै जारी गरेको विज्ञप्तिमा हरेक गद्दारी, ठक्कर र बलिदानीबाट विचलित नहुने दाबी गरेका छन् । विप्लव समूहका २१ नेता-कार्यकर्ता प्रहरीले पक्राउ गरेको एक महिनापछि दाङ र कपिलवस्तुको सीमा क्षेत्रबाट आधुनिक हतियारसमेत फेला पर्‍यो ।

प्रहरीले विल्पव समूहका उच्च तहका नेताहरू पक्राउ गरी ठूलो परिणाममा हतियार पनि बरामद गर्दा विप्लव समूहका गतिविधि नियन्त्रणमा आएको जिल्ला प्रहरी प्रवक्ता डीएसपी विनोदविक्रम शाहको दाबी छ । शाहका अनुसार विप्लव समूहसँग लुकाइराखेको ५ थान एसएमजी राइफल, १३ थान राइफलको म्यागिजन, राइफलमा प्रयोग हुने ३ सय ९० राउन्ड गोलीलगायत सामग्री बरामद भएको थियो ।

^ ०७१ पुस २३ देखि २६ सम्म दाङको तुलसीपुरमा भएको पहिलो सम्मेलनमा सहभागी विप्लव समूहका नेता-कार्यकर्ताहरू । मसाल बालेर कार्यक्रम उद्घाटन गर्दै नेत्रविक्रम चन्द (इन्सेटमा)

### राजीनामाको लहर

विप्लव समूहका अधिकांश नेता-कार्यकर्ताले प्रहरीले पक्राउ गरिसकेपछि हिरासतमै रहेका बेला राजीनामापत्र लेख्ने गरेका छन् । यसलाई कतिले प्रहरीबाट उन्मुक्ति पाउने रणनीतिका रूपमा पनि लिएका छन् भने कतिले साँच्चिकै विप्लव समूहको गतिविधि उचित नलागेर छाडेको बुझेका छन् । तर प्रहरीबाट छुटेकामध्ये निकै कमले मात्रै फेरि विप्लव समूहमा सहभागिता जनाएका छन् ।



श्री राष्ट्रिय मानव अधिकार आयोग,
५ नं. प्रदेश शाखा कार्यालय नेपालगन्ज ।

विषय:-मेरो श्रीमानको यथा सक्य छिटो खोज तलास गरी जिवन रक्षा गरीपाऊँ ।

उपरोक्त सम्वन्धमा म निवेदिका जिल्ला दाङ राजपुर गाँउपालिका वडा नं. ३ स्थित करंगामा

मिति २०७६।०२।२४ गते

श्रीमान अध्यक्ष ज्यू,
श्री पत्रकार महासंघ कार्यालय, घोराही, दाङ ।

विषयः- पार्टीमा संलग्नता नरहेको/नरहने बारे।

महोदय,

प्रस्तुत बिषय सम्बन्धमा यो छ कि म बिरबल वली लामो समयदेखि शिक्षण पेशामा रहँदै आएको र उक्त समयमा शैक्षिक तथा पेशागत मागसँग सम्बन्धित ट्रेड युनियन ऐन र श्रम मन्त्रालयमा दर्ता भएको शिक्षक महासंघमा आवद्ध रहेको नेपाल कम्युनिष्ट पार्टी (विप्लव) निकट "शिक्षक संगठन"मा बिगत ३/४ वर्ष पहिले सदस्यता लिई आवद्ध रहेको र सो को सदस्य रही वि.सं. २०७३ सालदेखि वि.सं. २०७४ सालसम्म सो संगठनको सल्लाहकार सदस्य थिएँ र हाल सो संगठन वा नेपाल कम्युनिष्ट पार्टी (विप्लव) निकट कुनै पनि समुहमा संलग्न छैन तर तत्काल सो संगठन मार्फत पार्टीको निति र विचार समर्थित भएको रहेतापनि हाल आएर उक्त विप्लव समुहले नेपालको संबिधान, ऐन, कानुन विपरितका कार्य गर्ने, आम जनसमुदायमा डर त्रास उत्पन्न गराउने, जबर्जस्ती चन्दा संकलन गर्ने जस्ता गैहकानुनी काम-कारवाही गरेको, सर्व साधारण जनताको धन सम्पत्तिमा आगजनि गरी ज्यानै समेत लिने जस्ता क्रियाकलाप गरेकोले, उक्त समुहको निति, विचार एउटा रहने र राजनैतिक क्रियाकलाप अर्कै गरिरहेकोले र मेरो शारीरिक अवस्था विगत केही वर्षवता मुटुरोग, प्रेसर, अल्सर, टाईफाईड, युरिक एसिड जस्ता रोग समेतले ग्रसित भई म मेरो शिक्षण पेशा र स्वास्थ्य उपचार गर्दै आएको छु, यस समयमा सरकारले उच्च निगरानी राखेको अवस्थामा म नेपाल कम्युनिष्ट पार्टी (विप्लव) निकट कुनै पनि समुहमा संलग्न हुने छैन, यदि कहिं कतै देशको संबिधान, ऐन कानुन विपरित कार्य गर्‍ै गराएमा प्रचलित कानुन बमोजिम सजाय भोग्न तयार छु भनि उक्त पार्टीमा संलग्न नरहने आधिकारिक रुपमा प्रेस विज्ञप्ती जारी गरेको छु ।

निवेदकः-

जिल्ला दाङ घोराही उपमहानगरपालिका वडा नं. १३ बनगाउँ बस्ने परविर वलीको नाति कमल बहादुर वलीको छोरा वर्ष ३६ को बिरबल वली
९७४८५००१५४

^ विप्लव समूहले आफ्नै कार्यकर्ता वीरबहादुर विकलाई सुराकीको आरोपमा बेपत्ता बनाएको भन्दै पत्नी मीना विकले मानव अधिकार आयोगमा पेस गरेको निवेदन र जिल्ला प्रहरी कार्यालय दाङको थुनामा रहेकै बेला पार्टी परित्याग गरेको भनी नेकपा नेता वीरबल वलीको प्रेस विज्ञप्ति

कतिले सामान्य जीवनयापन गरेका छन् भने कतिले सूचना दिएर प्रहरीलाई नै सहयोग गरिरहेका छन् ।

विप्लव समूहका घोराही उपमहानगर इन्चार्ज रहेका सहदेव थारुले लामो समय हिरासतमा बसेपछि पार्टी परित्याग गरेको घोषणा गरे । विगतको १० वर्ष सशस्त्र द्वन्द्वमा समेत माओवादी तर्फ रहेका थारुले अहिले एक पटक प्रहरीले पक्राउ गर्दैमा कसरी पार्टी छाडे त ? यो उनको बाध्यता हो या पार्टीमा सुरक्षित तरिकाले राजनीति गर्ने रणनीति ?

"श्रीमती बिरामी भएकाले घरमा हेरचाह गर्ने कोही भएन । लामो समय थुनामा बस्दा घर लथालिंग भयो," नेकपा घोराही इन्चार्जबाट राजीनामा दिएका थारु भन्छन्, "मेरो आफ्नै समस्या भएकाले पार्टीबाट राजीनामा दिनु परेको हो । अहिले घरकै काममा ध्यान दिइरहेको छु । तत्काल फेरि राजनीतिमा लाग्ने विचार छैन ।"

थुनाबाट उन्मुक्ति पाइने र प्रहरीले फेरि पक्राउ गर्ने त्रासबाट बचिने आशाका साथ विप्लव समूहका नेताहरूले आफ्नो घरायसी कारण देखाई पार्टी छाडेको विज्ञप्ति जारी गरिरहेका छन् । बंगलाचुली गाउँपालिका इन्चार्ज शशिधर दमाई पनि पार्टी परित्याग गरेको विज्ञप्ति निकालेर प्रहरीबाट छुटे । यसैगरी नेकपा निकट शिक्षक संगठनको सल्लाहकार

तस्बिरहरू : दुर्गालाल केसी

^ ३० असोजमा दाङको राजपुरबाट २१ नेताहरू नियन्त्रणमा लिँदा प्रहरीबाट बरामद हतियार र अन्य सामग्री

रहेका घोराही-१३ वनगाउँका वीरबल वलीले पनि पार्टी परित्याग गरेको विज्ञप्तिमार्फत प्रहरी हिरासतबाट मुक्ति पाए । ६७ दिनको नियन्त्रणबाट मुक्ति पाएका वली प्रहरीले नै जबर्जस्ती राजीनामापत्र बनाइदिएको दाबी गर्छन् । "लामो समयदेखि प्रहरी नियन्त्रणमा रहेकाले मेरो स्वास्थ्य अवस्था नाजुक छ । दाङ, रोल्पा, प्युठान घुमाएर मलाई दुःख दिने काम भयो," उनी भन्छन्, "प्रहरीले पार्टी छाडेको राजीनामापत्रमार्फत बदनाम गर्न खोज्यो । अरू कुरा आफैँ बुझ्नुस् ।"

अदालतले थुनामुक्त गर्न आदेश दिँदा पनि प्रहरीले अनेक मुद्दा लगाएर फेरि पक्राउ गर्ने र दुःख दिन थालेपछि नेताहरू राजीनामाको रणनीतिमार्फत प्रहरीबाट उन्मुक्ति पाइरहेका छन् । चन्दपछि दोस्रो वरीयतामा रहेका खड्कप्रसाद विश्वकर्मालाई पनि प्रहरीले देशका विभिन्न भागमा पुर्‍याएर मुद्दा चलाएको थियो ।

प्रहरीको रणनीति पटक-पटक पक्राउ गरेर तनाव दिने र अन्त्यमा पार्टी छेड्न बाध्य पार्ने देखिन्छ भने विप्लव समूहका नेताहरू लामो समय थुनिनुभन्दा राजीनामाको विज्ञप्ति निकालेर छुटकारा पाउने मनसायमा देखिन्छन् । प्रेस विज्ञप्ति जारी गरेर पार्टी छाडेको घोषणा गरेपछि सबैले थाहा पाउने, पार्टीसम्म कुरो पुग्ने र उनीहरूलाई पनि नैतिक दबाब हुने भएकाले पहिलेजस्तै सक्रिय हुँदैनन् कि भन्ने आश प्रहरीको देखिन्छ । यो रणनीतिमा प्रहरी सफल पनि देखिन्छ ।

## ध्वस्त आधार इलाका

विप्लव समूहले क्रान्तिका लागि आधार इलाका साविक राप्ती अञ्चललाई नै मानेको छ । उसले वर्गीकरण गरेका जिल्लामध्ये राप्तीका सबै जिल्ला 'क' वर्गमा पर्छन् । आफ्नो प्रभावका आधारमा हरेक जिल्लालाई 'क' देखि 'घ' श्रेणीमा विभाजन गरिएको छ । विप्लव समूह स्रोतका अनुसार 'क' श्रेणीमा २०, 'ख' मा ३७, 'ग' मा १४ र 'घ' मा ६ जिल्लालाई राखिएको छ । दाङ, रोल्पा, प्युठान, रुकुम र कालिकोट उनीहरूले मुख्य आधारभूमि मानेका छन् ।

विगत द्वन्द्वमा तत्कालीन विद्रोही माओवादीका चर्चित र भरपर्दो आधार इलाका थियो, रोल्पाको थबाङ । माओवादी शान्ति प्रक्रियामा आएपछि पनि विद्रोही भूमिकामै रहेर फरक चरित्र देखाउने यो गाउँलाई नै चन्दले पहिलो केन्द्र बनाएका थिए । सुरुमा पुष्पकमल दाहाल नेतृत्वको माओवादीबाट छुट्टिएर मोहन वैद्यले अर्को पार्टी खडा गर्दा थबाङ पूरै वैद्यको पछि लाग्यो । थबाङका अगुवा सन्तोष बुढा मगर यही पार्टीमा भएकाले गाउँ दाहालविरोधी खेमामा उभियो । दाहालले सत्तामा गएपछि विगतका आधार इलाका र जनतालाई भुलेको भन्दै उनीहरू आक्रोशित थिए, जसका कारण दाहाल लामो समय थबाङ जान नै सकेनन् । ०७० को संविधानसभा निर्वाचनमा शून्य मतदान गरेर उनीहरूले दाहालविरुद्धको आक्रोशलाई सार्वजनिक रूपमा व्यक्त गरेका थिए ।

चन्द नेतृत्वको पार्टी भएपछि थबाङ फेरि पनि विद्रोही समूहतिर लाग्यो । चन्दले थबाङमै बैठक राखेर आफ्नो आधार इलाका बचाइराख्ने प्रयास गरे तर स्थानीय निर्वाचन वहिष्कार योजना सफल हुन सकेन । कुनै एक राजनीतिक आदर्शका नाममा एकजुट हुँदै आएको थबाङलाई स्थानीय तह निर्वाचनले विभिन्न पार्टीमा विभाजन गरिदियो । थबाङ पहिलोपल्ट बहुदलीय प्रतिस्पर्धामा गयो ।

चन्द नेतृत्वको नेकपा निकट विद्यार्थी संगठनका केन्द्रीय सदस्य तथा पार्टी जिल्ला सदस्य अमित घर्ती मगर गाउँपालिका अध्यक्षमा निर्वाचन उठेका थिए । उनी अहिले राजपुरमा पक्राउ परे । गाउँपालिका अध्यक्षमा माओवादी केन्द्रका वीरबहादुर घर्ती १ हजार ९ सय ९० मत ल्याएर विजयी भए भने घर्तीले १ हजार ५७ मत ल्याए । स्वतन्त्र उम्मेदवारी दिएका विप्लव निकट नेताहरूले वडा-१ मा मात्रै आफ्नो पकड जमाउन सफल भएका थिए । अरू सबै वडामा माओवादी केन्द्रले आफ्नो पुरानो साख फर्कायो । वडा-१ को अध्यक्षमा चन्द निकट स्वतन्त्र उम्मेदवार फर्कबहादुर बुढा तथा सदस्य लकअप बुढा, भद्रकुमार झाँक्री, मनपरी बुढा र जितकुमारी विक विजयी भएका थिए । वडा-१ थबाङको पुरानो गाउँ हो ।

चन्द पक्षले गाउँपालिका प्रमुख नै नजिते पनि एक वडा जितेकाले पुरानो थबाङ गाउँमा आफ्नो प्रभाव रहेको दाबी गरिरहेको छ । उक्त प्रभाव देखाउन एक पटक गाउँपालिका अध्यक्षलाई अपहरण नै गरेका थिए । वडाध्यक्षको निधनपछि सम्पन्न उपनिर्वाचनमा विप्लव समूहले थबाङ-१ मा भद्रकुमार झाँक्रीलाई स्वतन्त्र उम्मेदवार बनाएको थियो तर आलोचित भएपछि अन्त्यमा उम्मेदवारी फिर्ता लिन लगायो ।

विप्लव समूहले आधार इलाका ठानेर थबाङमै ५-८ फागुन ०७३ सम्म आठौँ महाधिवेशन सम्पन्न गरेको थियो । १ फागुनमा काठमाडौँमा उद्घाटन गरिएको महाधिवेशन आधार इलाका ठानेरै थबाङ लगिएको थियो । त्यही महाधिवेशनबाट नेकपा माओवादीको नाम परिवर्तन गरी नेकपा मात्रै राखिएको हो । ने

# सत्ता हिन्दु अतिवादमा,

[विश्लेषण]

अमिषराज मुल्मी

यो वर्ष निर्मित सिनेमा *पीएम नरेन्द्र मोदीमा* मुख्य भूमिका खेलेका विवेक ओबरोय हात फैलाउँदै भन्छन्, 'मेरो गुजरात जलिरहेछ।' पृष्ठभूमिमा सन् २००२ को गुजरात दंगाका दृश्य छन्। यो दृश्य यथार्थ हो या केवल नाटकीयता, भन्न सकिन्न। सिनेमाजस्ता विधामा नाटकीयता सामान्य मानिन्छ।

नागरिक संशोधन ऐन (सीएए) विरुद्धका प्रदर्शनमा भारत जल्दै गर्दा प्रधानमन्त्री मोदीले दिल्लीमा आयोजित एक र्‍यालीलाई सम्बोधन गर्दै सो ऐनले कुनै पनि भारतीयलाई असर नपुर्‍याउने बताए। 'विपक्षीले यो मुद्दालाई राजनीतिकरण गर्दै छन् र ऐनबारे भ्रम फैलाइरहेका छन्।...भारतीय राष्ट्रिय नागरिक रजिस्ट्र (एनआरसी) बारे पनि भ्रम छन्। सर्वोच्च अदालतको आदेशबमोजिम असममा एनआरसी लागू गरिएको हो। समग्र देशमा लागू गर्ने गरी कुनै नियम बनाइएको छैन, संसद्मा दर्ता गरिएको छैन। भारतमा कुनै किसिमको डिटेन्सन सेन्टर छैन।...मुसलमानहरूलाई बहकाइँदै छ।'

मोदीले यो सम्बोधन गरेको केही समय बित्न नपाउँदै सामाजिक सञ्जालमा गृहमन्त्री अमित शाहको मन्तव्यको भिडियो भाइरल बन्यो, जहाँ उनले भनेका छन्, 'पहिले हामी नागरिक संशोधन ऐन पास गर्छौं र छिमेकी मुलुकबाट आएका शरणार्थीलाई भारतीय नागरिकता दिने प्रबन्ध मिलाउँछौं। त्यसपछि एनआरसी बनाउँछौं र हाम्रो मातृभूमिमा घुसपैठ गर्ने प्रत्येकको पहिचान गरेर देश निकाला गर्छौं।' त्यति मात्र होइन, सात डिटेन्सन क्याम्प निर्माण भइसकेको र असमस्थित ६ क्याम्पमा २८ जनाको ज्यान गइसकेको भारत सरकारले नै राज्यसभालाई जानकारी दिएको छ।

भारतीयले कसलाई पत्याउने ? एनआरसी आफूले नभई कंग्रेसले ल्याएको र त्यो देशका सबै ठाउँमा लागू नहुनेमा जोड दिइरहेका प्रधानमन्त्रीलाई विश्वास गर्ने ? वा शाहलाई विश्वास गर्ने, जो भन्दै छन्, 'सर्वोच्च अदालतको आदेशअनुसार असममा एनआरसी प्रक्रिया अघि बढाइयो। अब देशभरि प्रक्रिया सुरु भएपछि असममा फेरि सुरु गर्छौं।'

सीएए र एनआरसीविरुद्ध भारतभरि भइरहेका प्रदर्शनका बहुआयाम छन् र सबै आयामलाई नेपालका विश्लेषकहरूले समेट्न सकेका छैनन्। पहिले असमको विषयलाई हेरौं, असमको एनआरसी प्रबन्धमा १९ लाख असमवासीले आफू २४ मार्च १९७१ भन्दाअघि भारतमा बसोबास गरेको प्रमाण पेस गर्न सकेनन्। उत्तरपूर्वी भारतमा अवैध रूपमा प्रवेश गर्ने सिलसिला सन् १९४७ देखिकै हो। त्यस भेगका स्थानीय जनजातिले यसको विरोध गर्ने गरेका छन्। एक विश्लेषकले लेखे, '१९८० को दशकमा उछालिएको असम-राष्ट्रवाद र सँगै उठेको बोडो राष्ट्रवादी आन्दोलन यस्तै मुद्दामा केन्द्रित थियो।' २०१३ मा सर्वोच्चको आदेशअनुसार लागू एनआरसीले यी समस्यालाई सम्बोधन गर्ने अपेक्षा थियो। भाजपाले यसैलाई मुख्य मुद्दा बनाएर पहिलो पटक २०१६ मा असम राज्यको चुनाव जित्यो।

तर भाजपाले नागरिक संशोधन ऐन संसद्मा दर्ता गराउँदा हिन्दु, सिख, बौद्ध, पारसी, इसाई धर्मावलम्बीका लागि १९७१ भन्दाअघि भारत आइसकेको हुनुपर्ने भन्ने ठाउँमा २०१४ अघि भारत प्रवेश गरेको हुनुपर्ने भन्ने प्रावधान राख्यो। १९७१ भन्दा पछि आएका विदेशी नागरिकलाई निकाला गरिनुपर्ने प्रावधानसहितको १९८५ को असम-सम्झौतासँग प्रस्तुत ऐन बाझिएको असमवासीको बुझाइ छ। स्थानीय पत्रकारका अनुसार प्रस्तुत ऐनको आडमा बंगलादेशबाट आएका हिन्दु आप्रवासीलाई पूर्वोत्तर भारतमा नागरिकका रूपमा समेट्न खोजिएको हो- 'बंगलादेशका हिन्दुलाई दुःख दिइएको हो कि होइन भन्ने प्रश्न सम्बोधन गरिएको छैन।'

त्यसैले नागरिक संशोधन ऐनले मुसलमानलाई वहिष्कार गर्न खोजेको छ भनेर पूर्वोत्तर भारतका नागरिक आन्दोलित भएका होइनन्। यो क्षेत्रको जनसांख्यिक बनोट बिगार्ने गरी बंगलादेशी हिन्दु आप्रवासीलाई नागरिकता दिइनेछ भनेर ऐनको विरोध गरेका हुन्। विरोधमा उत्रेकाहरूसँग बनिबनाउ उदाहरण छ। सन् १८८१ सम्म त्रिपुराको जनजातिको जनसंख्या ६३.७७ प्रतिशत थियो भने २०११ सम्म आइपुग्दा ३१.७८ प्रतिशतमा झरेको छ। खासमा, पूर्वोत्तर भारतका जनता आफ्नै घरमा आफैं अल्पसंख्यक भइन्छ भनेर डराएका छन्।

भारतको मुख्य भागमा भने ऐनले मुसलमानलाई वहिष्कार गरेको भनेर प्रदर्शन भइरहेका छन्। यो संघर्षभित्र भाजपा-विरोध एवं मोदी-विरोधका बहुपत्र छन्।

ऐनमा अल्पसंख्यकको सुरक्षाका लागि प्रबन्ध गरिएको प्रावधानले मुसलमानलाई नसमेटेका कारणले उनीहरूको ठूलो संख्यालाई राज्यविहीन बनाउन सक्छ। त्यसैले भाजपाको आश्वासनका बाबजुद भारतभर प्रदर्शन जारी रहेको हो। त्यसमाथि शाह आफैंले भनेका छन्, 'हामी (भाजपा) बौद्ध, हिन्दु र सिख धर्मावलम्बीबाहेक प्रत्येक घुसपैठियालाई हटाउनेछौं।'

भारतमा जारी आन्दोलन जामिया मिलिया इस्लामिया र अलिगढ मुस्लिम विश्वविद्यालयका विद्यार्थीको प्रदर्शनबाट सुरु भएको हो। गत १५ डिसेम्बरमा अत्यधिक बल प्रयोग गर्दै होस्टेल र पुस्तकालयभित्र पसेर प्रहरीले अश्रुग्यास

# युवा आन्दोलनमा

एवं भीड तितरबितर पार्ने स्टन ग्रिनेड प्रयोग गर्‍यो । विद्यार्थीलाई ताकेर गोली चलायो । १६ डिसेम्बरमा सामाजिक सञ्जाल र अन्यत्र विद्यार्थीमाथि गरिएको प्रहारका भिडियो फैलिएपछि भारतभर बिस्तारै आक्रोश बढ्न थाल्यो । त्यसपछि भारतका सबै मुख्य सहरमा प्रदर्शन सुरु भयो । अदालतले पक्राउ परेका प्रदर्शनकारीलाई धरौटीमा रिहा गर्न मञ्जुरी दिएन । प्रदर्शनकारीमाथि गोली हानेका प्रहरीले आत्मरक्षाका लागि चलाएको बताए । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले 'बदला' लिने कसम खाएपछि राज्य सरकारले प्रदर्शनमा सहभागी मानिसका निजी सम्पत्ति जफत गर्न थालेको छ । हङकङमा ६ महिनासम्म लगातार प्रदर्शन भइरहँदा जम्मा दुई जनाको ज्यान गयो, त्यसमा पनि सुरक्षाकर्मीको कारबाहीका कारण मान्छे मारिएका होइनन् तर भारतमा भने अत्यधिक बल प्रयोग भएको छ । दुई साता पनि नबित्दै २५ जना मारिसकिएका छन्, तीमध्ये अधिकांश मुसलमान

सीएए र एनआरसीविरूद्ध भारतभरि भइरहेका प्रदर्शनका बहुआयाम छन् र सबै आयामलाई नेपालका विश्लेषकहरूले समेट्न सकेका छैनन् ।

छन् र प्रायः प्रहरीको अत्यधिक बल प्रयोगका कारण मारिएका हुन् ।

भारतमा भइरहेको देशव्यापी प्रदर्शनलाई धेरैले सानो निहुँबाट सुरु भएर बढ्दै गएको ठूलो समस्या भन्ने गरेका छन् । धेरै तरिकाले यो विश्लेषण सही सुनिन सक्छ तर विविध समुदायबाट आएका सहरिया युवाको उल्लेख्य सहभागिता भएको आन्दोलनबारेको यो टिप्पणी आफैँमा पूर्ण सत्य भने होइन । २०१४ मा मोदी-शासन सुरु भएयता मुसलमानविरोधी हिंसा सामान्य बन्दै गएको थियो ।

कुनै पनि राजनीतिक दलले यो प्रदर्शनको अगुवाइ गरेको छैन । बरु भारतमा प्रदर्शन सुरु भइसक्दा पनि दक्षिण कोरियामा घुमेर बसेका राहुल गान्धीको आलोचना भएको छ। केही राजनीतिक दलले समर्थन जनाए पनि मूलतः भाजपाको बहुमतवादी नीतिविरुद्ध एकजुट भएका युवाले आन्दोलनको नेतृत्व गरेका छन् । मेनल्यान्डमा भइरहेको यो प्रदर्शन र असमको विरोधमा खासै तादात्म्य नभए पनि सन् २०१४ मा उल्लेख्य बहुमतसहित विजेता बनेका मोदीका लागि यो सबैभन्दा ठूलो चुनौती हुन पुगेको छ ।

प्रदर्शनमा प्रयोग भएका प्लेकार्ड हेर्दा प्रदर्शनकारी आवश्यक तथ्यबाट सुसूचित भएको मान्न सकिन्छ । उनीहरूले संगठित भएर प्रदर्शन जारी राख्न इन्टरनेटको प्रयोग व्यापक गरेका छन् । प्रदर्शनमा सहभागीका अनुहारले तिनको विविधता बताउँछ । त्यहाँ प्रहरीले बर्साएका लाठीबाट पुरुष साथीको बचाउमा हाँकका साथ प्रहरीको सामना गर्ने विद्यार्थी आईशा रेन्ना छन् र छन्, भीम-आर्मीका ३३ वर्षीय नेता चन्द्रशेखर आजाद । प्रहरीको जालोलाई छक्याएर जामिया मस्जिदमा संविधानको पक्षमा निस्केका दलित र मुस्लिमको संयुक्त ऱ्यालीलाई नेतृत्व गर्न पुगेका थिए आजाद, जो पछि आफैं पक्राउ दिन गए । प्रदर्शनमा असमका कृषक-अधिकारका अभियन्ता अखिल गोगोई पनि छन्, जसलाई नागरिक संशोधन ऐनविरुद्ध गतिविधि गरेको आरोपमा देशद्रोहको मुद्दा लगाइएको छ । हिजाब लगाएर आएका त्यस्ता महिला छन्, जसले उनीहरूको भारतीय पहिचानमा सन्देह गर्दै प्रश्न गर्ने पत्रकारलाई चुनौती दिए । ८० वर्षीया पुनेबासी महिला ह्विलचेयरमा एउटा प्लेकार्ड बोकेर आइन्, जसमा लेखिएको थियो- 'जो जिन्दा है, तो जिन्दा नजर आना जरुरी है ।' महिला नै प्रदर्शनको अग्रभागमा देखिएको धेरैले उल्लेख गरेका छन् ।

नागरिक संशोधन ऐनका कारण बर्मेली रोहिंग्या शरणार्थी अवैध रूपमा नेपाल आउने क्रम द्रुत हुने अनुमान नेपाली विश्लेषकको छ । तर तिनले ख्याल नगरेको सत्यचाहिँ के हो भने ऐनले अफगानिस्तान, पाकिस्तान र बंगलादेशका अल्पसंख्यक समुदायका शरणार्थीलाई मात्रै सम्बोधन गर्नेछ । तमिलनाडुमा ऐनले श्रीलंकाली तमिल शरणार्थीलाई वहिष्करणमा पारेको भन्दै द्रविड मुन्नेत्र कजघम (डीएमके) ले प्रदर्शन गरेको छ । अहिले नै ६० हजार श्रीलंकाली तमिल शरणार्थी तमिलनाडु राज्यका क्याम्पमा बसेका छन् । असमको एनआरसीका कारण ६० हजारदेखि १ लाखसम्मको संख्यामा नेपाली मूलका भारतीय पनि वहिष्करणमा पर्न सक्नेमा चिन्ता व्यक्त भएको छ । भाजपा नेता राजनाथ सिंहले असमका गोर्खालाई अवैध आप्रवासीका रूपमा व्यवहार नगरिने स्पष्ट पारे पनि असम राज्यका पाँच डिटेन्सन सेन्टरबारे प्रकाशित समाचारमा केही नेपाली मूलका भारतीयलाई अवैध आप्रवासी भएको जनाउ दिँदै पत्र काट्न थालिएको छ ।

भाजपाको बहुसंख्यावादी नीतिले भारतीय समाजलाई परेको सकस स्पष्ट देखिन थालेका छन् । पूर्वोत्तर भारतमा जनसांख्यिक बदलावको पुरानो भय फेरि एक पटक सञ्चार भएको छ भने १९९० को दशकमा भएका विद्रोहको सम्झना ताजा भएको छ ।

१९८८ को भारत सरकारको इस्तिहारमा १९५० देखि भारतमा बसेका सबै नेपाली भारतीय नागरिक हुने उल्लेख भए पनि नेपाली समुदाय डराएको छ । दार्जिलिङमा गोर्खा जनमुक्ति मोर्चाले ऐनविरुद्ध प्रदर्शन गरेको छ । मोर्चाका नेता विनय तामाङले भने, 'हतार-हतार पास गरिएको नागरिक संशोधन ऐन क्रूर बहुसंख्यावादको संकेत हो, जो संविधान एवं इन्डिया-अवधारणाविपरीत छ ।' असममा अल असम गोर्खा स्टुडेन्ट्स युनियनले एनआरसीबाट आफ्नो समुदाय वहिष्कृत भएकामा विरोध जनाएको छ । नागरिक संशोधन ऐन कार्यान्वयन गर्न भाजपा तत्पर भयो भने र नेपालीभाषी समुदाय राज्यविहीन बनाइए भने नेपालमा भारतविरोधी उत्तेजना बढ्न सक्छ । त्यो नेपाली सत्ताविरुद्ध मधेसमा प्रदर्शन हुँदा भारतीय मूलका नेपाली भन्दै भारतीयले समर्थन जनाएजस्तै देखिनेछ ।

नागरिक संशोधन ऐनविरोधी आन्दोलनका कारण सन् २०२४ मा हुने लोकसभा निर्वाचनमा भाजपालाई कस्तो असर गर्ला भनेर अहिले नै अनुमान गर्नु हतार हुन्छ । तथापि यो आम विद्रोहलाई नगन्य ठान्न वा बेवास्ता गर्न मिल्दैन । मोदीको सम्बोधनलगत्तै अमित शाहले अहिले नै देशव्यापी एनआरसी लागू गरिने कुनै योजना नभएको बताए पनि सन् २०२० देखि नेसनल पपुलेसन रजिस्ट्रर लागू गरिने भएपछि सन्देह बढेको छ । नेसनल पपुलेसन रजिस्ट्रमा दाखिल हुन प्रत्येक भारतीयलाई अन्य प्रमाणसहित आफ्ना बाबुआमाको जन्ममिति र जन्मस्थानसमेत खुल्ने प्रमाण पेस गर्नुपर्नेछ ।

भाजपाको बहुसंख्यावादी नीतिले भारतीय समाजलाई परेको सकस स्पष्ट देखिन थालेका छन् । पूर्वोत्तर भारतमा जनसांख्यिक बदलावको पुरानो भय फेरि एक पटक सञ्चार भएको छ भने १९९० को दशकमा भएका विद्रोहको सम्झना ताजा भएको छ । यद्यपि ती सबै विद्रोह सामसुम भइसकेका छन् । भारतीय मेनल्यान्डमा भएका प्रदर्शन मूलतः हिन्दु बहुसंख्यावादी संस्थापनविरुद्धको असन्तुष्टि हो, जसले भारतको खस्कँदो अर्थतन्त्रलाई बेवास्ता गरेको छ र भारतीय समाजलाई ध्रुवीकृत तुल्याएको छ । मोदीको भारत जलिरहेको छ र यस पटक जलिरहेको भारत देखाउन कुनै सिनेमाको आवश्यकता छैन । ने

connect IPS
pay direct from bank
connect IPS मार्फत
सबै प्रकारका भुक्तानी कारोबार सजिलो छ ।
Online Fund Transfer
Government Revenue Payments
Capital Market Payments
Mobile Wallet Top Up
Credit Card Payments
Creditor / Biller Payments
e-commerce Payments
Other Services
Available on:
www.connectips.com
GET IT ON Google Play
Download on the App Store
NEPAL CLEARING HOUSE
नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवर्द्धित

# अब उपेन्द्र कता ?

## सत्ता बहिगर्मनसँगै विपक्षी कांग्रेससित दोस्ती गर्दै समाजवादी पार्टी

**जनक नेपाल**

प्रधानमन्त्री केपी ओलीले ४ मंसिरमा मन्त्रिपरिषद् पुनर्गठन गर्दा उपप्रधानमन्त्री उपेन्द्र यादवको मन्त्रालय सरुवा गरिदिए। स्वास्थ्यमन्त्रीको हैसियतमा भारत भ्रमणमा रहेका उनी फर्किंदा कानुनमन्त्री भइसकेका थिए। त्यसलाई उनले प्रधानमन्त्रीको विशेषाधिकारका रूपमा लिएर ९ मंसिरमा सहजै नयाँ मन्त्रालयमा पदभार ग्रहण गर्दै भनेका थिए, "अनुभवी नेता बनोस् भनेर प्रधानमन्त्रीले माया गरेर विषय मिल्ने मन्त्रालय पठाएको हुन सक्छ।"

२ पुसको नेकपा-राजपा सहमतिपछि भने यादव झस्किए। ७ पुसको मन्त्रिपरिषद्मा संविधान संशोधनको ठाडो प्रस्ताव लैजानुका पछाडि पनि उनी ओलीलाई जाँच्न चाहन्थे भन्ने नै देखिन्छ। संशोधनका लागि विज्ञ टोली गठनसहितका पाँच बुँदे प्रस्तावको खाम खोलिनसक्दै ओलीले भने, 'स्टप इट।'

प्रधानमन्त्रीले राजनीतिक मुद्दा एउटा मन्त्रीको ठाडो प्रस्तावबाट मन्त्रिपरिषद्को एजेन्डा बन्न नसक्ने भन्दै रोक्नुलाई समाजवादीले आफूसँग भएको १४ जेठ ०७५ को दुई बुँदे सहमतिको एकतर्फी उल्लंघनका रूपमा अर्थ्यायो। अनि भोलिपल्टै ८ पुसमा सरकार छाड्ने निर्णयमा पुग्यो।

संविधान संशोधनजस्तो राष्ट्रिय विषयमा यादवले ल्याएको ठाडो प्रस्ताव सरकार छाड्न गरिएको 'स्टन्ट' त थियो नै, त्यसले उनको सत्तामोहलाई मधेस राजनीतिमा सुरक्षित अवतरण गराउने अपेक्षा देखिन्छ। समाजवादी महासचिव गंगा श्रेष्ठ प्रधानमन्त्री ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले भेट्नसमेत समय नदिएपछि बाध्य भएर यादवले मन्त्रिपरिषद्मै ठाडो प्रस्ताव लैजानु परेको बताउँछन्।

समाजवादीले बाबुराम भट्टराईको संयोजकत्वमा चार सदस्यीय उच्चस्तरीय वार्ता टोली गठन गरे पनि सत्तारुढ पार्टीले संवाद गर्न नचाहेको उनको आरोप छ। "मन्त्रिपरिषद्मा दुई तरिकाले प्रस्ताव लगिन्छ, तालुकदार मन्त्रालयबाट फाइल उठाएर वा मन्त्रीले ठाडै," श्रेष्ठ भन्छन्, "यादवले ठाडै प्रस्ताव लैजानुभयो, प्रधानमन्त्रीले ठाडै अस्वीकृत गर्नुभयो।"

०६३/६४ को विद्रोहपछि उदाएका मधेसकेन्द्रित दलहरूबीच एउटा समानता देखिन्छ। अस्पष्ट सहमतिको त्यान्द्रो समातेर सत्तामा उक्लिने र सत्ताबाट ओर्लिंदा एजेन्डालाई जीवितै सडकमा ल्याउने। तत्कालीन संघीय समाजवादी पार्टी पनि 'औचित्य र आवश्यकताका आधारमा संविधान संशोधन गर्ने' १४ जेठ ०७५ को सहमतिमा टेकेर सरकारमा सामेल भएको थियो। समाजवादीसँग परामर्श नगरी प्रधानमन्त्री ओलीले उपप्रधान तथा स्वास्थ्यमन्त्री यादवको मन्त्रालय सरुवा गर्नुलाई नै विश्लेषकहरूले 'रेड कार्ड' देखाएको अर्थमा लिएका थिए। तर यादव बुझ पचाएरै सरकारमा बसेका थिए।

समाजवादी अध्यक्ष यादव सरकार पनि नछाड्ने र राजपासँगको एकता पनि टार्दै जाने रणनीतिमा थिए। समाजवादी र राजपाका

नेताहरू २६ कात्तिकमा महन्थ ठाकुर निवासमै एकता टुंगिने स्थिति रहेको दाबी गर्छन्। राजपाका तर्फबाट ठाकुर, राजेन्द्र महतो र केशव झा थिए भने समाजवादीबाट यादव, बाबुराम भट्टराई र रामसहाय यादव सहभागी त्यो बैठकमा एकता घोषणाको दिन सरकार छाड्ने गरी छलफल टुंग्याइएको थियो । पार्टीको नाम, झन्डा र चुनाव चिह्न टुंगो लगाएर हस्ताक्षर गर्न सबै तयार थिए । अध्यक्ष यादव एक्लैले त्यतिबेला सहमति रोकेका थिए ।

राजपा नेताभन्दा धेरै समाजवादी पार्टीकै भट्टराईले यादवलाई सम्झाउन खोजेका थिए। तर यादवले २५ कात्तिकको पदाधिकारी बैठक, २८ कात्तिकको संघीय परिषद् र केन्द्रीय बैठक (२९-३०) बाटै पास गराएर एकता अघि बढाउने अडान लिए । बैठकमा अधिकांश सदस्यले सरकार छाड्नुपर्ने माग राख्दा अध्यक्ष यादव खेमा पूरै बचाउमा उत्रियो । समाजवादी पार्टी सरकारबाट बाहिरिए राजपा सरकारमा जाने भन्दै एकता टुंगो नलाग्दै सरकार छाड्नु आत्मघाती हुने तर्क गरे ।

त्यसपछि समाजवादी-राजपा वार्ता रोकिएझैं भयो । ओलीले मन्त्रालय सरुवा गरिदिएपछि बल्ल यादवले रोकिएको एकता अघि बढाउने प्रयत्न गरेको देखिन्छ । २६ मंसिरमा यादव र भट्टराई राजपा संयोजक महतो निवास पुगे । त्यहाँ पनि यादवले सरकार छाड्ने कुरालाई सर्त नबनाउन आग्रह गर्दै एकता घोषणाअघि सरकारबाट बाहिरिने प्रतिबद्धता जनाउन पुगे। दुई पार्टीको एकता नेताहरूको मर्यादाक्रम र भागबन्डामा पुगेर अड्किएको छ। "सरकार छाड्नुपर्ने राजपाको सर्त पूरा भएको छ। छुट्टाछुट्टै चुलाचौका लगाएर बस्नुभन्दा अब एकताले मूर्त रूप लिनुपर्छ," समाजवादी महासचिव श्रेष्ठ भन्छन्, "हामी विचार मिल्नेसँग एकता, तत्कालीन मुद्दा मिल्नेसँग मोर्चा बनाएर अघि बढ्छौं ।"

राजपाले महन्थ ठाकुर र बाबुराम भट्टराईपछिको वरीयता क्रममा अशोक राईलाई राख्नुपर्ने अडान लिएको छ। नेतृत्वमा मधेसी, खसआर्य र जनजाति क्लस्टर प्रस्टै देखिनुपर्ने भन्दै राजपा संयोजक महतोले प्रस्ताव गरेका थिए। त्यसले यादवलाई चौथो नेता बनाउनेछ। त्यस्तै, समानताका आधारमा एकता हुनुपर्ने प्रस्तावमा पनि समाजवादी लचिलो हुन सकेको छैन। उसले राजपा र पूर्वसंघीय समाजवादीलाई बराबर भागबन्डा गर्ने र नयाँ शक्तिलाई एक अंश दिएर नेतृत्व बाँडफाँट गर्नुपर्ने भनेको छ।

विश्लेषक सीके लाल पनि समाजवादी-राजपा एकता र राजपाको सत्तारोहण दुवै सहज नभएको टिप्पणी गर्छन्। मधेस हितका दृष्टिले एकता आवश्यक भए पनि भोट राजनीतिमा कुनै फरक नपर्ने भएकाले सजिलै पार्टी एकता नहुने तर्क गर्दै उनी भन्छन्, "अस्तित्वमै संकट आयो वा कुनै बाहिरी दबाब आएबाहेक यी दुई पार्टी मिल्न सहज छैन ।" अध्यक्षमण्डलमै ६ जना रहेको र सबैलाई प्रधानमन्त्री ओलीले मन्त्री दिन नसक्ने भएकाले राजपालाई सरकारमा जान पनि गाह्रो रहेको लालको तर्क छ ।

नेकपा-राजपाको पछिल्लो सहमतिपछि राजपा संघीय सरकारमा जाने, उपसभामुख र प्रदेश २ सरकार हेरफेरपछि मुख्यमन्त्री पाउने अड्कलबाजी भइरहेको छ । राजपा महासचिव केशव झा भने संविधान संशोधन र सांसद रेशम चौधरीलगायतका बन्दी रिहा नहुँदासम्म आफ्नो पार्टी सरकारमा नजाने दाबी गर्छन्। नेकपा-राजपा सहमतिले प्रदेश २ को सरकारमा पनि कुनै हेरफेर नहुने टिप्पणी गर्दै झा भन्छन्, "संवादको ढोका खुलेको मात्र हो, कुनै सम्झौता वा प्रतिबद्धताकै भरमा सरकारमा गइहाल्ने स्थिति छैन ।" ने

## नेकपा-राजपा सहमतिको अन्तर्य

**प्रदेश २ बाट राष्ट्रिय सभाको अघिल्लो निर्वाचनमा नेकपा, समाजवादी, कांग्रेस र राजपाले दुई/दुई सांसद जितेका थिए। कार्यकाल सकिनेमा राजपाका दुई, कांग्रेस र समाजवादीका एक/एक सांसद थिए। त्यसैले राजपालाई गठबन्धन गरेर सांसद संख्या जोगाउने चुनौती थियो।**

**राष्ट्रिय सभा निर्वाचन घोषणाको तेस्रो दिनै कांग्रेस सभापति शेरबहादुर देउवाले समाजवादी अध्यक्ष उपेन्द्र यादव र राजपा अध्यक्षमण्डलका संयोजक राजेन्द्र महतोसँग तालमेलका लागि कुरा गरेका थिए। तर त्यसमा कुनै प्रगति हुन सकेन। लगत्तै भएको यादव र महतोको भेटमा यादवले कांग्रेससँग मिल्न नहुने राय व्यक्त गरेका थिए। "कांग्रेसलाई कमजोर नबनाई मधेसमा हामी बलियो हुँदैनौं," यादवलाई उद्धृत गर्दै स्रोत भन्छ।**

**कांग्रेस उपसभापति विमलेन्द्र निधिले यादवलाई भेटेर गठबन्धनका लागि पहल गरेका थिए। त्यतिबेला पनि उनले टार्दै भनेका थिए, 'चुनाव आउन धेरै छ। अहिल्यै के हतार भो र ? गरौंला नि।'**

**यादवले भित्रभित्रै नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग गठबन्धनको पहल गरिरहेको थाहा पाएपछि राजपा झस्कियो। १४ मंसिरको उपनिर्वाचनमा पनि दुई पार्टीबीच तालमेल गर्ने भनिएको थियो। तर अन्तिम दिनसम्म कुराएर समाजवादीले धोका दिएको राजपाको निष्कर्ष थियो। पार्टी एकता पनि त्यसैगरी अड्किरहेका बेला राष्ट्रिय सभा निर्वाचनबारे नयाँ शिराबाट संवाद सुरु गरेको थियो। अध्यक्षमण्डलका संयोजक महतो र महन्थ ठाकुरले नेकपा संसदीय दलका उपनेता सुवास नेम्बाङ, सञ्चारमन्त्री गोकुल बाँस्कोटा र महान्यायाधिवक्ता अग्नि खरेलमार्फत प्रधानमन्त्री केपी ओलीसँग सम्पर्क बढाए। ओलीले पार्टी कार्यालय धुम्बाराहीमा स्थायी कमिटी बैठकको अध्यक्षता गरिरहेका अर्का अध्यक्ष प्रचण्डलाई बोलाए र राजपासँग सम्झौता गरे। सरकारबाट बाहिरिएपछि समाजवादी अध्यक्ष यादव र भट्टराईले ११ पुसमा बल्ल बूढानीलकण्ठ पुगेर कांग्रेस सभापति शेरबहादुर देउवासँग राष्ट्रिय सभा निर्वाचनबारे छलफल गरे।**

**प्रदेशसभाका १ सय ७ सदस्य र स्थानीय तहका २ सय ७२ प्रमुख/उपप्रमुखले मतदान गर्ने निर्वाचनमा १० हजार ३२ मतभार छ। प्रदेशसभा सदस्यको मतभार ४८ र स्थानीय प्रमुख उपप्रमुखको १८ छ। त्यही हिसाबले नेकपाको ३ हजार ३०, समाजवादीको २ हजार ३ सय ७६, कांग्रेसको २ हजार ३ सय ७० र राजपाको २ हजार १ सय ७२ मत छ। यस्तोमा नेकपाले जुनसुकै दलसँग मिल्दा बहुमत पुग्थ्यो भने अरूले जित्न सबै मिल्नुपर्ने स्थिति छ। "नेकपासँगको अहिलेको सम्झौताले राजपालाई सरकारमा जान बाटो खुलेको होइन। यो विशुद्ध चुनावी तालमेल मात्र हो," राजपा महासचिव केशव झा भन्छन्, "सरकारसँगको संवादहीनता अन्त्य भएको मात्र हो।"**

# सुदूर प्रतिपक्षी

**नेकपाभित्र आफूलाई किनारामा पार्न खोजिएको भीम रावलको गुनासो**

**जनक नेपाल**

झन्डै एक वर्षपछि बसेको सत्तारुढ नेकपाको स्थायी कमिटी बैठकमै नेता भीम रावलले एउटा कविता सुनाए ।

*'अँध्यारो अन्तराल चिर्दै बल्छ कि भनी यो दियो*
*धुम्बाराहीमा एउटा अभ्यास गरिँदै थियो*
*एक्कासि धुवाँको मुस्लो बालुवाटारमा उठ्यो*
*आशाको धिपधिपे पट्ट पानीको फोकाझैँ फुट्यो ।'*

पार्टी कार्यालय धुम्बाराहीमा बैठक जारी थियो । बैठकलाई थाहा नदिईकन अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय जनता पार्टीसँग राष्ट्रिय सभा निर्वाचनका लागि बालुवाटारमा सम्झौता गरे । त्यसको विरोधमा १२ हरफको कविता लेखेका रावलले नाकाबन्दीलाई अंकमाल गरेर आफ्नै काल रोजेको भन्दै नेतृत्वप्रति रोष पोखे, ३ पुसमा । "विधि, प्रक्रिया मिचिएको भनेर विरोध भइरहेकै बेला बैठकलाई थाहा नदिएर सुटुक्क बालुवाटारमा सम्झौता गरियो," उनी भन्छन्, "व्याख्या गर्न लामो हुन्छ भनेर भाव आउने गरी मैले कविता लेखेँ ।"

स्थायी कमिटी बैठक सुरुदेखि अन्त्यसम्मै कडा रूपमा प्रस्तुत भएका रावलले गरेको पार्टी र सरकारको आलोचना कुनै प्रतिपक्ष नेताभन्दा कम थिएन । सरकारका सायदै कुनै निर्णय होलान्, जसको रावलले विरोध नगरेका होऊन् । मधेसको पृथकतावादी सीके राउत समूह मूलधारमा आउँदासमेत उनले विरोध गर्न भ्याए । सरकार आफैँ पछि हटेका विवादास्पद बिमस्टेक संयुक्त सैन्य अभ्यास, आइफा फिल्म अवार्ड होस् वा संसद्मा विचाराधीन एमसीसी अनुमोदनको सवालमा नेकपा नेता रावल प्रमुख प्रतिपक्ष कांग्रेसभन्दा पनि अघि बढेर सरकारको विरोधमा उत्रिए । "अमेरिकी सहयोग लिनु हुँदैन भन्ने होइन, इन्डो-प्यासिफिकअन्तर्गत हो भने नेपाल त्यो द्वन्द्वमा किन पर्ने ?," उनी भन्छन्, "परराष्ट्र मन्त्रालयले अमेरिकासँग पत्राचार गरेर प्रस्ट हुनुपर्छ । सम्झौताका आपत्तिजनक बुँदा परिमार्जन गर्नुपर्छ ।"

गत वर्ष सम्पन्न एसिया प्रशान्त क्षेत्रीय सम्मेलनको अगुवाइ पूर्वप्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता माधव नेपालले गरेका थिए । उनकै आग्रहमा सरकार सह-आयोजक बनेको थियो । जनप्रतिनिधिलाई बोलाएर 'होलीवाइन' खुवाउने कार्यक्रम राखिएको भन्दै उनले सरकारलाई तारो बनाए । एमालेको नवौँ महाधिवेशनमा उनी नेपाल समूहबाट उपाध्यक्षमा निर्वाचित भएका थिए । ०७२ मा ओली नेतृत्वको सरकारमा उपप्रधान तथा रक्षामन्त्री रहेका रावल ०७४ को निर्वाचनपछि मन्त्रिपरिषद्मा जान चाहेका थिए । तर उनी ओलीको रोजाइमा परेनन् । त्यसपछि उनले सुरु गरेको सरकारको आलोचनालाई बालुवाटार निकट नेताहरू सत्ताबाट बाहिर बस्नुपर्दाको छटपटीका रूपमा अर्थ्याउँछन् ।

रावल तत्कालीन एमालेबाट धेरै पटक राजकीय पदमा पुग्ने सीमित नेताभित्र पर्छन् । ०४६ मा प्रजातन्त्र पुनःस्थापनापछि बनेको कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारमा उनी तत्कालीन कृषि, भूमिसुधार तथा वनमन्त्री झलनाथ खनालका राज्यमन्त्रीसरहका स्वकीय सचिव थिए । ०५१ को एमाले अल्पमतको सरकारमा ओली गृहमन्त्री हुँदा रावल वाणिज्य, पर्यटन तथा नागरिक उड्डयनमन्त्री थिए । ०५५ मा पुनः पर्यटनमन्त्री बनेका उनी ०६६ मा माधवकुमार नेपाल नेतृत्वको सरकारमा गृहमन्त्री भए ।

रावल आफ्ना विचार प्रस्ट राख्न सक्ने नेतामा गनिन्छन् । उनी तर्कशील छन् । हरेक सहमति वा असहमतिलाई तथ्य र तर्कका आधारमा व्याख्या गर्छन् । विगतमा शान्ति प्रक्रिया टुंग्याउन होस् वा पार्टीका तर्फबाट विभिन्न वार्ता समितिमा रहेर उनले काम गरेका छन् । त्यस्ता वार्ताका सहमतिलाई मसिनोसँग टुंग्याउने कुरामा उनको दक्खल छ । अंग्रेजी राम्रो भएकाले उनले पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा पनि योगदान पुऱ्याएका छन् । भन्छन्, "पार्टीमा अंग्रेजी लेख्न र बोल्न जान्ने मबाहेक कोही थिएन ।"

रवि मानन्धर

अहिले गुटकै आधारमा अन्तर्राष्ट्रिय कम्युनिस्ट सम्मेलनमा प्रतिनिधि खटिने गरेको उनको टिप्पणी छ ।

ओली पार्टी नेतृत्वमा आएदेखि नै रावलले सुदूरपश्चिमको नेतृत्वबाहेक क्षमताअनुसारको भूमिका पाउन सकेनन् । संवाद क्षमताका उनी एमाले-माओवादी एकता प्रक्रिया र वार्तामा पनि जोडिन पाएनन् । ओलीले उनको विकल्पका रूपमा नेता विष्णु पौडेललाई परिचालन गरे र एकतापछि महासचिव बनाए । रावल भने सचिवालयमा पनि पर्न सकेनन् । त्यसले उनलाई आफू किनारामा पर्न लागेको महसुस गरायो ।

रावलले आलोचनाको तारो पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीलाई बनाएका छन् । भारतको नयाँ नक्सामा नेपालका कालापानी र लिम्पियाधुरासमेत समेटिएको सन्दर्भमा सरकारले कूटनीतिक प्रयास जारी राखेको दाबी गरिरहेको छ । प्रधानमन्त्री ओलीले सर्वदलीय बैठक डाके र राष्ट्रिय सहमति पनि बन्यो । नेपालले पठाएको कूटनीतिक नोटलाई भारतले सम्बोधन गर्दै सचिवस्तरीय बैठकबाट टुंग्याउने प्रत्युत्तरसमेत दिइसकेको छ । यो विषयमा पनि उच्चस्तरीय पहल नपुगेको आशयको रावलको टिप्पणी आयो । एक मन्त्री टिप्पणी गर्छन्, “सरकारका तर्फबाट कूटनीतिक पहल भइरहेको जान्दाजान्दै विरोधमा उत्रिनुले उहाँको पूर्वाग्रह झल्किन्छ । उहाँ रक्षामन्त्री र गृहमन्त्री हुँदा पनि कालापानीमा भारतीय सेना थियो । त्यतिबेला के गर्नुभयो ?”

ओलीसँग रावलको पहिलो भेट ०३२ मा जेलमा भएको थियो । त्यसयता दुवै नेता एउटै पार्टीमा छन् । ०५१ र ०७२ का दुई मन्त्रिपरिषद्मा सँगै काम गरे । तर पछिल्लो दुई वर्षमा सम्बन्ध चिसिएको छ । ओली बिरामी भई ग्रान्डी अस्पतालमा भर्ना हुँदा नजिकै टोखा निवासी उनी भेट्न पुगे पनि चिकित्सकले भेट्न दिएनन् । एपेन्डीसाइट अपरेसनपछि आराम गरिरहेका ओली स्थायी कमिटी बैठकमा पनि सहभागी भएनन् । त्यसैले उनीहरूबीच भेट नभएकै महिनौँ भइसकेको छ । “हाम्रो पुरानो सम्बन्ध हो । सम्बन्धमा न चिसोपन छ, न त तातो,” रावल भन्छन्, “उहाँलाई आफू प्रधानमन्त्री भएका बेला धेरै विरोध नगरिदेओस् भन्ने लागेको होला । अरू विषयमा म बोलेको छैन । राष्ट्रिय हितमा त बोल्नैपर्छ ।” त्यसैले भेटघाट पातलिएको उनी बताउँछन् ।

विधि र पद्धतिको कुरा गर्ने रावलले स्थायी कमिटी बैठकका निर्णय सार्वजनिक गर्दा भने आफैँले मिचेको प्रचार विभाग उपप्रमुख सूर्य थापाले सामाजिक सञ्जालबाटै आरोप लगाए । “बैठकका निर्णय सार्वजनिक गर्ने पनि विधि हुन्छन् । आफ्ना कुरा राख्न मिल्यो । बैठकको निर्णय सार्वजनिक गर्न पार्टीले प्रवक्ता तोकेको छ, प्रचार विभाग बनाएको छ,” थापा भन्छन्, “उहाँले प्रचार विभागको अधिकार मिच्नुभएकै हो ।”

प्रचण्ड अध्यक्षताको स्थायी कमिटी बैठक छलफलका दृष्टिले राम्रो भए पनि निष्कर्ष निकाल्न भने नसकेको रावल बताउँछन् । अध्यक्ष प्रचण्डले बैठकका सहभागीका कुरा ध्यान दिएर सुने । उठेका सवालको एक-एक जवाफ पनि फर्काए । तर महत्त्वपूर्ण विषयको निर्णय गर्न भने सचिवालयमा लगिएकामा उनको असन्तुष्टि छ ।

रावल कडा मिजासका नेता मानिन्छन् । उनी सुदूरपश्चिमबाट आफूबाहेक अर्को कोही नेता अघि बढेको मन पराउँदैनन् भन्ने आरोप पनि छ । “ओली सरकारमा आफू मन्त्री बन्नकै लागि उनले सुदूरपश्चिमबाट अरू कसैको नाम सिफारिस गरेनन् । न कमरेड आफैँ मन्त्री बने, न त अरूलाई बनाउन पहल गरे,” सुदूरपश्चिमका पूर्वएमाले एक सांसद गुनासो गर्छन् । मन्त्री नपाएकै कारण असन्तुष्टि पोखेको आरोप भने उनी ठाडै अस्वीकार गर्छन्, रावल । ०६२/६३ को जनआन्दोलनपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उनलाई शिक्षामन्त्रीका लागि स्थायी कमिटीले निर्णय गरिसकेको थियो । तर आफूले अस्वीकार गरेको दाबी गर्दै रावल भन्छन्, “निर्णय भइसकेको मन्त्री त छाडेको मान्छे हुँ । मैले देशको पक्षमा आवाज उठाएको हुँ, मन्त्री नपाएर भन्ने त सवालै होइन ।” ने

रवि मानन्धर

अहिले गुटकै आधारमा अन्तर्राष्ट्रिय कम्युनिस्ट सम्मेलनमा प्रतिनिधि खटिने गरेको उनको टिप्पणी छ ।

ओली पार्टी नेतृत्वमा आएदेखि नै रावलले सुदूरपश्चिमको नेतृत्वबाहेक क्षमताअनुसारको भूमिका पाउन सकेनन् । संवाद क्षमताका उनी एमाले-माओवादी एकता प्रक्रिया र वार्तामा पनि जोडिन पाएनन् । ओलीले उनको विकल्पका रूपमा नेता विष्णु पौडेललाई परिचालन गरे र एकतापछि महासचिव बनाए । रावल भने सचिवालयमा पनि पर्न सकेनन् । त्यसले उनलाई आफू किनारामा पर्न लागेको महसुस गरायो ।

रावलले आलोचनाको तारो पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीलाई बनाएका छन् । भारतको नयाँ नक्सामा नेपालका कालापानी र लिम्पियाधुरासमेत समेटिएको सन्दर्भमा सरकारले कूटनीतिक प्रयास जारी राखेको दाबी गरिरहेको छ । प्रधानमन्त्री ओलीले सर्वदलीय बैठक डाके र राष्ट्रिय सहमति पनि बन्यो । नेपालले पठाएको कूटनीतिक नोटलाई भारतले सम्बोधन गर्दै सचिवस्तरीय बैठकबाट टुंग्याउने प्रत्युत्तरसमेत दिइसकेको छ । यो विषयमा पनि उच्चस्तरीय पहल नपुगेको आशयको रावलको टिप्पणी आयो । एक मन्त्री टिप्पणी गर्छन्, "सरकारका तर्फबाट कूटनीतिक पहल भइरहेको जान्दाजान्दै विरोधमा उत्रिनुले उहाँको पूर्वाग्रह झल्किन्छ । उहाँ रक्षामन्त्री र गृहमन्त्री हुँदा पनि कालापानीमा भारतीय सेना थियो । त्यतिबेला के गर्नुभयो ?"

ओलीसँग रावलको पहिलो भेट ०३२ मा जेलमा भएको थियो । त्यसयता दुवै नेता एउटै पार्टीमा छन् । ०५१ र ०७२ का दुई मन्त्रिपरिषद्मा सँगै काम गरे । तर पछिल्लो दुई वर्षमा सम्बन्ध चिसिएको छ । ओली बिरामी भई ग्रान्डी अस्पतालमा भर्ना हुँदा नजिकै टोखा निवासी उनी भेट्न पुगे पनि चिकित्सकले भेट्न दिएनन् । एपेन्डीसाइट अपरेसनपछि आराम गरिरहेका ओली स्थायी कमिटी बैठकमा पनि सहभागी भएनन् । त्यसैले उनीहरूबीच भेट नभएकै महिनौं भइसकेको छ । "हाम्रो पुरानो सम्बन्ध हो । सम्बन्धमा न चिसोपन छ, न त तातो," रावल भन्छन्, "उहाँलाई आफू प्रधानमन्त्री भएका बेला धेरै विरोध नगरिदेओस् भन्ने लागेको होला । अरू विषयमा म बोलेको छैन । राष्ट्रिय हितमा त बोल्नैपर्छ ।" त्यसैले भेटघाट पातलिएको उनी बताउँछन् ।

विधि र पद्धतिको कुरा गर्ने रावलले स्थायी कमिटी बैठकका निर्णय सार्वजनिक गर्दा भने आफैँले मिचेको प्रचार विभाग उपप्रमुख सूर्य थापाले सामाजिक सञ्जालबाटै आरोप लगाए । "बैठकका निर्णय सार्वजनिक गर्ने पनि विधि हुन्छन् । आफ्ना कुरा राख्न मिल्यो । बैठकको निर्णय सार्वजनिक गर्न पार्टीले प्रवक्ता तोकेको छ, प्रचार विभाग बनाएको छ," थापा भन्छन्, "उहाँले प्रचार विभागको अधिकार मिच्नुभएकै हो ।"

प्रचण्ड अध्यक्षताको स्थायी कमिटी बैठक छलफलका दृष्टिले राम्रो भए पनि निष्कर्ष निकाल्न भने नसकेको रावल बताउँछन् । अध्यक्ष प्रचण्डले बैठकका सहभागीका कुरा ध्यान दिएर सुने । उठेका सवालको एक-एक जवाफ पनि फर्काए । तर महत्त्वपूर्ण विषयको निर्णय गर्न भने सचिवालयमा लगिएकामा उनको असन्तुष्टि छ ।

रावल कडा मिजासका नेता मानिन्छन् । उनी सुदूरपश्चिमबाट आफूबाहेक अर्को कोही नेता अघि बढेको मन पराउँदैनन् भन्ने आरोप पनि छ । "ओली सरकारमा आफू मन्त्री बन्नकै लागि उनले सुदूरपश्चिमबाट अरू कसैको नाम सिफारिस गरेनन् । न कमरेड आफैं मन्त्री बने, न त अरूलाई बनाउन पहल गरे," सुदूरपश्चिमका पूर्वएमाले एक सांसद गुनासो गर्छन् । मन्त्री नपाएकै कारण असन्तुष्टि पोखेको आरोप भने उनी ठाडै अस्वीकार गर्छन्, रावल । ०६२/६३ को जनआन्दोलनपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उनलाई शिक्षामन्त्रीका लागि स्थायी कमिटीले निर्णय गरिसकेको थियो । तर आफूले अस्वीकार गरेको दाबी गर्दै रावल भन्छन्, "निर्णय भइसकेको मन्त्री त छाडेको मान्छे हुँ । मैले देशको पक्षमा आवाज उठाएको हुँ, मन्त्री नपाएर भन्ने त सवालै होइन ।" ने

# अब प्रदेशमै बहुशास्त्रीय

भास्कर गौतम

प्रदेश १ ले 'बहुशास्त्रीय अनुसन्धान तथा विकास केन्द्र' गठन गर्ने तयारी गर्दै छ। प्रदेश सरकार र मुख्यमन्त्री कार्यालयको उच्चस्तरीय संयन्त्रले अनुसन्धान केन्द्रको तयारीलाई ठोस रूप दिँदै छ। अवधारणापत्र र ऐनको मस्यौदाले केही दिनमा अन्तिम रूप पाउनेछ। त्यसपछि अनुसन्धान केन्द्रको अवधारणापत्र मन्त्रिपरिषद्मा पेस गरिनेछ। मन्त्रिपरिषद्ले त्यसलाई स्वीकृत गरेपछि माघ पहिलो साता सुरु हुने प्रदेशसभा अधिवेशनमा विधेयक लगिनेछ। प्रदेशसभामा छलफल भएर पारित भएपछि अनुसन्धान केन्द्रको ऐन तयार हुन्छ। त्यसपछि सो केन्द्र तत्काले सञ्चालनमा आउँछ। हालको योजनाअनुरूप प्रक्रिया अघि बढे प्रादेशिक संयन्त्रबाट अनुसन्धान केन्द्र थालनी गर्ने कार्यले ठोस र सार्थक गति पाउन अब केही महिना मात्र लाग्नेछ।

प्रादेशिक तहमा बहुशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गर्न प्रादेशिक सरकारले तत्परता देखाउनु स्वागतयोग्य कुरा हो। प्रस्तावित अनुसन्धान केन्द्रको परिकल्पना हाल अक्सफोर्ड विश्वविद्यालयमा पूर्वीय धर्म तथा नीतिशास्त्र पढाउने प्रा दिवाकर आचार्यको हो। उहाँसँग देश-विदेशमा कार्यरत वैज्ञानिक र अध्येताहरू जोडिएका छन्। यस्तो परिकल्पनालाई व्यवहारमा उतार्न प्रादेशिक सरकार लागिपरेको छ। यहाँसम्म आइपुग्न आचार्यसँगै जापानको जुन्तेन्दो विश्वविद्यालयमा प्राध्यापन गरिरहेका लक्ष्मी पराजुली लागे। उनीहरूको टोलीलाई प्रदेशसभा सदस्य लिलम बस्नेत र न्याय, प्रशासन तथा विधायन समितिका सभापति इन्द्रमणि पराजुलीले साथ दिए। अनि मुख्यमन्त्रीले राजनीतिक इच्छाशक्ति देखाए।

पछिल्लो केही महिनामा अनुसन्धान केन्द्र गठन गर्ने कार्यलाई लिएर मुख्यमन्त्री सचिवालय खुलेर जुटेको छ। प्रदेशका प्रमुख सचिव सुरेश अधिकारीलाई लाग्छ, केही महिना पहिलासम्म उनी अनुसन्धान केन्द्र खोल्ने कार्यमा उति सकारात्मक थिएनन्। तर कुराकानी गर्दै गएपछि दिवाकर आचार्य र लक्ष्मी पराजुलीको प्रतिबद्धताप्रति उनलाई विश्वास लाग्दै गयो। प्रदेश सरकारलाई बहुशास्त्रीय अनुसन्धानको परिकल्पनासमेत आकर्षक लाग्यो। विस्तारै अनुसन्धानको महत्त्वबारे पदाधिकारीहरूले पुनर्विचार गर्न थाले। त्यस्तो कार्यको आवश्यकता टड्कारो देखिएपछि अनुसन्धान केन्द्र गठन गर्ने प्रारम्भिक छलफलले अर्कै गति लियो। प्रदेश सरकारले प्रस्ट प्रतिबद्धता देखायो। के-कस्तो केन्द्र बनाउने र त्यसका लागि कस्तो कानुन बनाउने विषयमा छलफल गर्न देश-विदेशबाट पुस दोस्रो साता छलफलमा जुटेका प्राज्ञहरू थप हौसिएका छन्। प्रस्तावित अनुसन्धान केन्द्र स्वायत्त हुने साथै त्यसले मूर्त रूपसमेत पाउने उत्साहसाथ उनीहरू फर्किएका छन्।

यी सबै स्वागतयोग्य कुरा हुन्। तथापि विद्यमान संवेगलाई अवधारणापत्रमार्फत मूर्त रूप दिन, अध्ययन-अनुसन्धानका लागि स्वायत्त ऐन बनाउन तथा अनवरत रूपमा अनुसन्धान कार्यमा प्रवृत्त रहने वातावरण बनाउन प्रारम्भदेखि नै केही आधारभूत पक्षबारे मनन गर्दा बेस हुन्छ।

सबैले खोजेको स्वायत्त बहुशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना हो। प्रस्तावित केन्द्र प्रादेशिक तहमा सरकारी लगानीमा निर्माण होस्। हालसम्मको अनुभवले सरकारी लगानी हुनासाथ संस्थाहरू स्वायत्त तरिकाले सञ्चालन नहुने दृष्टान्त सर्वत्र छ। दलीय भागबन्डा वा समूहमा आसेपासेहरू जागिर खाने संयन्त्रमा रूपान्तरित हुने खतरा छ। त्यहीँ खिचातानीमा केही कालपछि संस्थाहरू निस्क्रिय हुने दुःखदायी अवस्था धेरै छन्। प्रस्तावित संस्थाले अनुसन्धान र विज्ञानको क्षेत्रमा ठोस योगदान गर्न सुरुदेखि नै अहिलेसम्म चलिआएका अभ्यासलाई नपछ्याउने रणनीति अपनाउन जरुरी छ। अन्यथा, प्रारम्भदेखि नै अपेक्षाकृत नतिजा ननिस्कने नियति बोकेर संस्था स्थापना हुने खतरा रहन्छ।

प्रस्तावित केन्द्र गठन गर्न तयार पारिएको मस्यौदामा समेत दुई तहका संरचना कल्पना गरिएको छ। एउटा मुख्यमन्त्रीको अध्यक्षतामा प्राज्ञिक सभाको कल्पना गरिएको छ। संस्था गठन गर्ने नेतृत्व प्रदेश सरकारले लिएकाले मुख्यमन्त्रीलाई संरक्षक बनाउँदा राम्रो हुने आशयले यस्तो प्रावधान राखिएको हो। सो सभालाई केही अधिकारसहित अनुसन्धान कार्य अनुगमन र मूल्यांकन गर्ने सोचसमेत राखिएको छ। तर मुख्यमन्त्री संरक्षक बस्न आवश्यक छ कि छैन तथा कार्यकारी समितिभन्दा माथि अर्को तहको संयन्त्र नै चाहिन्छ कि चाहिँदैन भन्ने विषयमा पुनर्विचार गरिनुपर्छ। यस्ता मोडल केन्द्रीय तहमा एक वा अर्को तरिकाले असफल भइसकेका अभ्यास हुन्। विफल अभ्यासलाई प्रदेश सरकारले किन अनुसरण गर्नेबारे सोच्न यो उपयुक्त समय हो।

अनुसन्धान केन्द्रलाई स्वायत्त बनाउन र स्वतन्त्र वातावरणमा अध्येताहरू प्रवृत्त रहन पूर्ण अधिकारसहितको कार्यसमिति गठन गर्न आवश्यक छ। प्रस्तावित कार्यसमितिमा मर्यादाक्रमअनुसार प्रदेशमा कार्यरत एक वा दुई पदाधिकारीको समेत कल्पना गरिएको छ। नीति अध्ययन प्रतिष्ठानको अनुभवले समेत भन्छ, त्यो आवश्यक छैन। कार्यकारी निर्देशकको अध्यक्षतामा उनीसहित सबै सदस्यहरू प्राज्ञिक पृष्ठभूमिका रहने व्यवस्था स्वायत्त संस्थाको न्यूनतम सर्त हुनुपर्छ।

कार्यकारी समितिले निश्चित अवधिमा प्रदेश सरकारलाई

# अनुसन्धान

प्रादेशिक संयन्त्रबाट अनुसन्धान केन्द्र थालनी गर्ने कार्यले ठोस र सार्थक गति पाउन अब केही महिना मात्र लाग्न सक्नेछ ।

लिखित प्रगति विवरण पेस गर्ने र वर्षमा एक पटक ब्रिफिङ गर्ने व्यवस्था राखे मुख्यमन्त्री र अन्य पदाधिकारीहरू कुनै पदमा नरहे पनि अनुसन्धान केन्द्रको अभिन्न हिस्सा रहने प्रावधान स्वतः रहन्छ । प्राज्ञिक सभालाई हटाएर अर्को संयन्त्रलाई सानो र छरितो बनाउँदा कसै-कसैलाई लाग्न सक्छ, अनुगमन र मूल्यांकन कसले गर्ने ? विभिन्न क्षेत्रमा गरिने अनुसन्धान कतिपय अवस्थामा वर्षौं लाग्ने भएकाले शोधकार्यको प्रकृति हेरी तीन वा पाँच वर्षमा कार्यसमितिले स्वतन्त्र अनुगमन र मूल्यांकनका लागि आह्वान गर्न सक्छ । त्यस्तो कार्य विभिन्न विषयको शोधकार्यमै संलग्न र सो क्षेत्रमा प्रवीणता प्रदर्शन गरेका अध्येताहरूले गर्ने थिति बसाल्न सकिन्छ । आर्थिक अनुगमन भने हरेक वर्ष गर्न सकिन्छ ।

स्वायत्तता कुनै पनि अनुसन्धानको प्रस्थान बिन्दु हो । संयन्त्र तयार गर्ने बिन्दुदेखि प्रदेश सरकारले यसलाई आत्मसात गर्ने अवसर छ। देश-विदेशको अनुभवबाट राम्रो कुरा सिक्दै उच्चस्तरको नजिर बसाउने मौकाको रूपमा यसलाई लिन सक्छ। त्यसैले प्राज्ञिक सभा र कार्यकारी समितिबारे पुनर्विचार गर्ने उपयुक्त समय छ, अहिले । यी आधारभूत कुराबारे सोच्नु भनेको अनुसन्धान केन्द्रको दायराबारे थप प्रस्ट हुनु हो ।

नाममै बहुशास्त्रीय भनिएकाले यसको परिधि व्यापक छ तर प्रस्तावित मस्यौदामा त्यो व्यापकता छरिएको छ । भौतिक र मानवीय विकास, इतिहास र दर्शन, आयुर्वेद र पारम्परिक चिकित्सा-पद्धति, भाषा-संस्कृति र साहित्य, भौगर्भिक विज्ञान र प्राकृतिक प्रकोप, पर्यावरण र पर्यटन, आधुनिक चिकित्सा र रासायनिक ज्ञान, खाद्य सुरक्षा र जनस्वास्थ्य, कृषि र औद्योगिकीकरण, सूचना प्रविधि र विज्ञान प्रविधि आदि सबै छन् । सरसर्ती हेर्दा भएजति सबै विषयबारे अध्ययन-अनुसन्धान गर्ने लक्ष्य प्रस्तावित केन्द्रले बोकेको छ । यस्तो सीमाविहीन लक्ष्य राख्नु राम्रो भए पनि प्रारम्भदेखि नै यसमा दुई किसिमको समस्या निहित छ ।

पहिलो- यस अनुसन्धान केन्द्रको दायरा धेरैलाई अस्पष्ट र अन्त्यहीन लाग्न सक्छ । प्रस्तावित दायरालाई विषयसूची वा क्षेत्रको रूपमा सूचीकृत गर्नुपूर्व केवल एक वाक्यमा प्राकृतिक विज्ञान, समाज विज्ञान र मानविकीबारे अध्ययन-अनुसन्धान गर्ने भन्न मिल्छ। त्यसपछि यी तीन विधा र त्यसमा समेटिएको ज्ञान-विवेचनको परम्परा वर्गीकरण गर्दा प्रस्तावित विषयसूचीलाई तीनमध्ये एकमा राख्न सकिन्छ। ऐनले मागे संक्षिप्तमा व्याख्यासमेत गर्न सकिन्छ। उदाहरणका लागि, हाल समाजविज्ञान शब्द नै परेको छैन । तर त्यससँग सम्बन्धित धेरै विषयसूची छरिएर रहेका छन् । कति छुटेका छन् ।

कस्तो अनुसन्धान केन्द्र बनाउनेबारे सोच्नु भनेको आफ्नो विषय वा त्यस्तै अरू विषयको कामबारे मात्र सोच्नु होइन । बरु विभिन्न विषयको मूलशास्त्र र त्यसको ज्ञान विवेचनाको खाका कसरी कोर्नेबारे विचार गर्नु हो। ऐनलाई अन्तिम रूप दिने क्रममा तीन वटै मूलशास्त्रबारे मन्थन गर्दा अनुसन्धान केन्द्रको परिकल्पना, त्यसको दायरा र रणनीतिक योजनाबारे थप स्पष्टता मिल्छ। केन्द्रको काम, कर्तव्य र अधिकारबारे स्पष्ट हुँदै ठोस आकार समेट्न मिल्छ।

स्वायत्त संयन्त्रसँगै मूलशास्त्रको परिधिबारे स्पष्टता खोज्दा अर्को महत्त्वपूर्ण पक्षबारे सोच्ने आधार पाइन्छ। आफ्नो क्षेत्राधिकार व्याख्या गर्न अनुसन्धान केन्द्रलाई सजिलो हुन्छ । यस्तो अवस्थामा सुरुदेखि नै सो केन्द्रले सरकार र राज्यका प्राथमिकतालाई प्रामाणिक आधार दिँदै नीतिगत अनुसन्धानलाई बढावा दिन सक्छ। समाजको आवश्यकताअनुसार योजना तथा कार्यक्रमलाई सान्दर्भिक बनाउन दिशानिर्देश गर्न सक्छ । अर्कोतर्फ तत्कालको चासोइतर दीर्घकालीन महत्त्वको विषयमा अध्ययन-अनुसन्धान गर्दै विषयगत रूपमा योगदान गर्न सक्छ। पछिल्लो कार्यले पाठ्यक्रम परिमार्जन गर्न तथा नयाँ शोधकार्यको आधार पहिल्याउने काममा समेत सघाउन सक्छ। साथै, देश-विदेशमा अवस्थित विभिन्न सरकार, गैरसरकारी र निजी संस्थासँग के-कस्तो सहकार्य गर्नेबारे ढोका खोल्छ ।

प्रादेशिक तहमा अनुसन्धान केन्द्र गठन गर्ने राजनीतिक इच्छाशक्ति देखाउँदा राम्रो सन्देश गएको छ । नेपालका अन्य थुप्रै क्षेत्रको तुलनामा प्रदेश १ अत्यन्तै विविधतायुक्त समाज हो। विविधताले अवसरसँगै प्रशस्तै जटिलतासमेत लिएर आउँछ। अध्ययन-अनुसन्धानको एउटा मूल ध्येय भनेको समाजका निहित जटिलतालाई मिहीन रूपमा पर्गेल्न सक्ने अध्येताहरूको समूह तयार गर्नु हो । राज्यको लगानी भए मात्रै यस्तो कार्यले आशातीत गति लिन सक्छ। प्रादेशिक आवश्यकतालाई समेत ध्यानमा राख्दै बहुशास्त्रीय अनुसन्धान केन्द्रले त्यस्तो कार्यलाई प्राथमिकतामा राख्ने आशा गर्न सकिन्छ।

अहिले प्रदेश सरकार र देश-विदेशका अध्येताहरूबीच विश्वास मौलाएको छ । त्यस्तो विश्वासले कानुनी आधार प्राप्त गरिरहँदा संयन्त्र बनाउने कार्यदेखि नै अनुसन्धानको स्वायत्त संस्कार बसाउने र विज्ञानको विकास गर्ने जग बनाउने कार्य महत्त्वपूर्ण हो। यस्तो कार्य गर्ने आधार प्रदेश सरकारले कसरी निर्माण गर्छ भनेर देश-विदेशदेखि नै हेरिरहेको अवस्था छ। त्यसैले पनि नयाँ नजिर बनाउने अवसरलाई प्रदेश सरकारले चुक्न दिनुहुन्न । ने

# एमसीसीको तगारो

## वैदेशिक सहायता रकम खर्च गर्न नसके संस्थामै फर्कने

**रविराज बराल**

योजनाअनुसार काम भए मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) नेपाल कम्प्याक्टको औपचारिक कार्यान्वयन १६ असार ०७७ देखि हुनेछ। अब पूरा हुन बाँकी दुई पूर्वसर्त छन्। पहिलो- सम्झौता (कम्प्याक्ट) को संसदीय अनुमोदन र दोस्रो- आयोजना क्षेत्रमा पहुँच।

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) विश्वव्यापी गरिबीसँग जुध्न विभिन्न मुलुकमा आर्थिक अनुदान उपलब्ध गराउने अमेरिकाको वैदेशिक सहायता एजेन्सी हो। अमेरिकी कंग्रेसले सन् २००४ जनवरीमा एमसीसी पारित गरेको थियो। एमसीसीले आफूलाई अमेरिकाको नयाँ र स्वतन्त्र (इनोभेटिभ एन्ड इन्डिपेन्डेन्ट) सहायता एजेन्सीका रूपमा चिनाउँछ।

एमसीसीको सञ्चालक समितिमा अमेरिकी विदेशमन्त्री अध्यक्ष हुन्छन्। अमेरिकी अर्थमन्त्री, युएसएआईडीका प्रशासक, अमेरिकी व्यापार प्रतिनिधि, एमसीसीका प्रमुख कार्यकारी र निजी क्षेत्रबाट चार जना यसमा सदस्य रहन्छन्। हाल अमेरिकी विदेशमन्त्री माइक पोम्पेओ यसका अध्यक्ष छन्। अमेरिकाले एमसीसीअन्तर्गत उपलब्ध गराउने वैदेशिक सहायता रकम सम्बन्धित मुलुकले खर्च गर्न नसके संस्थामै फिर्ता हुने प्रावधान छ।

### नेपालमा एमसीसी

एमसीसी र अर्थ मन्त्रालयले सन् २०११ को अन्त्यदेखि अध्ययन गरी २०१४ को मे महिनामा १३० पृष्ठको 'नेपाल ग्रोथ डायग्नोस्टिक' प्रतिवेदन तयार पारेका थिए। प्रतिवेदनले नेपालको विकासका चार मुख्य अवरोध पहिचान गरेको छ। पहिलो- नीति कार्यान्वयनको अनिश्चितता। दोस्रो- विद्युत् आपूर्तिको अपर्याप्तता। तेस्रो- यातायातको उच्च लागत। चौथो- चुनौतीपूर्ण औद्योगिक सम्बन्ध तथा श्रमसम्बन्धी कठोर कानुन। यीमध्ये पछि सडक र विद्युत् छानियो। दुई वर्षको तयारीपछि १४ सेप्टेम्बर २०१७ मा दुई मुलुकबीच अमेरिकाको वासिङ्टन डिसीमा ५ सय मिलियन अमेरिकी डलरको सहमति भयो। एमसीसी कम्प्याक्टमा हस्ताक्षर गर्ने नेपाल पहिलो दक्षिण एसियाली मुलुक हो। नेपाल सरकार तथा अमेरिकी सरकारबीच १२ असोज ०७६ मा एमसीसी कार्यक्रम कार्यान्वयन सम्झौता (पीआईए) मा हस्ताक्षर भइसकेको छ।

०७५ जेठमा मन्त्रिपरिषद्को गठनादेशबाट अर्थ मन्त्रालयअन्तर्गत मिलेनियम च्यालेन्ज एकाउन्ट नेपालको गठन भइसकेको छ। एमसीसीबाट प्राप्त ५० करोड अमेरिकी डलर सहयोग अनुदान र नेपाल सरकारबाट १३ करोड अमेरिकी डलर लगानीलाई यही निकायले कार्यान्वयन गर्नेछ। सञ्चालक समितिमा अर्थ मन्त्रालयका सचिव अध्यक्ष छन् भने जलस्रोत तथा सिँचाइ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सदस्य हुन्छन्। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकसहित निजी क्षेत्रबाट एक प्रतिनिधि तथा नागरिक समाजबाट एक प्रतिनिधि सदस्य हुन्छन्। एमसीए नेपालका कार्यकारी निर्देशक सदस्यसचिव हुन्छन्। एमसीए बोर्डमा अर्थ मन्त्रालयका सचिव डा राजन खनाल अध्यक्ष छन्। सहसचिवद्वय सागरराज गौतम र गोपालप्रसाद सिग्देल सदस्य छन्। यस्तै, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ निजी क्षेत्रबाट, नेसनल हाइड्रोपावर कम्पनीका कुमार पाण्डे र नागरिक समाजका तर्फबाट विगतमा प्रधानमन्त्री केपी ओलीका परराष्ट्रविज्ञ रहेका गोपाल खनाल सदस्य छन्। उनी *गोरखापत्र*का सल्लाहकार सम्पादकसमेत हुन्।

एमसीसीअन्तर्गत नेपालले प्राप्त गर्ने अनुदान सहायता विद्युत् पूर्वाधार र सडक पूर्वाधारमा खर्च हुनेछ। 'नेपाल कम्प्याक्ट' अन्तर्गत सञ्चालन हुने विद्युत् प्रसारण आयोजनालाई नेपाल सरकारले 'राष्ट्रिय गौरवको योजना' का रूपमा घोषणा गरेको छ। यस आयोजनाले नेपालको विद्युतीय ग्रिडमा विद्युत्को उपलब्धता र दिगोपनामा सुधार गर्ने लक्ष्य लिएको छ। यस आयोजनाद्वारा निर्माण गरिने ३ सय १२ किमि लामो दोहोरो सर्किटयुक्त ४ सय केभीको प्रसारण लाइनलाई भारत-नेपालबीचको दोस्रो सीमापार विद्युत् प्रसारण लाइनसँग जोडिनेछ। यसका अतिरिक्त यसले तीन वटा सब-स्टेसन पनि निर्माण


Created by the U.S. Congress in January 2004 with strong bipartisan support, MCC ha... conversation on how best to deliver smart U.S. foreign assistance by focusing on good policies, country ownership, and results. MCC provides time-limited grants promoting economic growth, reducing poverty, and strengthening institutions. These investments not only support stability and prosperity in partner countries but also enhance American interests. With cost-effective projects, a lean staff, and an evidence-based approach, MCC is a good investment for the American people.

ARTICLE 7.

ENTRY INTO FORCE

Section 7.1 Domestic Requirements. The Government will proceed in a timely manner to complete all of its domestic requirements for this Compact to enter into force. The Parties understand that this Compact, upon entry into force, will prevail over the domestic laws of Nepal.

^ सम्झौताका केही बुँदा

^ नेपाल सरकारका तर्फबाट १२ असोज ०७६ मा एमसीसी कार्यक्रम कार्यान्वयन सम्झौता (पीआईए) मा हस्ताक्षरपछि अर्थमन्त्री युवराज खतिवडा

गर्नेछ । यस आयोजनाअन्तर्गत तीन वटा सबस्टेसन निर्माण गरिनेछन् ।

यस्तै, एमसीए-नेपालको सडक मर्मत आयोजनाले नेपालको व्यापारिक महत्त्वयुक्त रणनीतिक सडक सञ्जालमध्ये बढीमा ९९ किमि सडकको आवधिक मर्मतसम्भार गरिनेछ । यस आयोजनाले सडक विभाग र सडक बोर्ड नेपाललाई स्तरीय तथ्यांक संकलन, सडक मर्मत योजना तथा लागत अनुमानको तयारी, करार व्यवस्थापनमा सुधारका साथै सडक सुरक्षा व्यवस्था एवं समग्र आयोजना व्यवस्थापनको एकीकरणका लागि प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि अवसर पनि उपलब्ध गराउनेछ । पहिला पूर्व-पश्चिम राजमार्गको भालुवाङ-लमही (२७ किमि) खण्डमा उक्त प्रविधिको परीक्षण गरिनेछ भने उक्त परीक्षण सफल भएपछि चन्द्रौटा-भालुवाङ (३५ किमि) र लमही-शिव खोला (३७ किमि) सडक खण्डमा सोही प्रविधि प्रयोग गरी मर्मत कार्य गरिनेछ ।

## इन्डो-प्यासिफिक स्ट्राटेजी र अमेरिकी स्वार्थ

एमसीसीको विषयमा सत्तारुढ नेकपाभित्रै ठूलै विवाद देखिएको छ । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले एमसीसीको इन्डो-प्यासिफिक स्ट्राटेजीसँग कुनै सम्बन्ध नरहेको बताए पनि यो शंकालाई बल दिने काम अमेरिकी अधिकारीबाटै भएको छ । जस्तो, गत वैशाखमा नेपाल भ्रमणका क्रममा दक्षिण एसिया मामिलासम्बन्धी अमेरिकी विदेश उपमन्त्री डेभिड रान्चले एमसीसीअन्तर्गत नेपालले प्राप्त गरेको ५ सय मिलियन अमेरिकी डलर इन्डो-प्यासिफिक स्ट्राटेजीकै अभिन्न अंग भएको बताएका थिए । यस्तै, नेपालका लागि एमसीसीका आवासीय निर्देशक ट्रोय कफरथले एक लेखमा एमसीसी कम्प्याक्ट र इन्डो-प्यासिफिक स्ट्राटेजीका ध्येय मिल्ने उल्लेख गरेका छन् ।

एमसीसीकै वेबसाइटमा भने यो अनुदानले अमेरिकी हितलाई प्रवर्द्धन गर्ने भनिएको छ । 'यो लगानीले साझेदार मुलुकहरूको स्थायित्व तथा समृद्धिमा सहयोग मात्र होइन, अमेरिकी हितलाई पनि प्रवर्द्धन गर्छ,' वेबसाइटमा भनिएको छ । विश्लेषक टीका ढकालको बुझाइमा अमेरिकी विदेश नीतिका उद्देश्य हेर्दा उसको हितभित्र तीन विषय पर्छन् । पहिलो- लोकतन्त्र र सुशासन । दोस्रो- वर्तमान विश्व व्यवस्थाको रक्षा । र, तेस्रो- अमेरिकी गठबन्धनमा रहेका देशहरूको सैन्य सुरक्षा । "दोस्रो विश्वयुद्धयता जसरी अमेरिका महाशक्तिका रूपमा उदायो, त्यसलाई रक्षा गर्नु नै अमेरिकी हित हो," ढकाल भन्छन्, "फरक-फरक नाम र कार्यक्रमका रूपमा आए पनि उनीहरूको यो मुख्य स्वार्थ यथावत छ ।" एमसीसी इन्डो-प्यासिफिक स्ट्राटेजीकै अंग रहेको भन्ने अमेरिकी विदेश उपमन्त्री डेभिड रान्चको भनाइलाई पनि यही आलोकमा बुझ्नुपर्ने उनी बताउँछन् ।

एमसीसी कम्प्याक्टका कतिपय सम्झौताले भारतको समेत सहमति खोज्छ । सम्झौताको अनुसूची ५ (क) मा नेपाल सरकारले तयार पारेको परियोजनालाई भारत सरकारले समर्थन गरेको हुनुपर्ने उल्लेख छ । नेपाल-भारत सीमापार प्रसारण लाइन निर्माणका सम्बन्धमा भारतसँग सम्झौता भइसकेको छ ।

## संसदीय अनुमोदनको अप्ठेरो

एमसीसीलाई संसदीय अनुमोदन गर्नुपर्ने प्रावधान यसको सम्झौतामै छ । यसअघि तत्कालीन सभामुख कृष्णबहादुर महराले सरकारले टेबुल गरेको प्रस्ताव अड्काइदिएका थिए । प्रधानमन्त्री केपी ओलीले *कान्तिपुर*सँगको अन्तर्वार्तामा संसद्बाट एमसीसी अनुमोदन हुन नसक्नुमा तत्कालीन सभामुख महरालाई जिम्मेवार ठहऱ्याएका थिए । 'तत्कालीन सभामुख (कृष्णबहादुर महरा) ले अलि बेठीक काम गर्नुभयो', प्रधानमन्त्रीले भनेका थिए, 'सरकारले टेबुल गरिसकेपछि अनुमोदनका लागि प्रस्तुत नगर्नु कर्तव्यभन्दा परको, सभामुख पदको हैसियतले अनुशासन पालना नगरेको हो । कसैले उहाँलाई भनिदियो, अलिकति विलम्ब गर्नुपर्छ । त्यसपछि विभिन्न नेताहरूका अभिव्यक्तिलाई लिएर पनि विचार गरौं भन्नेतर्फ उहाँ (महरा) लाग्नुभयो ।' एमसीसीमा भाँजो हालेको आरोप लागेका महरा भने त्यसअघि नै आफ्नै कर्मचारीलाई बलात्कार प्रयास गरेको आरोपमा जेल पुगे । मिलेनियम च्यालेन्ज कम्प्याक्टको धारा ७ मा सम्झौताबारे कुनै अन्योल उत्पन्न भए नेपालको कानुन नभई सम्झौता नै मान्य हुने उल्लेख छ । अर्थात्, यो सम्झौताका अगाडि नेपालका ऐन-कानुन निष्प्रभावी हुनेछन् ।

नेपालमा मात्र होइन, अन्य देशमा समेत एमसीसीले विवाद निम्त्याएको छ । हालैको उदाहरण श्रीलंकामा देखियो । श्रीलंकाले एमसीसीअन्तर्गतको विकास अनुदान तत्कालका लागि रोक्ने निर्णय गऱ्यो । प्रधानमन्त्री महिन्दा राजापाक्षले एमसीसीबारे विस्तृत अध्ययन गर्न विशेष समिति गठन गरेका छन् । त्यहाँ २९ अक्टोबर २०१७ मा मन्त्रिपरिषद्ले अमेरिकासँग सम्झौता गरी अनुदान लिने निर्णय गरेको थियो । तर प्रधानमन्त्री राजापाक्षले अध्ययन समितिको सिफारिस नआउन्जेल उक्त निर्णय पनि स्थगित गरेका छन् । ने

v कम्प्याक्टमा हस्ताक्षरपछि सन् २०१७ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका तत्कालीन कार्यवाहक सीईओ जोनाथनलगायत



# चिनियाँको अप

## गिरफ्तार र फरार अभियुक्तको कनेक्सन बहालवाला आईजीपीदेखि मन्त्रीसम्म

॥ खुलासा

प्रधानमन्त्री निवास बालुवाटार नजिकै रहेको चिनियाँ गिरोहको आवास

**मनबहादुर बस्नेत**

बालुवाटार । प्रधानमन्त्री निवास छिर्ने मूल गेटको उत्तर-दक्षिणतिरको मुख्य सडकदेखि उत्तरपट्टि भित्र छिर्दा इन्टरनेट सेवाप्रदायक कम्पनी सुबिसुको ४ नम्बर ब्लक छ । यो ब्लकको पूर्वतिर सँगै जोडिएको ठूलो भवन छ । १० पुस अपराह्न पुग्दा गेट बन्द थियो । भित्र पाले थिए । घरबेटीलाई भेट्ने बहानामा भित्र छिर्न खोज्दा चिनियाँले ५/७ महिनादेखि भाडामा लिएको भन्दै पालेले रोके ।

"कसैलाई भित्र छिर्न नदिनू भनेका छन्," पालेले चिनियाँको भनाइ जस्ताको तस्तै उतारे, "प्रहरी आयो भने पनि हामीलाई खबर गर्नू ।" चार-पाँच जना चिनियाँ बस्दा रहेछन् । कहिले यो संख्या थपिन्छ, कहिले घट्छ । उनीहरूको कार्यालय महाराजगन्जतिर छ भन्दा रहेछन् । "दुई-तीन वटा अफिस छ भन्छन्," ती पालेले यत्ति मात्र चुहाए, "के काम गर्छन्, थाहा छैन ।" भान्सेदेखि सबै चिनियाँ रहेछन् ।

७ पुसमा नेपाल प्रहरीले काठमाडौँका मनमैजु, बूढानीलकण्ठलगायत स्थानमा छापा मारेर अवैध गतिविधिमा संलग्न १ सय २२ चिनियाँलाई पक्राउ गर्‍यो । तर प्रधानमन्त्री निवाससम्मुख र चिनियाँ दूतावास छेउको यो भवन भने प्रहरी छापाबाट जोगियो, जहाँ अनलाइनमार्फत अवैध धन्दा चलाउने गिरोहका 'बोस' बस्थे । प्रहरीले अन्यत्र छापा मारेसँगै यहाँ ती बोसहरू आउन छाडिसकेका छन् ।

# राध जालो

**जुवा गिरोह :** नेपालमा अवैध कारोबार भित्र्याउने दावा छिरिङको समूह

कतिपय पहिल्यै निस्किए। अनुसन्धानमा संलग्न एक प्रहरीका अनुसार गिरोह सञ्चालक चेन सितियानसहित चार जना यहीँ बस्थे। उनी उम्कनुको तथ्य खोतल्दा भस्काउने खालको छ।

८ असोज ०७६। मध्याह्न साढे १२ बजे। ठूलठूला सुटकेस गुडाउँदै ५ चिनियाँ नागरिक थाई एयरवेजबाट काठमाडौँ उत्रिए। सुटकेसमा एमआई, हुवावे, एप्पल कम्पनीका २ सय ९३ थान मोबाइल भेटिए। ल्यापटप, माउस, किबोर्ड छुट्टै थिए। यति धेरै सामान भेटिएपछि प्रहरीले शंकास्पद ठान्यो र भन्सारमै रोकिदियो। कानुनी कागजात माग्यो। दिन सकेनन्। केही दिनपछि ती चिनियाँ बूढानीलकण्ठ नगरपालिकामा दर्ता भएको रोयल स्यान्ड्स होटल प्रालिको प्रमाणपत्र बोकेर पुगे, सोही होटलले मगाएको भनेर। मगाएको पत्र थिएन। प्रहरीले नेपालस्थित सञ्चार मन्त्रालयले स्वीकृति दिएको कागज ल्याउन भन्यो। अनुमतिपत्र ल्याउन नसकेपछि सामान भन्सारमै थन्कियो। प्रहरी अनुसन्धान जारी थियो।

सामानधनी चिनियाँ काठमाडौँमै रहेको खुल्यो। ती व्यक्तिसम्म प्रहरीले छद्म परिचयसहित पहुँच विस्तार गर्‍यो। छद्म व्यक्तिले आफ्नो मानिस (प्रहरी) विमानस्थलमा रहेको र उसले चाहे सामान छुटाइदिन सक्ने भन्दै चिनियासँग कुराकानी थाल्यो। तर २४ दिनसम्म सामान नछुटेपछि ती चिनियाँले एउटा भ्वाइस म्यासेजसहित *विच्याट*मा फोटो पठायो। जसले नेक्ससको एउटा पर्दा उघार्छ।

ती चिनियाँले प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालसँगै खिचाएको फोटो देखिन्छ। (हेरौँ, आवरण) महानिरीक्षकको सचिवालयमा त्यो फोटो खिचाएको प्रस्टै बुझिन्छ। २ कात्तिकमा पठाएको चिनियाँ भाषाको भ्वाइस म्यासेजमा ती चिनियाँ भन्छन्, 'मैले फोटो पठाइदिएको छु। तपाईंको मानिसलाई त्यो देखाइदिनू र भनिदिनू कि तेरो बोस (आईजीपी) लाई मैले भेटिसकेको छु। सामान छिटो छुटाइदिनू।'

*विच्याट*मा जेसन आईडी बनाएर कुराकानी गर्ने यी चिनियाँको सक्कली नाम, वतन प्रहरीले जुटाइसकेको थियो। उनी जेसन नभएर, फुजियान प्रान्तका ४३ वर्षीय चेन सितियान थिए। सितियानको समूहले नै ठूलो मात्रामा मोबाइल फोन थाइल्यान्डबाट झिकाएको थियो। महानिरीक्षक खनालसँग बसेका अर्का व्यक्ति फुजियानकै रोङफेङ र परिचय नखुलेका अन्य दुई जना मिलेर नेपालबाट उनीहरूले अनलाइन ग्याम्बलिङ, म्याच फिक्सिङ, अश्लील भिडियो देखाएर चीनमा रहेका नागरिकबाट आम्दानी गर्छन्।

अश्लील भिडियो हेर्न, जुवामा भाग लिन डलरमा पैसा माग्छन्, सञ्चालकले। यसो गर्दा व्यक्तिको विस्तृत विवरण तान्छन् र परिवारका सदस्यलाई मारिदिने धम्की दिएर फिरौतीसमेत उठाउने गरेको एक प्रहरीले बताए। लागूऔषध, मानव तस्करीमा समेत यो समूह संलग्न हुन्छ। चिनियाँ पैसा बाहिरिने भएकाले चीनले यो अपराधलाई आफ्नो मुलुकविरुद्धको सुरक्षा चुनौतीको रूपमा विश्लेषण गरेको छ। गिरोहसँग प्रहरी नेतृत्वको उठबसबारे भेउ पाएर नै हुन सक्छ, मन्त्रिपरिषद्ले महानिरीक्षक खनालको चीन भ्रमण अस्वीकृत गरिदियो।

महानिरीक्षक खनालसँग *नेपाल*ले यसबारे सोध्दा उनले आफूले ती मानिस नभेटेको दाबी गरे। चिनियाँ प्रतिनिधिमण्डलसँग औपचारिकबाहेक अन्य भेटबारे आफूलाई जानकारी नभएको उनको भनाइ थियो। "कतै बाहिरको कार्यक्रममा भेट्दाको फोटो हो कि," उनले भने, "त्यसबाहेक अरूसँग उठबस गरेको भन्ने मलाई लाग्दैन।"

चिनियाँ दूतावासले समेत नेपालमा यस्ता चिनियाँ ८ हजार हाराहारी रहेको मोटामोटी

विवरण परराष्ट्र मन्त्रालय हुँदै गृहमा पठाएको थियो। तर एकदमै सानो संख्यामा मात्रै उनीहरू पक्राउ परे। सुरक्षा निकायदेखि राजनीतिक तहसम्म ती चिनियाँले पहुँच बढाएकाले यस्तो भएको प्रमाणित हुन्छ।

## उच्च तहमा कनेक्सन

विमानस्थलमै जफत भएको सामान छुटाउन सितियानले पठाएको फोटोले आईजीपीसँगको उठबस देखाउँछ भने उक्त गिरोहका सदस्यले भन्सारमा पेस गरेको कागजातले नेक्ससको अर्को तह उजागर गर्छ। चिनियाँले सामान छुटाउन रोयल स्यान्ड्स होटलको दर्ता प्रमाणपत्र बुझाएका थिए। यो थाहा पाएपछि हामीले होटल स्यान्ड्सको कागजात केलायौँ।

बूढानीलकण्ठ नगरपालिका कार्यालयमा मञ्जिल श्रेष्ठको नाममा दर्ता यो होटलको कम्पनी रजिस्ट्रार कार्यालयमा भने अरू सेयरधनी पनि रहेको खुल्छ। श्रेष्ठसहित रोल्पाकी अमला रोका, चिनियाँ नागरिकद्वय फ्रेगचेङ्ग लिन र लोङ्गयुआन लिन कम्पनी सञ्चालक छन्। यसबाट रोका, श्रेष्ठमार्फत सितियानले आफ्नो अवैध कारोबार चलाएको प्रस्ट हुन्छ।

प्रहरीको अनुसन्धान प्रतिवेदनअनुसार श्रेष्ठ र रोका यस्तो प्रकृतिको कारोबार गर्ने चिनियाँ गिरोह नेपाल भित्र्याउने एजेन्ट हुन्। नेपालमा कम्पनी दर्तादेखि आइपरेका अन्य समस्या मिलाउने जिम्मा यी दुई जनाले लिएका छन्। सन् २०१७ अगस्तदेखि रोका र श्रेष्ठले यो कारोबारमा चिनियाँ ल्याउन थाले। जलविद्युत्, कृषि, होटल, पर्यटन क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने नाममा यो गिरोह नेपाल छिरेको प्रहरी दाबी छ।

प्रहरी दाबीलाई चिनियाँ नागरिक र यी दुई नेपालीको साझेदारी भएका उद्योगसमेत भेटिनुले पुष्टि गर्छ। उद्योग विभागमा ०७५ मंसिरदेखि ०७६ सम्मको एक वर्ष अवधिमा दर्ता भएका दुइटा परियोजनामा यी दुई नेपाली चिनियाँ नागरिकको स्थानीय साझेदार बनेका छन्। परियोजनाको कुल पुँजी ६५ करोड रुपैयाँ छ। होटल, रेस्टुराँ चलाउन भनेर यो संयुक्त परियोजना उद्योग विभागमा दर्ता छ। यही अवधिमा विभागमा सफ्टवेयर विकास गर्ने भनेर २२ वटा उद्योग दर्ता भएका छन्। सफ्टवेयर कम्पनी चलाउने आवरणमा उनीहरू नेपाल छिरेको आशंका छ।

३९ वर्षीया रोका सत्तारुढ नेकपा आबद्ध हुन्। एमाले र एमाओवादी एकताअघि रोका एमाओवादीको रोल्पा-काठमाडौँ सम्पर्क मञ्चकी उपाध्यक्ष थिइन्। एकतापछि रोकाको पदीय हैसियत तोकिएको छैन। माओवादी युद्धमा सामेल उनका पति त्यसै अवधिमा दुर्घटनामा परेर बितेका थिए।

राजनीतिक कार्यकर्ता देखिए पनि रोकाको भूमिका उच्च तहमा लाइन मिलाउने प्रहरी अनुसन्धानले देखाउँछ। फाट्फुट्ट जडीबुटी व्यवसायसमेत गर्ने रोका तिब्बती मूलका चिनियाँ दावा छिरिङमार्फत यो कारोबारमा लागेकी हुन्। दावा र रोका पति-पत्नी हुन्।

रोल्पा गृहजिल्ला भएका ऊर्जामन्त्री एवं नेकपा नेता वर्षमान पुन 'अनन्त' र उनको परिवारसँग रोकाको विशेष सम्बन्ध छ। सितियानकै समूहका रोङफेङले दावा छिरिङमार्फत धेरैचोटि ऊर्जामन्त्री पुनलाई भेटेको प्रमाण प्रहरीले संकलन गरेको छ। ऊर्जामन्त्री पुन र उनकी पत्नी पूर्वसभामुख ओनसरी घर्तीसँगै दावा छिरिङले डिनर गरेको फोटो *नेपाल*सँग सुरक्षित छ।

*नेपाल*ले ऊर्जामन्त्री पुनलाई यसबारे जानकारी माग्दा रोका थबाङकै रहेको बताए। पछिल्ला दिनमा मन्त्रालयसग सम्बन्धित काममा चिनियाँहरू आइरहने र त्यो भेटघाट स्वाभाविक भएको उनको भनाइ थियो। "उनले चीनतिरै बिहे गरेकी छन्, त्यसैले यता आएका बेला चिनियाँ ज्वाइँ, देवर लिएर भेटाउने गरेकी छन्," रोकाबारे पुनले भने, "त्यसै क्रममा उनका अन्य आफन्तसँग पनि भेट भएको हुन सक्छ।"

पुनले रोका आफ्नो चिनारु कार्यकर्ता रहेको बताउँदै गर्दा ओनसरी घर्तीले भने आफूले तिनलाई नचिन्ने दाबी गरिन्। "कुनै बेला डिनर पनि खाइयो होला तर अहिले सम्झना भएन," उनले भनिन्।

## असफल अपरेसन

सीमितबाहेक अन्यत्र हात नहालेको भन्दै प्रहरीभित्रै यो अपरेसनप्रति असन्तुष्टि विस्तारै छाउँदै छ। गृहसचिव प्रेमकुमार राईले समेत यसबारे सोधपुछ गरिरहेका छन्, प्रहरी अधिकारीलाई।

यस्तो हुनमा राजनीतिक र सुरक्षा संगठनसम्म गिरोहको नेक्सस फैलनु त छँदै छ, प्रहरीभित्रै समन्वय नहुनुले समेत भूमिका खेल्यो। प्रहरी उच्च स्रोतका अनुसार गत २५ र २६ असोजको चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणपूर्व नै चिनियाँको अवैध गतिविधिबारे प्रहरी निगरानी बढेको थियो। अनुसन्धानमा संलग्न एक प्रहरीका अनुसार अवस्था कस्तो

### चिनियाँले प्रयोग गर्ने गाडी जो भेटिएनन्

- बा ११ च ९८७५
- बा ११ च ५१३५
- बा २१ च ६०४४
- बा १९ च ९२९९
- बा १६ च ५५३७
- प्रदेश ३ ०१-०२२ च २२०३
- बा १४ च ५७८६
- बा २१ च ५१६८
- बा ७ च ६५२५
- बा १९ च ४३६
- बा ८ च ६६८
- बा १९ प ५४८
- बा २ च ६२
- बा २२ प २२०३
- बा १९ प ८५९६



**जुवा गिरोहका नाइके दावा छिरिङ (बीच) सँग उपराष्ट्रपतिपुत्र दीपेश पुन (बायाँ) र गृहमन्त्रीपुत्र प्रतीक थापा**

आइदियो भने चिनियाँ राष्ट्रपतिलाई राख्न तय गरिएको होटल सोल्टीमै गिरोहका झन्डै १५ जना चिनियाँ युवती बसिरहेको पाइएपछि सुरक्षाका कारण हटाउनु परेको थियो ।

२७ असोजमा महानिरीक्षक खनाल इन्टरपोलको ८८ औं महासभामा भाग लिन चिली गएपछि निमित्तको जिम्मेवारी प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) पुष्कर कार्कीलाई दिइयो । सोही बेला कार्कीले गृहसचिव, गृहमन्त्री र प्रधानमन्त्रीलाई चिनियाँ गतिविधि र चासोबारे जानकारी गराएका थिए । त्यसपछि काठमाडौंस्थित चिनियाँ दूतावासले औपचारिक पत्राचार गरेर आफ्ना नागरिक पक्राउ गरिदिन भन्यो । त्यसलगत्तै प्रहरीले टिम नै बनाएर काम अगाडि बढायो ।

प्रहरी मुख्यालयको अपराध अनुसन्धान विभागका एआईजी कार्कीले महानगरीय आयुक्त कार्यालय रानीपोखरीका प्रमुख डीआईजी शैलेश थापा (हाल प्रवक्ता) लाई अनुसन्धानको जिम्मा दिए । तर ७ पुसमा अपरेसन गर्दा आफूलाई थाहा नभएको एआईजी कार्की बताउँछन् । उनी भन्छन्, "अनुसन्धान परिपक्व भएपछि अपरेसन गर्ने तयारीमा थियौं । तर मलाई नै थाहा नदिई अपरेसन गरियो ।"



**चेन सितियानले जफत सामान छुटाउन पठाएको भ्वाइस म्यासेज र आईजीपी सर्वेन्द्र खनालसँगको तस्बिर**

प्रहरीभित्र यो घटनाले विवाद ल्याएको ९ पुसमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा आयोजित पत्रकार सम्मेलनबाट समेत बुझिन्छ । पत्रकार सम्मेलनमा अपरेसनको योजना कहाँ बनेको र कसको निर्देशनमा काम भयो भन्नेमा सीआईबी प्रमुख डीआईजी निरज शाहीले समय खर्चिएका थिए । पत्रकार सम्मेलनको उद्देश्य नै यो अपरेसनमा आईजीपीलाई स्थापित गर्नुजस्तो बनेको थियो । तर अपेक्षित नतिजा ननिस्किएको सम्बन्धमा शाही अनुसन्धान हुँदै छ भनेर पन्छिएका थिए ।

दूतावासलाई गृह मन्त्रालयले ५ देखि ८ सय चिनियाँ पक्राउ पर्न सक्ने अनौपचारिक जानकारी गराएको थियो । गृहसचिव राई अपेक्षाअनुसार काम नभएको बताउँछन् । "जति काम गर्नुपर्ने हो, गर्न सकिएन । मैले यो प्रश्न प्रहरीसमक्ष समेत उठाएको थिएँ । एकातिर काम गर्दागर्दै अर्कोतिर सकिएन । भागेछन् भन्ने जवाफ आएको छ," राई भन्छन् । गृहसचिवकै भनाइले पनि प्रहरीको अपरेसन शैली कति फितलो रहेछ भन्ने बुझाउँछ । यसको त्रुटि पहिल्याउनेसमेत

## चिनियाँ चासो

**चिनियाँ दूतावासले प्रहरीलाई दिएको जानकारीअनुसार चिनियाँ आपराधिक गिरोहले अनलाइनमार्फत अवैध रूपमा वार्षिक ६ खर्ब आरएमबीभन्दा बढी चिनियाँ मुद्रा विदेशमा तान्छ । यसअघि गिरोहले पूर्वी एसियाली मुलुकमा बसेर यस्तो कारोबार सञ्चालन गरेको थियो । मलेसिया, फिलिपिन्स, कम्बोडिया, भियतनाम, सिंगापुर, इन्डोनेसिया, लाओसलगायत मुलुकमा यो समूहले अनलाइनमार्फत ठूलो आर्थिक ठगी गर्दै आएको थियो । *चाइना डेली*का अनुसार चीनले सन् २०१५ अप्रिलदेखि ती मुलुकमा 'फक्स हन्ट' नामक अपेरसन चलायो ।**

**ती मुलुक असुरक्षित भएपछि भाग्न सफल गिरोह नेपाल छिरेको प्रहरीको भनाइ छ । यस्तो अपराधमा संलग्न अधिकांश चीनको फुजियान प्रान्तका हुन् । नेपालमा यो कारोबार सञ्चालन गर्ने सितियान र रोङफेङ त्यही प्रान्तका हुन् । यो प्रान्त चीनको स्वशासित क्षेत्र ताइवानको सीमावर्ती हो । यस्तो अपराध ताइवानबाटै अन्य मुलुकमा सुरु गरेको मानिन्छ । ताइवान अमेरिकालगायत पश्चिमा मुलुकको प्रभाव क्षेत्र हो र चीनबाट अलग हुने मुद्दामा सघाउँदै आएको छ । चीनले भने ताइवानलाई आफ्नो अभिन्न भूमि मान्छ ।**

**विश्व महाशक्तिको होडमा तीव्रतर लागिरहेको चीनको अर्थतन्त्र कमजोर पार्न अमेरिकाको सहयोगमा यस्तो गिरोह विश्वव्यापी परिचालन भएको चीनले दाबी गर्दै आएको छ । गत असोजमा चिनियाँ राष्ट्रपति सी चिनफिङले ताइवानलाई चीनबाट खण्डित बनाउने गतिविधि रोक्न अमेरिकालाई नेपाल भ्रमणका बेला चेतावनी दिएका थिए । अर्थतन्त्र कमजोर भए चीनको अहिलेको विश्वशक्ति बन्ने तीव्रतर चालमा बाधा पर्नेछ । यही चासोका कारण चीनले नेपालमा रहेका आफ्ना नागरिकका अवैध गतिविधि रोकिदिओस् भन्ने चाहना राखेको हुन सक्छ । तर माफियाराजसँग सुरक्षा निकायदेखि सत्तासीन व्यक्तित्वको साँठगाँठले सन्देह पैदा गरिदिएको छ ।**

उनी बताउँछन् ।

प्रहरीभित्रैबाट सूचना चुहिएर कतिपय ठाउँबाट चिनियाँ भागे । गिरोहका नाइके कोही पक्राउ परेनन् । छापा मार्नुभन्दा केही दिनअघि नै बालुवाटार बस्ने सितियानसहितको सञ्चालक टिम फिलिपिन्स पुग्यो । छापा मारेकै बिहान बूढानीलकण्ठका सुरेन्द्र लामाको घरबाट लाइन लागेर चिनियाँ बाहिरिएका थिए । अपराह्न प्रहरी पुग्यो । काठमाडौँका २० ठाउँबाट चिनियाँले यस्तो धन्दा चलाउने गरेको पहिचान गरेको थियो, प्रहरीले । तर छापा मारियो तीन ठाउँमा मात्रै । छापा मारिएका क्षेत्रका समेत सबै घर समेटिएनन् ।

मनमैजुमा सबैभन्दा थोरै चिनियाँ बसेको ठाउँमा प्रहरी पुग्यो तर नजिकैको २ सय जना बसेको ठाउँ चिनेन । चिनियाँ दूतावासले समेत केही 'लोकेसन' दिएको थियो । *नेपाल*लाई प्राप्त अनुसन्धान प्रतिवेदनअनुसार प्रहरीले छापा मारेबाहेक सामाखुसी, लाजिम्पाट, बालुवाटार, महाराजगन्ज, चप्पल कारखाना, ललितपुरको नखिपोटका विभिन्न घर चिनियाँ गतिविधिका क्षेत्र हुन् । केही होटलमा समेत उनीहरूको गतिविधि हुने गरेको पहिचान भएको थियो ।

प्रहरी अपरेसनकै शैलीसमेत अचम्मका देखिए । कोही नउम्किऊन् भनेर यस्ता अपरेसन सामान्यतः सबै सुतेका बेला बिहान झिसमिसमै गरिन्छ । तर चिनियाँ गिरोहविरुद्धको अपरेसन दिनमै गरियो । "पहिचान भइसकेका ठाउँमा एकसाथ गरिनुपर्नेमा कामदार बस्नेमा मात्र गरियो," प्रहरीका एक डीआईजी भन्छन्, "प्रहरीको कार्यशैली सन्देहपूर्ण देखियो ।"

प्रहरी प्रवक्ता डीआईजी शैलेश थापा भने सुझबुझपूर्ण तरिकाले नै अपरेसन सञ्चालन गरिएको भन्दै प्रतिरक्षा गर्छन् । "परिचालित प्रहरी युनिटहरूले अवस्था हेरेर कुनमा तत्काल छापा मार्ने र कुनमा थप सूचना आएपछि छापा मार्ने भन्ने निर्धारण गर्छन् । सोहीअनुसार भएको हो," डीआईजी थापाको प्रस्टीकरण छ ।

## नखोजिएको पाटो

आधा दर्जन नेपालीले चिनियाँलाई यस्तो काममा सघाएको पर्याप्त आधार प्रहरीसँग थियो । मञ्जिल, अमलासहित सीता राना मगर, दीपक बुढा मगर, सुनील अग्रवाल, दिलीप आचार्य, निस श्रेष्ठ, सागर पाली र गोविन्द सापकोटा चिनियाँ गिरोहसँग काम गर्ने नेपाली हुन् । अनुसन्धानमा खटिएका प्रहरीका अनुसार सीता भाषा अनुवादकको भूमिकामा छिन् भने आचार्य, श्रेष्ठ, पाली र सापकोटा कानुनी कागजात बनाउन संलग्न छन् । बुढा मगर माओवादी (हाल नेकपा) सँग नजिक छन् । अग्रवाल उक्त गिरोहको रकम चीनबाट हुन्डीमार्फत नेपाल ल्याउन सक्रिय भूमिकामा देखिएका छन् । याद रहोस्, प्रहरीले छापा मारेलगत्तै कानुनी कागजात मिलान गरिदिनेबाहेक सबैको फोन स्वीच अफ भइसकेको छ । यसले समेत उनीहरूको संलग्नता रहेको थप आधार मिल्छ ।

> मन्त्रालयसँग सम्बन्धित काममा चिनियाँहरू आइरहने हुँदा त्यो भेटघाट स्वाभाविक हो ।
>
> – **वर्षमान पुन**, ऊर्जामन्त्री

अमलाका श्रीमान् दावासमेत फरार छन् । रोचक के भने उद्योग विभागमा दावाले आफ्नो राष्ट्रियता नै फरक-फरक पेस गरेका छन् । विभागमा दर्ता भएको वैदेशिक लगानीका परियोजनामा उनले फरक-फरक पहिचान दिएका हुन् । सिन्धुपाल्चोकमा खानी सञ्चालन गर्नेसम्बन्धी योजनामा उनले आफ्नो राष्ट्रियता नेपाली उल्लेख गरेका छन् भने होटल, रेस्टुराँ सञ्चालन गर्ने योजनामा बेल्जियम नागरिक भएको प्रमाण पेस गरेका छन् । उनीसँग नेपाल र बेल्जियमको पासपोर्ट रहेको छ । चिनियाँ नागरिकले कसरी नेपाली पासपोर्ट लिए भन्ने खुलेको छैन ।

**अवैध धन्दा :** कम्पनी रजिस्ट्रारमा दर्ता भएको जुवा कम्पनी

कानुनी रूपमा दर्ता नै नहुनुपर्ने कम्पनीसमेत इजाजतप्राप्त छन् । ओरियन्टल इन्टरटेनमेन्ट अनलाइन र रोयल स्यान्ड्स टेक इन्टरटेनमेन्ट ग्याम्बलिङ नामक कम्पनी दर्ता छन् । ओरियन्टल ७ माघ ०७५ मा र रोयल १३ साउन ०७६ मा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको छ । ओरियन्टल विपना तामाङको नाममा दर्ता छ भने रोयलमा अमला रोका र मञ्जिल श्रेष्ठ सञ्चालक छन् । कम्पनी कानुनका जानकार वरिष्ठ अधिवक्ता मेघराज पोखरेलका अनुसार जुवा ऐनले क्यासिनोबाहेकका अन्य जुवा सञ्चालनमा रोक लगाएको छ । तर यो समूहले बकाइदा जुवा कम्पनी दर्ता गरेरै चलाएको देखिन्छ ।

## नेपाललाई अप्ठेरो

नेपालका सुरक्षा अधिकारीले अपरेसनमा चिनियाँ संलग्नता लुकाउन खोजिरहेकै बेला चीनको विदेश मन्त्रालयले पत्रकार सम्मेलन गरेर यसलाई नेपाल र चीनको संयुक्त अपरेसन भएको दाबी गऱ्यो । १४ जना चिनियाँ अनुसन्धान अधिकृत काठमाडौँ आए पनि उनीहरूको अपरेसनमा कुन तहको संलग्नता थियो भन्ने दुवै मुलुकले खुलाएका छैनन् । तर नेपाल र चीनबीच सुपुर्दगी सन्धि नभएकाले पक्राउ परेका चिनियाँलाई कसरी नेपालले पार लगाउँछ भन्ने धेरैको चासो छ ।

सुपुर्दगी सन्धि नभए पनि नेपाल र भारतबीच भने कोर अपराधमा संलग्नलाई एकआपसमा हस्तान्तरण गर्ने प्रचलन छ, अनौपचारिक रूपमा । तर त्यसका लागि उनीहरूको प्रमाणित अपराधको प्रोफाइल चाहिन्छ । नेपालमा पक्राउ परेका चिनियाँको कसुर नै भेटिएको छैन । अर्थात्, प्रहरीले पक्राउ गरेपछि कसुर खोजिरहेको छ । यसले दुइटा अर्थ बोक्छ या त चिनियाँ दबाबमा नेपालले काम गऱ्यो या त अपरेसन चलाउने तयारी नपुग्दै हतार गरियो । यसले नेपाललाई कूटनीतिक अप्ठेरोमा घचेट्ने जोखिम छ । ने

Mahindra
Rise.
BOLERO PIK-UP
NEPAL'S NO.1 PICK-UP
अब EXTRA Strong. EXTRA Powerful. अनि EXTRA Stylish
यो समूहको सर्वोकृष्ट कमर्सियल पिक-अप
अब पावर स्टीयरिंगका साथमा
PRESENTING NEW
BOLERO
MAXITRUCK PLUS
THE PERFECT CITY PICK-UP
1200 kg PAYLOAD
EXTRA STRONG SUSPENSION
17.7 km/l MILEAGE
15" LONG LIFE TYRE
मूल्य @ रू. १८,२५,०००/-
New Stylish Chrome Front Grille
BOLERO PIK-UP
EXTRA STRONG 1.3T
Strong Body & chassis
1300kg PAYLOAD
New 2523cc Powerful Engine
2540mm x 1700mm x 650mm CARGO BOX
मूल्य @ रू. २१,४०,०००/-
BOLERO PIK-UP
EXTRA LONG 1.5T
Improved Interior
1500kg PAYLOAD
New Wider comfortable cabins
2765mm x 1700mm x 650mm CARGO BOX
मूल्य @ रू. २३,६५,०००/-
4WD Pik up
63 BHP Power
195 NM Torque
2523 cc Powerful Engine
BOLERO PIK-UP
4X4
मूल्य @ रू. २२,७५,०००/-
Mahindra Bolero Pik-Up
उद्यमशील नेपालीको भरपर्दो साथी
स्वागत छ उदयको संसारमा
UDAY
AGNI INCORPORATED PRIVATE LIMITED
Agni Incorporated Pvt. Ltd.
Naxal, Bhagwati bahal, Kathmandu, Tel: 01-4419133/4419134;
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259,
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522
Insurance Partners:
Sagarmatha
VIP
MAXIMILE
GENUINE ACCESSORIES
Url: www.agnimahindra.com
Email: marketing@agnigroup.com.np
Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np
twitter/AgniGroup
instagram/AgniGroup
facebook.com/MahindraAgniGroup

# फसादको जड

## सामाजिक सञ्जालको दुरूपयोगका कारण किशोरकिशोरी असुरक्षित

**कल्पना भट्टराई**

- एक वर्षअघि भक्तपुरकी १७ वर्षीया किशोरीको *फेसबुक* आइडीमा एक युवकको फ्रेन्ड रिक्वेस्ट आयो । स्वीकारपछि बिस्तारै उनीहरूबीच च्याट हुन थाल्यो । 'भर्चुअल' दुनियाँबाट नजिकिएका उनीहरूले छिट्टै बिहे गर्ने योजनासमेत बुने । वैदेशिक रोजगारीमा मलेसिया गएका ती युवकसँग उनी *फेसबुकमा* घन्टौँ कुरा गर्थिन् । त्यही क्रममा एक दिन ती युवकले नग्न तस्बिर खिचेर पठाउन भने । त्यसो गर्न सक्दिनँ भनेपछि उनले 'मायामा विश्वास नगरेको' भनेर घुर्की देखाए । आखिर बिहे उसैसँग गर्ने हो, के फरक पर्ला र भनेर फोटो खिचेर पठाइन् । त्यसपछि अर्धनग्न अवस्थामा भिडियो च्याट गर्न भने । युवकले भनेका सबै कुरा मान्दै गइन् । युवकका यस्ता हर्कतले आजित भएपछि सम्बन्ध तोड्न खोजिन् । च्याट नगरे फोटो र भिडियो *फेसबुकमा* अपलोड गरिदिने धम्की ती युवकले बारम्बार दिन थाले । युवकको धम्की सहन नसकेपछि किशोरीले आत्महत्याको बाटो रोजिन् । घटनापछि किशोरीका आफन्तले महानगरीय अपराध महाशाखा टेकुमा जानकारी गराए पनि पीडकविरूद्ध उजुरी भने दिएनन् ।

- धनगढीकी १६ वर्षीया किशोरी *फेसबुकमा* साथी बनिन्, टीकाराम भण्डारीसँग । उनीहरूबीच *फेसबुकमै* घन्टौँ च्याट हुन थाल्यो । कुराकानीकै क्रममा एक दिन ती युवकले सेक्स प्रस्ताव राखे । उनले मानिनन् । फेक आइडी बनाएर ती युवतीको अश्लील फोटो र भिडियो अपलोड गरेपछि उनका दाजुले ३ भदौ ०७६ मा प्रहरीमा उजुरी दिए ।

- १७ चैत ०७३ मा काठमाडौँ सामाखुसी रानीबारीस्थित नेपाल प्रहरी स्कुलमा १४ वर्षीय बालक मृत भेटिए । प्रहरी अनुसन्धानबाट उनले स्कुलको छतबाट हाम फालेर आत्महत्या गरेको देखियो । आफ्नै स्कुलकी केटी साथीको नक्कली फेसबुक आइडी बनाएर अश्लील सामग्री पठाएको घटनाले आत्महत्यासम्म पुर्‍यायो । ८ कक्षा पढ्ने यी विद्यार्थीको सहपाठी केटी साथीसँग झगडा भयो । त्यही निहुँमा उनले केटी साथीको नामबाट 'नक्कली फेसबुक आइडी' बनाए । सोही आइडीबाटै केटीका बुबालाई अश्लील सामग्री पठाइदिए । फेसबुकमा उनको आइडीबाट अश्लील सामग्री अपलोड भएको देखेपछि बुबाले छोरीलाई बोलाएर सोधे । उनले आफ्नै सहपाठीले यस्तो हर्कत गरेको हुन सक्ने लख काटिन् । केटीका अभिभावक विद्यालय

पुगेपछि विद्यालयकी तत्कालीन वार्डेन शर्मिला गुरूङले अश्लील फोटो अपलोड गर्ने विद्यार्थीलाई आइन्दा यसो नगर्न र स्कुल आउँदा आमालाई लिएर आउन भनिन् । तर ती विद्यार्थीले घर नगएर स्कुलको होस्टल भवनबाटै हाम फालेर आत्महत्या गरे ।

### चार महिनामा ४५ पीडित

सामाजिक सञ्जाल कतिसम्म डरलाग्दो बन्दै गएको छ भन्ने उदाहरण माथिका घटनाबाट प्रस्ट हुन्छ । सामाजिक सञ्जाल प्रयोगबाट पीडित हुनेमा सबैभन्दा बढी महिला र त्यसपछि बालबालिका छन् । नेपाल प्रहरीको केन्द्रीय साइबर ब्युरोको तथ्यांकले ०७६/७७ भदौदेखि मंसिरसम्म चार महिने अवधिमा दर्ता भएका ८ सय १८ उजुरीमध्ये ४५ बालबालिका सामाजिक सञ्जाललगायतका माध्यमबाट हुने अपराधबाट पीडित भएको देखाएको छ । महिलाको संख्या ४ सय ७३ भए पनि मुद्दा २४ वटा मात्रै दर्ता गरिएको छ ।

ब्युरोका प्रवक्ता तथा एसएसपी नवीन्द्र अर्याल बालबालिकादेखि वृद्धवृद्धा सबै सामाजिक सञ्जालबाट हुने अपराधको सिकार भएको बताउँछन् । भन्छन्, "किशोर-किशोरी सुरुमा प्रेम गर्छन्, त्यही क्रममा शारीरिक सम्बन्ध हुन्छ, पछि छुटेपछि एकअर्काको चरित्र हत्या गर्ने माध्यम *फेसबुक*लाई बनाउने गरेका छन् ।"

सेयरकास्ट इनिसिएटिभले गरेको मिडिया सर्वेक्षण, २०१९ अनुसार नेपालमा ३३ प्रतिशत जनसंख्याले नियमित रूपमा इन्टरनेट प्रयोग गर्छ। इन्टरनेट प्रयोग गर्ने नेपाली महिलामध्ये ८२ प्रतिशतले *फेसबुक* प्रयोग गर्छन् । यसपछि धेरै प्रयोग हुने एप्लिकेसन *फेसबुक*कै मेसेन्जर हो ।

एसएसपी अर्यालको भनाइमा किशोरीमाथि सामाजिक सञ्जालको दुरुपयोग गर्दै चरित्र हत्या गर्ने, मानसिक यातना दिनेजस्ता घटना बढी देखिन्छन् । गालीगलौज मात्रै होइन, प्रेमसम्बन्ध बिग्रिएपछि त्यसलाई पोख्ने साधन पनि बनेको छ, सामाजिक सञ्जाल । ब्युरोको तथ्यांकअनुसार साइबर अपराधमध्ये २२ प्रतिशत बालबालिकासँग जोडिएका छन् । सामाजिक सञ्जाल घरायसी विवाददेखि व्यक्तिगत सम्बन्धमा समेत रिसइबी साँध्ने माध्यम बन्दै गएको अर्याल बताउँछन् । उनको अनुभवमा जोकसैको पनि फ्रेन्ड रिक्वेस्ट एसेप्ट गर्ने, सजिलो पासवर्ड राख्ने र जे भन्यो, त्यो मान्ने भएकाले पनि सामाजिक सञ्जालबाट हुने अपराधको निशानामा बढीजसो बालबालिका पर्ने गरेका छन् ।

### असामाजिक सञ्जाल

*फेसबुक ट्वीटर, भाइबर, इमो*, गेमिङ साइट, भिडियो साइटजस्तै *युट्युब*, ब्लग आदिलाई सामाजिक सञ्जालमा समेटिएको छ । सामाजिक सञ्जालबाट देश-विदेशमा रहेकासँग एकअर्कामा जोडिन, ज्ञान आर्जन, रचनात्मक कर्म तथा मनोरञ्जन पनि प्राप्त गर्न सकिन्छ । बालबालिकालाई सही तरिकाले सामाजिक सञ्जाल प्रयोग गर्न सिकाउन सकिए लाभ पुग्न सक्ने बालअधिकारकर्मी रवि गौतम बताउँछन् ।

उनको भनाइमा सामाजिक सञ्जालमा एक पटक पोस्ट गरिएका सामग्री तथा फोटा कहिल्यै पनि हटाउन सकिँदैन । मोबाइल या कम्प्युटरबाट डिलिट गरे पनि क्लाउडमा रहन्छ । ह्याकरले कुनै पनि बेला यसलाई डाउनलोड गर्न सक्छ भन्ने चेतना अभिभावकले बालबालिकालाई दिन सक्नुपर्छ । बालबालिकाले सामाजिक सञ्जालको प्रयोग कसरी गरिरहेका छन्, कुन साइट हेर्छन्, *फेसबुक*मा के कुरा पोस्ट गर्छन्, उनीहरूका साथी कस्ता छन्जस्ता विषयमा अभिभावकले निगरानी गरे केही हदसम्म अपराधबाट जोगाउन सकिने प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का डीएसपी पशुपतिकुमार राय बताउँछन् ।

### प्रहरीकहाँ पुग्दैनन् घटना

अनलाइन अपराध घटना अहिले विद्यालयमा

## ठूलो अपराध, सीमित कानुन

**देशभरका साइबर अपराधसम्बन्धी मुद्दा काठमाडौँ जिल्ला अदालतमा मात्रै चल्छ । यस्ता अपराधका मुद्दाको अनुसन्धान मूलतः महानगरीय प्रहरी परिसर टेकु, महानगरीय प्रहरी अपराध महाशाखा, केन्द्रीय साइबर ब्युरोले गर्छन् भने मुद्दा चलाउने काम जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँमार्फत हुन्छ ।**

**महानगरीय अपराध महाशाखा काठमाडौँको तथ्यांकअनुसार आर्थिक वर्ष ०७२/७३ देखि चालू आव ०७६ कात्तिकसम्म ५ हजार ८ सय २२ उजुरी आएका छन् । सबैभन्दा बढी उजुरी गत आव ०७५/७६ मा १ हजार ९ सय ३८ वटा परेका थिए ।**

**प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको तथ्यांकअनुसार आव ०७४/७५ देखि चालू आव ०७६/७७ सम्म ३२ वटा मात्रै मुद्दा दर्ता भएका छन् । जबकि सोही अवधिमा ३८ व्यक्ति मात्रै पक्राउ परेका छन् । अनुसन्धानमा सहभागी प्रहरीको भनाइमा समाजमा यस्ता घटना बढ्तै रहे पनि विभिन्न कारणले प्रहरीसमक्ष थोरै मात्रै उजुरी आइपुग्छन् । ब्युरोको तथ्यांकअनुसार चालू ०७६ को साउनमा मात्रै फेसबुक म्यासेन्जरको अपराधबाट १ सय २९ पीडित भएका छन् । भदौमा २ सय ९, असोजमा १ सय ३६, कात्तिकमा १ सय ३५ र मंसिरमा १ सय ७९ वटा छन् । यी तथ्यांकले बोल्छ, साइबर अपराध बढ्दै गएको ।**

**प्रहरीले साइबर अपराध नियमनका लागि विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, ०६३ प्रयोग गर्दै आएको छ । उक्त ऐनको दफा ४७ मा कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चार माध्यममा नैतिकता, शिष्टाचारविरुद्धका सामग्री, कसैप्रति घृणा वा द्वेष फैलाउने सामग्री प्रकाशन वा प्रदर्शन गरे दोषीलाई १ लाख रुपैयाँ जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।**

**सबै किसिमका साइबर अपराध ब्युरोले समेट्न नसक्ने भए पनि आफ्नो परिभाषाभन्दा बाहिरका अपराधमा समेत यही ऐन आकर्षित भइरहेको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का डीएसपी पशुपतिकुमार राय बताउँछन् । अहिले अपराधको स्वरूप परिवर्तन भएको उनको तर्क छ । साइबर ऐनको परिच्छेद ९ मा उल्लिखित कम्प्युटरसम्बन्धी व्यवस्थाअन्तर्गत मोबाइलबाट हुने अपराधमा अश्लील फोटो/भिडियो अपलोड, चाइल्ड पोर्नोग्राफी, अनलाइनबाट हुने बैंकिङ ह्याकिङको विषय समेटिएको छैन । ऐनले नसमेटेपछि कारबाही गर्न पनि समस्या हुने रायको भनाइ छ ।**

अध्ययरत बालबालिकासम्मै पुगेको छ । यसको क्रम बढ्दो रहे पनि प्रहरीसमक्ष भने त्यस्ता घटना कम मात्रै पुग्ने गरेका छन् । बालबालिकामाथि अनलाइनबाट हुने दुर्व्यवहारका क्षेत्रमा काम गरिरहेको संस्था भ्वाइस अफ चिल्ड्रेनका निर्देशक कृष्ण थापा विभिन्न माध्यमबाट बर्सेनि १५ देखि २० वटा घटना आफूहरूकहाँ आउने गरेको बताउँछन् । पीडित बालबालिका उजुरीका लागि प्रहरीकहाँ कमै मात्रै जाने गरेको उनको भनाइ छ । सन् २०१८ मा संस्थाले बनाएको अनलाइनपीडित बालबालिकासम्बन्धी प्रतिवेदनमा सामाजिक सञ्जालबाट हुने अपराधमध्ये ७० प्रतिशत यौन दुर्व्यवहारबाट पीडित भएको देखाइएको छ । दुर्व्यवहारबाट पीडित २५ प्रतिशत बालबालिका आत्महत्या गर्ने अवस्थामा समेत पुगेको प्रतिवेदनमा उल्लेख छ । उनीहरूको उमेर १२ देखि १८ वर्षसम्म छ। संस्थामा आएका अनलाइन दुर्व्यवहारका घटना रिपोर्ट त हुन्छन् । तर अधिकांश घटना गुपचुप राखिएपछि त्यत्तिकै मिल्ने गरेका छन्। थापा भन्छन्, "अनलाइनमार्फत बालबालिकामाथि भइरहेको दुर्व्यवहारलाई सामान्य रूपमा लिने गरिएको छ। त्यसैले यस्ता घटना बाहिर आउनै पाउँदैनन् ।"

उनका अनुसार बालबालिकामाथि हुने दुर्व्यवहारका घटना उजुरी प्रक्रिया बालमैत्री छैन । झन्झटिलो प्रक्रियाले अभिभावक उजुरी गर्ने निकायसम्म पुग्न चाहँदैनन्। त्यस्ता घटना छानबिनका लागि गोपनीयता अपनाएर दोषीलाई कारबाही हुनेमा पीडितलाई आश्वस्त तुल्याउन सक्नुपर्ने थापाको सुझाव छ ।

प्रहरीको केन्द्रीय साइबर ब्युरोका प्रवक्ता, एसएसपी नवीन्द्र अर्याल छोराछोरीका घटना बाहिर आउँछन् भनेर लुकाउने गरिएको बताउँछन् । उनको बुझाइमा अहिले अभिभावकको बालबालिकाप्रति पारिवारिक 'कन्ट्रोल मेकानिजम' फुत्किएको छ । "छोरीको हकमा अभिभावक केही हदसम्म सचेत छन् । तर छोराले के गर्दै छ भन्ने कष्ट गर्दैनन्," अर्याल भन्छन्, "उनीहरूमाथि निगरानी नगरिँदा दुर्घटना निम्तिन पुग्छ ।" ने

# अनलाइनमा

[ टिप्पणी ]

सफल घिमिरे

संसारभर ४.५ अर्ब मानिसले इन्टरनेट चलाउँछन्। तीमध्ये ७० प्रतिशत १५ देखि २४ वर्षका छन् । प्रत्येक क्षण अनलाइनमा साढे ७ लाख यौनदुराचारी बालबालिकालाई ढुकेर बस्ने गरेका राष्ट्रसंघको अनुमान छ। प्रश्न आउँछ, एक्लै इन्टरनेट चलाउने हाम्रा बालबालिका कति सुरक्षित छन् त ?

तपाईं आठ वर्षे छोरालाई मनखुसी मोटरसाइकल चलाउन पक्कै भन्नुहुन्न किनकि त्यसका लागि निश्चित सीप चाहिन्छ। जोखिमसँग जुध्ने कला चाहिन्छ, जुन आठ वर्षेले सिकिसकेको हुँदैन। त्यस्तै, इन्टरनेटमा राम्रा/नराम्रा मान्छे र सामग्री चिन्ने परिपक्वता बालबालिकामा हुँदैन तापनि हामी तिनलाई इन्टरनेट भएको फोन निर्धक्क दिन्छौँ । उमेरै नपुग्दै *फेसबुक* अकाउन्ट खोलिदिन्छौँ। तिनीहरू बिनानिगरानी ब्राउजिङ, च्याट र लाइभ गर्न थाल्छन् । दुर्नियत भएका व्यक्तिसँग नजिकिएको पनि अभिभावकलाई थाहा हुँदैन ।

**भीमकाय समस्या** : साइबर कानुन बलियो भएका देशमा पनि बालबालिकालाई अनलाइनमा अपरिचित मान्छेले फकाउने प्रवृत्ति अकासिएको छ । प्रत्येक तीनमा एक बच्चाले यौनजन्य एसएमएस, तस्बिर वा भिडियो पठाएका वा पाएका छन् । कलिलो उमेरमा अनलाइनमै प्रेमसम्बन्ध गाँसेर आफ्नो नग्न तस्बिर वा भिडियो पठाउँदा पीडित भएका पनि धेरै छन् । यस्ता सामग्री इन्टरनेटमा गएपछि कसरी लाखौँ ठाउँमा सेयर हुन्छ र मेटाउन गाह्रो हुन्छ भन्ने चेत सानो उमेरमा हुँदैन । अपराधीले यस्ता तस्बिर वा भिडियो सार्वजनिक गरिदिने धम्की दिएर फाइदा उठाउँछन् ।

किशोर-किशोरीलाई यौनदुराचार गरिएका वा नग्न देखाइएका करिब ८५ लाख सामग्री इन्टरनेटमा रहेको इन्होपले फेला पारेको छ। केही वर्षअघि मात्रै मेक्सिकोमा पक्राउ परेका एकै क्यानडियाली दुराचारीसँग बालबालिकाका ४० लाख यौनिक तस्बिर थिए ।

पत्याउन गाह्रो होला, यस्तो बालयौन बजारको अनधिकृत अर्थतन्त्र लाखौँ अमेरिकी डलर बराबरको छ । पाँच वर्षमुनिकै भए पनि बालबालिकाका यौन तस्बिर वा भिडियो किन्ने-बेच्नेको जमात ठूलो छ । केही अपराधीको यौन मनोविज्ञान नै यसरी बनेको हुन्छ । तिनलाई बच्चासँगै यौन-आकर्षण हुन्छ । यस्ता अपराधी पैसा तिरेरै लाइभ बाल यौन शोषण हेर्छन् । बिटकोइन र डार्ककोइनजस्ता अनलाइन मुद्रा तिरेर परिचय गुमनाम राखी यस्ता सामग्रीको कारोबार हुन्छ ।

नेपालमा सन् २००६ सम्म इन्टरनेट प्रयोग गर्नेको संख्या ३ लाख थियो । त्यसको १३ वर्षमै त्यो संख्या १ करोड ६२ लाख पुगिसक्यो । *फेसबुक* अकाउन्टको संख्या त पोहोर सालै ८७ लाख पुगिसक्यो । किशोर-किशोरी इन्टरनेट र सामाजिक सञ्जाल धेरै चलाउँछन् ।

# असुरक्षित बालबालिका

तर तिनलाई निगरानी गर्नुपर्ने बाबुआमाको प्रविधिसँगको अभ्यस्तता (डिजिटल लिटरेसी) चाहिँ टिठलाग्दो छ ।

इन्टरनेट धेरै चलाउने मुलुकमा अधिकांश किशोर-किशोरीले नग्न तस्बिर वा भिडियो पठाउँदा स्न्यापच्याट भन्ने फोन एप्लिकेसन चलाएका थिए । जस्तै, अस्ट्रेलियामा अनलाइनमा नग्न तस्बिर पठाउने, पाउने वा सेयर गर्नेमध्ये ६४ प्रतिशत बालबालिकाले स्न्यापच्याट प्रयोग गरेका थिए । स्न्यापच्याट नेपाली किशोर-किशोरीले पनि धेरै चलाउँछन् । तर यसको उपयोगिता, गोपनीयता र जोखिमबारे राम्ररी बुझेका नेपाली अभिभावक बिरलै होलान् । यसरी नै *इन्स्टाग्राम*, *ह्वाट्सएप* र *स्काइप*मा अन्जान व्यक्तिलाई बालबालिकाले पठाएका आपत्तिजनक तस्बिर र भिडियोको दुरुपयोग भएको पाइएको छ ।

**असर कस्तो पर्छ ?** : धेरै वेबसाइटमा बारम्बार आफ्ना नग्न तस्बिर र भिडियो आउँदा पीडितले पटक-पटक अपमानित अनुभव गर्छन् । करोडौँको अनलाइन व्यवसाय चलाउने अपराधीलाई भने यसले झन्-झन् धनी बनाउँछ ।

अनलाइन यौनदुराचारबाट पीडित बच्चाहरू डिप्रेसनको सिकार बनेका छन् । तिनले आफ्नै हातखुट्टा काट्ने तथा त्रास, अपमान र नैराश्यले जेलेको अनुभव गर्छन् । पीडित अधिकांश किशोर-किशोरीलाई आत्महत्याको सोच आएको अनुसन्धानले देखाएका छन् । इन्टरनेटमा आफ्ना नग्न तस्बिर आएपछि कतिपयलाई जागिर पाउन मुस्किल भएको छ । यो भयावहबाट जोगिने उपाय नै नभएकाचाहिँ होइनन् ।

**रोक्ने कसरी ?** : पहिला कानुन नै सुधारौँ । आईसीएमईसीको भर्खरैको प्रतिवेदनअनुसार बालयौन अपराधसम्बन्धी सबैभन्दा कमजोर कानुन भएका ९ देशमा नेपाल परेको छ । बालबालिकाका नग्न, अर्धनग्न वा निजी तस्बिर तिनका अभिभावकको सहमतिबेगर सार्वजनिक गरिए कडा कारबाही गर्ने कानुन हुनुपर्छ ।

सरकार र आईटी कम्पनीहरूबीच साझेदारी दोस्रो आवश्यकता हो । तस्बिर र भिडियोको धमाधम डिजिटल फरेन्सिक एनालीसीस (तस्बिरको सिर्जना, उद्गम र प्रसार पत्ता लगाउन गरिने विश्लेषण) र इमेज रिकग्निसन (तस्बिरको रङ, आकार र त्यसमा भएका वस्तुको विश्लेषण) का लागि प्रहरीको स्रोतले मात्रै पुग्दैन । सामाजिक सञ्जाल वा आईटी कम्पनीसँग प्रहरीले सहकार्य गर्ने हो भने त्यस्ता धेरै सामग्री तत्काल इन्टरनेटबाट झिक्न मिल्छ । *युट्युब* र *फेसबुक*जस्ता कम्पनीले त सकेसम्म तिनलाई अपलोड हुन नै दिँदैनन् । तर धेरैजसो कृत्रिम विद्वता (आर्टिफिसियल इन्टेलिजेन्स) आधारित प्रविधिले अंग्रेजी भाषा आधारित सामग्री मात्रै विश्लेषण गर्न सक्छन् । हाम्रो समस्या समाधान गर्न हामी नै लाग्नुपर्छ ।

इन्टरनेट सेवाप्रदायक, सामाजिक सञ्जाल र वेबसाइट सञ्चालकलाई नियमन गर्ने उद्योग सञ्चालन निर्देशिका बनाउनु अर्को खाँचो हो । जस्तै, *फेसबुक*को नीतिअनुसार १३ वर्ष नपुगी कसैले अकाउन्ट खोल्न पाउँदैन । तर हामी आफ्ना छोराछोरीको अकाउन्ट त लगभग जन्मँदै खोल्दिन्छौँ । यसलाई रोक्न सामाजिक सञ्जाल कम्पनीलाई अकाउन्ट होल्डरको कडा निगरानी गर्न लगाउने नियम बनाउन सकिन्छ । १३ वर्ष पुगेका तर १८ नकटेका प्रयोगकर्तालाई सकेसम्म नचिनेको मान्छेको फ्रेन्ड रिक्वेस्ट नआउने वा पब्लिक सर्चमा तिनको प्रोफाइल नदेखिने बनाउन यस्ता कम्पनीलाई दबाब दिन सकिन्छ ।

बालबालिकाको आपत्तिजनक तस्बिर वा भिडियो भेटिए इन्टरनेट सेवाप्रदायकले तत्काल प्रहरीलाई खबर गर्नुपर्ने नियम पनि लगाउन सकिन्छ । धेरै मुलुकमा यस्तो नियम छ । स्वास्थ्यकर्मी वा चाइल्डकेयरमा काम गर्ने व्यक्ति र फोटो/भिडियो स्टुडियो आदिलाई पनि यस्तो सूचना दिन अनिवार्य गराउने र नगरेको भेटिए कारबाही गराउने नियम बनाउन जरुरी भइसकेको छ ।

इन्टरनेटमा हुने दुराचार एक मुलुकभित्र मात्रै हुँदैन । अपराधीहरू संसारका कुना-कुनामा हुन्छन् । प्रहरीले अन्तर्राष्ट्रिय सहकार्य जति राम्रो गर्न सक्यो, अपराध समाधान गर्ने सम्भावना उति बढी हुन्छ । यसमा इन्टरपोल पनि सक्रिय छ । इन्टरपोलसँग मात्रै बालयौन दुराचार गरिएका १५ लाख भिडियो र तस्बिरको डाटाबेस छ । उसले तिनको मिहीन विश्लेषण गर्दै दुराचारी पत्ता लगाउने र राष्ट्रिय प्रहरीहरूसँग मिलेर अपराधीलाई समात्ने काम गर्छ । तर हामीसँग बालयौन दुराचारीलाई हदैसम्मको सजाय प्रत्याभूत गराउने आफ्नै पर्याप्त कानुन हुनुपर्छ । यससँगै बालयौन दुराचारका सामग्री बनाउने, हेर्ने र संग्रह गर्ने तीनै कामलाई 'गम्भीर अपराध' भनी परिभाषित गरिनु आवश्यक छ ।

यस्तो अपराधको जरो उखेल्ने सबैभन्दा प्रभावकारी तरिका किशोर-किशोरी र अभिभावकलाई नै सजग बनाउनु हो । जस्तै, छोराछोरीले इन्टरनेट चलाउँदा अभिभावकसँगै बस्न सकिन्छ । अनलाइनमा नग्न सामग्री पठाउँदा हुने आजीवन अप्ठेरोबारे कुराकानी थाल्नु राम्रो हुन्छ । हाम्रा बालबालिका धेरै प्रविधिमैत्री छन् । तिनलाई सिकाउन उस्तै तरिका (जस्तै, एनिमेटेड भिडियो वा गेम) चाहिन्छ । समस्या परिहाले सम्पर्क गर्ने निःशुल्क हेल्पलाइन भयो भने पनि पीडितलाई धेरै भौतिक र मानसिक क्षतिबाट जोगाउन सकिन्छ । तर यस्तो अवस्था आउनै नदिनचाहिँ अभिभावक नै सक्रिय हुनुपर्छ । सीपै नसिकी मोटरसाइकलको चाबी जिम्मा दिने/नदिने निर्णय तपाईंकै हो । ने

: @TextSafal

# 'डिजिटल प्लेटफर्म' मा

## फेसबुक पेज र ग्रुपमार्फत तन्नेरीहरू सकारात्मक अभियानमा

**गोकर्ण गौतम**

नयाँ दिल्लीमा आमाको उपचार गराइरहेका फिल्म निर्देशक निश्चल बस्नेतलाई तत्काल रगत चाहियो । अस्पतालमा दौडधुप गरे तर पाएनन् । नयाँ ठाउँमा रगत कहाँ खोज्ने ? उनको बेचैनी बढ्यो । यो पीडा उनले मेन्स रूम रिलोडेड (एमआरआर) नामक *फेसबुक* ग्रुपका सक्रिय सदस्य सन्तोषकुमार थापालाई पोखे ।

सन्तोषले तत्कालै ग्रुपमा रगत समूह, दिल्लीको अस्पताल उल्लेख गरेर सहयोगको अपिल गरे । त्यसको आधा घन्टा नबित्दै दिल्लीमा चिकित्साशास्त्र पढिरहेका तीन नेपाली विद्यार्थी रगत लिएर अस्पताल पुगे । उनीहरू एमआरआरकै सदस्य थिए । विदेशी भूमिमा यतिविघ्न साथ पाएपछि निश्चलले *फेसबुक*मै लेखे, 'मेरो आमाको जीवन बचाइदिनुभएकामा धेरै-धेरै धन्यवाद ।'

केही समयअघि ललितपुरका सात वर्षीय बालक घरबाट भागेछन् । परिवारले खोजखबर गरे तर भेट्दै-भेट्नन् । अपहरणमा परे कि भन्ने डर बढ्न थाल्यो । *फेसबुक* पेज रुटिन अफ नेपाल बन्दमा बालकको तस्बिर पोस्ट गरेर कसैले देखे प्रहरी वा परिवारमा सम्पर्क गरिदिन आग्रह गरियो । पेज लाइक गरेका एक जनाले बालकलाई पोखरामा देखेछन्, उनले प्रहरीलाई खबर गरे । पेजका संस्थापक भिक्टर पौडेलका अनुसार त्यही दिन बालकलाई घर फर्काउन सम्भव भयो ।

सामाजिक सञ्जाल *फेसबुक* वरदान कि अभिशाप भन्ने बहस सुरु भइसकेको छ । *फेसबुक*ले मानव जीवन र सम्बन्धमा अनेक जटिलता र दुर्दशा निम्त्याइरहेको छ । नेपालमै *फेसबुक*को उच्च प्रयोग घातक बनिरहेको विभिन्न अनौपचारिक अध्ययनको निष्कर्ष छ । दैनिक जीवनमा हामी आफैँले भोगिरहेका छौँ । तर माथिका दुई उदाहरणले सकारात्मक पाटो उघार्छ । खासमा *फेसबुक* आफैँमा नराम्रो होइन, सिर्फ हामीले मानवीय हितका खातिर प्रयोग गर्न चुकेकोचाहिँ वास्तविकता हो । एमआरआर र रुटिन अफ नेपाल बन्द यसका प्रमाण हुन् । अरू पनि छन्, जुन आयआर्जन, सार्थक बहस, मनोरञ्जन, सामाजिक सेवा/एकता र मनको बह पोख्ने गतिलो माध्यम बनिरहेका छन् ।

वुमन्स रुम रिलोडेड (डब्लुआरआर), मिम नेपाल, ट्रोल नेपाल, ठग लाइफ नेपाल, नेप्लिज् ब्रदर्स आदि-आदि । त्यहाँ हजारौँ *फेसबुक* प्रयोगकर्ताको प्रत्यक्ष 'इन्गेजमेन्ट' हुन्छ । रुटिन अफ नेपाल बन्दका भिक्टर भन्छन्, "हामी सूचना, मनोरञ्जन र सेवाको डिजिटल प्लेटफर्म हौँ, जसमा सबैको पहुँच सरल र सहज छ ।" मूलधारे मिडियाले गर्न नसकेको, नसक्ने र नचाहेको कन्टेन्टमा स्वतन्त्र पेज र ग्रुप केन्द्रित भएको उनको भनाइ छ ।

रमाइलो के भने, अहिले यति प्रभावकारी बनिरहेका पेज र ग्रुपको सुरुआतीचाहिँ ख्यालठट्टामा भएको थियो, खास ठूलो उद्देश्य, ऊर्जा र लगानी थिएन । रुटिन अफ नेपाल बन्दकै कुरा गरौँ । नेपालमा सम्भवतः सबैभन्दा धेरै प्रयोगकर्ता सक्रिय हुने स्वतन्त्र पेज हो यो, लाइक्स नै १५ लाख नाघेको छ ।

पेज खोल्दा भिक्टर १० कक्षामा पढ्दै थिए । तिनताका नेपाल बन्द भइरहन्थ्यो, घन्टौँ लोडसेडिङ हुन्थ्यो । भिक्टरले बन्द र लोडसेडिङ सेड्युलबारे जानकारी दिने हेतुले पेज बनाए । उनी सम्झन्छन्, "बन्दको विरोध गर्ने पार्टी आफैँ बन्द गर्थे, लोडसेडिङको आतंक नै थियो । त्यसैले सूचना दिन भन्दै व्यंग्यात्मक शैलीमा पेज खोलेको थिएँ ।" केही समयपछि रगत चाहिँदा, कसैको नागरिकता, लाइसेन्स, पासपोर्ट हराउँदा वा भेटिँदा सम्बन्धितकहाँ पुगोस् भनेर 'हेल्प पोस्ट' गर्न थाले । पेजको लाइक बढ्दै गयो ।

चाहे जनचासोका घटना होस् वा नेपालको सौन्दर्य झल्काउने भिडियो/तस्बिर । चाहे उत्प्रेरक कथा हुन् वा जोक्स, रुटिन अफ नेपाल बन्दमा बरोबर पोस्ट भइरहन्छ । भिक्टर नागरिक पत्रकारिताको प्रयास गरिरहेको बताउँछन् । यस अलावा बलात्कारविरोधी र

**रुचाइएका पेज**

| सन् २०११ | सन् २०१४ | सन् २०१६ | सन् २०११ | सन् २०११ |
|---|---|---|---|---|
| रुटिन अफ नेपाल बन्द | मिम नेपाल | ठग लाइफ नेपाल | नाज इन्टरटेनमेन्ट | ट्रोल नेपाल |
| १५.१४ लाख | ११.९४ लाख | ८.९० लाख | १०.६ लाख | ३.८५ लाख |

# सुकर्म

दुर्गम भेगमा पुस्तकालय खोल्न पनि यो पेजले पहलकदमी लिने गर्छ। फिल्म, म्युजिक भिडियो वा अन्य व्यावसायिक उत्पादनको पैसा लिएरै प्रचार पनि गर्छन्। पेजको चार एड्मिन छन् भने सयभन्दा धेरै स्वयंसेवक। भिक्टर भन्छन्, "तर हामी सामाजिक उत्तरदायित्वबोध गरेर विश्वसनीय र आवश्यक कुरा मात्र पोस्ट गर्छौं। सामाजिक कार्य पनि हाम्रो प्राथमिकतामा छ।" हास्यपरक कन्टेन्टका लागि मिम नेपाल प्रिय मानिन्छ। ६ वर्षमा १२ लाख लाइक्स कमाएको छ। निर्जन तिमिल्सिना बेलायतमा थिए, व्यस्त दैनिकीबाट समय निकालेर मनोरञ्जन गरौं र बाँडौं भनेर पेज सुरु गरेका थिए। अहिले यसबाटै ६ जनाको रोजीरोटी चलेको छ।

भूकम्पपछि पेजमा जोक्स र ट्रोल केही समय निषेधजस्तै गरियो। कालो लोगो राखेर भूकम्पपीडितलाई सहयोगार्थ सक्रिय भए, पेजका प्रयोगकर्ता नै स्वयंसेवी बनेर खटिए। त्रिपाल, औषधी र रगत जोहो गर्न थाले। केही समयमै पेजको लाइक्स ५० हजारबाट ५ लाख पुग्यो। त्यसपछि फेरि कमेडीमा केन्द्रित भए। मौलिक जोक्स र ट्रोलका लागि यो पेज परिचित छ। निर्जन भन्छन्, "इन्टरनेट र सामाजिक सञ्जालको विस्तारले पेज/ग्रुपको महत्त्व बढाएको छ। हामी यसलाई सामाजिक हितमा जोडेर व्यावसायिक बनाउन प्रयासरत छौं।"

बाढीपहिरो, हुरीजस्ता विपद् आउँदा आर्थिक सहयोग र फिल्डमा स्वयंसेवी जुटाउने गर्छ। विपन्न बालबालिकाको शिक्षाका लागि रकम जम्मा गर्छन्। *वीरविक्रम* २ को हास्यपरक समीक्षा गरेपछि मिम नेपाल विवादमा परेको थियो। यसबाहेक ठग लाइफ नेपाल, नाज इन्टरटेन्मेन्ट, ट्रोल नेपाललगायतका पेज सूचना र मनोरञ्जनमूलक सामग्री प्रवाह गर्न र प्रयोगकर्तामार्फत सेवामूलक कार्यमा अग्रसर छन्। ठग लाइफ नेपालका शर्माजी प्युठान भन्छन्, "यतिबेला नेपाल भ्रमण वर्ष-२०२० सफल बनाउन आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्ने पोस्टलाई पेजले प्राथमिकतामा राखेको छ।" चार वर्षअघि उनका भाइ सुजन शर्माले पेज सिर्जना गरेका थिए।

प्रयोगकर्ताबीच आत्मीय पैदा गर्ने मामलामा फेसबुकका 'ओपन पेज' भन्दा 'क्लोज ग्रुप' अगाडि छन्। समूहका सदस्यबीच प्रत्यक्ष सम्बन्ध स्थापित भएपछि सेवामूलक कार्यमा एकजुट हुन सहज भइहाल्यो। केटाहरूको एमआरआरमा ९८ हजार सदस्य छन्। नक्कली प्रयोगकर्तालाई निरुत्साहन गर्न समूहका सदस्यको सिफारिस र एड्मिनले स्वीकृत गरेपछि मात्र नयाँ सदस्यले एमआरआरमा प्रवेश पाउँछ। संसारका दुई दर्जन देशमा बसेका नेपाली केटाहरू ग्रुपमा आबद्ध छन्, त्यसैले ग्रुप २४ घन्टा नै सक्रिय हुन्छ। केटाहरूले आफ्नो व्यक्तिगत भोगाइ पोख्ने गर्छन्। राजनीतिक र सामाजिक विषयमा विमर्श हुने गर्छ।

७७ जिल्लाकै सदस्यहरूको ब्लड ग्रुपको डाटाबेस तयार पारिएको छ, जहाँ आवश्यक पर्छ, नजिकका सोही समूहको सदस्यमार्फत रक्तदान गरिन्छ। ग्रुपका सन्तोषकुमार थापा भन्छन्, "हामीले हिन्दी शब्द र प्रचारात्मक सामग्री निषेध गरेका छौं। अपशब्द प्रयोग गर्ने सदस्यलाई आवश्यकताअनुसार म्युट वा ब्लक गर्छौं।" यो ग्रुप यतिबेला महावीर पुनको आविष्कार केन्द्रका निम्ति रकम जुटाउन लागिपर्दै छ।

४० हजार सदस्य भएको डब्लुआरआर युवतीमाझ सबभन्दा लोकप्रिय ग्रुप हो। यसको सुरुआत पाँच वर्षअघि श्रद्धा क्षत्रीले गरेकी थिइन्। पहिले जोक्स आदानप्रदान हुन्थ्यो, अहिले आफ्ना व्यक्तिगत भोगाइसमेत साटासाट गर्छन्। 'कन्फेसन' लेख्छन्, केही समस्या आइलागे सुझाव माग्छन्। ग्रुपकी एड्मिन जुनी श्रेष्ठ भन्छिन्, "हामी सदस्यको गोपनीयतालाई विशेष महत्त्व दिन्छौं। त्यसबाहेक सकारात्मक कार्यका लागि एकअर्कालाई उत्प्रेरणा दिन्छौं।"

कोही सदस्य बिरामी भए तर खर्च छैन भने अरूले सहयोग गर्छन्। पानीपुरी र चटपटे बेचेर संकलित रकमले ललितपुर, भक्तपुर र बुटवलका विपन्न विद्यार्थीलाई दुई वर्षदेखि पढाइरहेका छन्। महिला हिंसाविरुद्ध ग्रुपमा मात्र होइन, सडकमै उत्रन्छन्। सरसफाइमूलक गतिविधि गर्छन्। गायन, लेखन, पेन्टिङ वा अरू कुनै क्षमता छ भने ग्रुपमा व्यक्त गरेर सुझाव लिने/दिने गरेको जुनीले जानकारी दिइन्। भन्छिन्, "यो *फेसबुक* ग्रुप हो तर हामीलाई आफ्नै परिवारजस्तो लाग्छ। आइपर्दा डटेर सहयोग गर्छौं।" डब्लुआरआरबाहेक वुमन्स वारियर, गर्ल्स राइजिङ रुम, सिस्टर हुड, बुहारी संगठनजस्ता ग्रुप पनि छन्। ■

**प्रतिबद्ध ग्रुप**

| ग्रुप | सन् | सदस्य |
|---|---|---|
| मेन्स रूम रिलोडेड (MEN'S ROOM RELOADED) | सन् २०११ | ९८ हजार |
| नेप्लिज् ब्रदर्स रूम (NBR Nepalese Brothers Room) | सन् २०१५ | ४६ हजार |
| वुमन्स रूम रिलोडेड (Women's Room Reloaded) | सन् २०१५ | ४० हजार |

# खुद्रे लगानीमै आत्मरति

## विदेशी लगानीकर्ताले खर्बौंको लगानी प्रतिबद्धता जनाए पनि मुलुकमा प्रत्यक्ष वैदेशिक लगानीको अवस्था भने निराशाजनक

**मस्त केसी**

तामाकोसी तेस्रोको सुरुङ प्रवेश स्थल

भूकम्पको एक वर्षपछि ०७३ फागुनमा सरकारले आयोजना गरेको लगानी सम्मेलनमार्फत १३ खर्ब ५२ अर्ब रूपैयाँ प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) को प्रतिबद्धता आयो । त्यसको दुई वर्षमै ०७५ चैतमा सरकारले अर्को लगानी सम्मेलन आयोजना गर्‍यो । उक्त सम्मेलनबाट १७ खर्ब ३० अर्ब रुपैयाँ बराबरको प्रतिबद्धता आएको थियो । आर्थिक वर्ष ०७४/७५ मा उद्योग विभागमार्फत ५५ अर्ब ७६ करोड रूपैयाँको विदेशी लगानी प्रतिबद्धता आयो । त्यस्तै, आव ०७५/७६ मा २३ अर्ब ९४ करोड प्रतिबद्धता आएको विभागको तथ्यांक छ । चालू आव ०७६/७७ को पाँच महिनामा मात्रै उद्योग विभागमार्फत १६ अर्ब ८३ करोडको विदेशी लगानी प्रतिबद्धता आएको छ । लगानी बोर्डमार्फत ३ वटा विदेशी कम्पनीले करिब २४ अर्ब रुपैयाँ लगानीको प्रस्ताव गरेका छन् ।

दुई लगानी सम्मेलन, उद्योग विभाग, लगानी बोर्ड (६ अर्बमाथिको लगानी) मार्फत आएको लगानीको प्रतिबद्धता खर्बौं भए पनि मुलुक भित्रिएको लगानी भने नगन्य छ । प्रतिबद्धता जनाइएको मात्रै होइन, गत आवबाहेक स्वीकृत भएको एक तिहाई लगानी पनि मुलुकमा भित्रिन सकेको छैन *(हेर्नुस्, इन्फो)*। तर लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी भने पछिल्ला तीन वर्षमा लगानी क्षेत्रमा व्यापक सुधार भएको र त्यसको सन्देश विश्वमाझ पुगेको दाबी गर्छन् । "गत वर्ष मात्रै ४ गुणा विदेशी लगानी बढेको छ," उनी भन्छन्, "कानुनी झन्झट र प्रक्रियागत समस्या पनि कम हुँदै गएका छन्, यो वर्ष झन् बढ्ने अनुमान छ ।"

विश्व बैंकको डुइङ बिजनेस इन्डेक्समा देखिएको सुधारले पनि मुलुकमा लगानी वातावरण बनेको प्रस्ट भएको अधिकारीको भनाइ छ । कुनै एक आर्थिक वर्षलाई अपवाद मान्न सकिए पनि समग्रमा विदेशी लगानी प्रवाहको अवस्था सन्तोषजनक छैन । गत वर्ष भने अरुण तेस्रो जलविद्युत् आयोजनाको निर्माणले तीव्रता पाएपछि प्रत्यक्ष वैदेशिक लगानी बढेको देखिन्छ । १ खर्ब १४ अर्ब रूपैयाँ लगानीमा निर्माण हुन लागेको ९ सय मेगावाट क्षमताको उक्त आयोजनाका लागि गत वर्ष मात्रै १० अर्ब रुपैयाँ मुलुक भित्रिएको थियो । यो वर्ष करिब १६ अर्ब रुपैयाँ यही आयोजनाका लागि मात्रै भित्रिने लगानी बोर्डको अनुमान छ ।

०४६ को राजनीतिक परिवर्तनसँगै अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका बढ्दै गयो । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, ०४९ लागू भएपछि परम्परागत सीपमा आधारित उद्योग, हातहतियार खरखजानाजस्ता केही सीमितबाहेक क्षेत्रमा वैदेशिक लगानीको बाटो खुल्यो । प्रत्यक्ष वैदेशिक लगानी खुला गरेको तीन दशक पुग्नै लाग्दा पनि वैदेशिक लगानी भित्र्याउने नेपालको स्थिति अन्य अल्पविकसित देशको तुलनामा कमजोर छ । अल्पविकसित देशमा प्रत्यक्ष वैदेशिक लगानी औसतमा अर्थतन्त्रको आकारको २.३ प्रतिशत छ । नेपालको ०.६ प्रतिशत मात्रै । नेपालको अर्थतन्त्रको आकार करिब ३२ खर्ब रुपैयाँको छ । सन् २०३० सम्म नेपाललाई अतिकम विकसित अवस्थाबाट विकासशील मुलुकमा स्तरोन्नति हुने चुनौती छ । दिगो विकासका लक्ष्य हासिल नगरी यो चुनौती सामना गर्न सम्भव छैन । तर यी लक्ष्य हासिल गर्न देशमा वार्षिक स्वदेशी-विदेशी गरेर १८ खर्ब लगानी परिचालन आवश्यक छ, जुन भइरहेको छैन ।

विगतमा वैदेशिक लगानी नभित्रिनु र आर्थिक विकास नहुनुको मुख्य बाधक अस्थिर

सरकारलाई मानिँदै आएको थियो । अहिले स्थिर र बलियो सरकार छ। लगानी वातावरण बनाउन सरकारले नीतिगत, संरचनागत र प्रक्रियागत सुधारका काम पनि गरेको छ । लगानीसँग सम्बन्धित औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, श्रम ऐनलगायत कानुन पनि संशोधन भइसकेको छ । उद्योग व्यवसायका लागि अपरिहार्य विद्युत् समस्या छैन ।

विश्वभरका मुलुकको लगानी वातावरण अध्ययन गर्ने विश्व बैंकको 'डुइङ बिजनेस इन्डेक्स' मा पनि नेपालको स्थिति सुधारिएको छ। डुइङ बिजनेसमा यो वर्ष नेपाल १ सय १० बाट ९४ औं स्थानमा उक्लिएको छ। वैदेशिक लगानीलाई सहज बनाउन उद्योग विभागमा एकल बिन्दु सेवा (एकद्वार प्रणाली) अपनाइएको छ। ६ अर्बमाथिका लगानी हेर्ने लगानी बोर्डमा पनि लगभग एकद्वार प्रणाली छ। बन्द-हडताल, आन्दोलन, ट्रेड युनियनको समस्या नभए पनि प्रतिबद्धताअनुसारको लगानी किन आउन सकेन ? अर्थ मन्त्रालयका प्रवक्ता एवं सहसचिव उत्तरकुमार खत्री प्रतिबद्धताअनुसारको लगानी नआए पनि पछिल्ला वर्षमा लगानी बढिरहेको बताउँछन् । "कानुनी जटिलता समाधान भएको र सरकारले पनि आर्थिक विकासको एजेन्डालाई प्राथमिकता दिएकाले अब लगानी थप विस्तार हुन्छ," खत्री भन्छन् ।

"सरकारको इच्छाशक्ति भएर मात्रै हुँदैन, लगानीकर्ताले प्रतिफल सुनिश्चित हुने र चौतर्फी सुरक्षित देख्ने वातावरण बन्नुपर्छ ।

– **डिल्लीराज खनाल**, अर्थविद्




अर्थविद् डिल्लीराज खनाल भने प्रशासनिक झन्झट, प्रतिफलको सुनिश्चितता, सुरक्षालगायत कारणले लगानीकर्ता डराइरहेको बताउँछन्। "कागजी नभएर व्यावहारिक रूपमै लगानीकर्ताले सुरक्षा र सहजता खोजिरहेका हुन्छन्," उनी भन्छन्, "लगानीकर्ताले जोखिम र प्रतिफलको लेखाजोखा गरेर हेर्छन्। त्यसमा सरकारले विश्वस्त पार्न सक्नुपर्छ ।" निर्माण चरणमा रहेका आयोजनाको सुस्तता र स्वदेशी लगानी पनि अपेक्षित रूपमा नबढ्दा विदेशी लगानीकर्ता हच्किएको खनालको भनाइ छ ।

पूर्वअर्थमन्त्री प्रकाशचन्द्र लोहनी सरकारको अदूरदर्शी कदमले लगानीकर्तालाई निराश पारिरहेको बताउँछन्। "ठूला आयोजना विशेषगरी जलविद्युत् क्षेत्रमा कहिले एउटा लगानीकर्तालाई दिन सहमति गर्ने, कहिले फिर्ता लिएर अर्कोलाई दिने गरिँदै आएको छ," लोहनी भन्छन्, "सरकारको यस्तो ढुलमुले र अपरिपक्व निर्णयले समग्र लगानी क्षेत्रलाई निरुत्साहित गरेको छ ।"

बूढीगण्डकी जलविद्युत् आयोजना, तामाकोसी-३ र पश्चिम सेती आयोजना यसका केही उदाहरण हुन्। छनोट प्रक्रियामा विचार नगरी यी आयोजना कहिले एउटा देशका लगानीकर्तालाई दिने, कहिले आफैँ बनाउने त कहिले अर्को देशका लगानीकर्तालाई दिने निर्णय हुँदै आइरहेको छ । लोहनी विदेशीलाई विश्वासमा लिन सकिए प्रशस्तै लगानी भित्र्याउन सकिने बताउँछन्। "प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन एकद्वार लगानी नीति, लगानी परिचालन तथा व्यवस्थापनमा सरलीकरण गर्न आवश्यक छ," उनी भन्छन्, "विशेष आर्थिक क्षेत्रलाई सहज र व्यवस्थित गरेर प्रत्यक्ष वैदेशिक लगानीलाई थप आकर्षित गर्न सकिन्छ ।" विदेशी मुद्रा भित्र्याउँदा अपनाइने प्रक्रिया पनि लामो र झन्झटिलो भएको लोहनीको भनाइ छ ।

आर्थिक जोखिम बढी भएको मुलुकमा बाह्य लगानीकर्ताले आफ्नो लगानी सहजै प्रवाह गर्न चाहँदैनन् । राजनीतिक स्थिरता एउटा महत्त्वपूर्ण पक्ष हो । त्योभन्दा मुख्य विषय सरकार चलाउनेको विश्वसनीयता र उनीहरूले तय गर्ने नीति हो । त्यसैले दुई ठूला छिमेकी प्रमुख बजार हुँदाहुँदै र ती दुवै मुलुकले अत्यधिक प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्दागर्दै पनि नेपालमा लगानीकर्ता आकर्षित हुन सकिरहेका छैनन् । सरकारले कानुनी जटिलता समाधान गरेको बताइरहे पनि बौद्धिक सम्पत्तिको संरक्षणलाई अझै सम्बोधन गर्न सकिरहेको छैन । "बौद्धिक सम्पत्ति अर्थात् ब्रान्ड लगानीकर्ताको मुटु हो, हाम्रोमा त्यही सुरक्षित छैन," अर्थविद् खनाल भन्छन्, "सरकारको इच्छाशक्ति भएर मात्रै हुँदैन, लगानीकर्ताले प्रतिफल सुनिश्चित देख्ने र चौतर्फी आफूलाई सुरक्षित देख्ने वातावरण हुनुपर्छ ।"

नेपाली मुद्राको घट्दो प्रभाव, निर्माण स्थलमा भरपर्दो सुरक्षा दिन नसक्नु, वन तथा वातावरण मन्त्रालयसँग समन्वय नहुनु, जग्गा अधिग्रहणमा सहयोग नहुनुलगायत समस्याले पनि लगानीकर्ता ढुक्क हुन सकेका छैनन् । कर तिर्ने प्रक्रिया, लगानीका लागि स्वीकृति प्राप्त गरेपछि काम सुरु गर्दासम्म लाग्ने समय, नीति बन्ने तर कार्यान्वयन नहुने फितलो राज्य संयन्त्र, भइरहेका कामको प्रगति विवरण, मुलुकको वैदेशिक व्यापार स्थिति, लगानीकर्ताको संरक्षण, सम्झौता कार्यान्वयनको स्थितिजस्ता विषय सन्तोषजनक छैनन् । अर्को कुरा, एकाधबाहेक नेपालमा प्रवाहित हुने बाह्य लगानी ठूलो र आकर्षकभन्दा पनि खुद्रे बढी भएको देखिन्छ । यसले पनि ठूला लगानीकर्ता आकर्षित हुन नसकेको खनाल बताउँछन् । ■

# जोगाउनै हम्मे

## इलामका पुराना विद्यालय आफ्नै जग्गाका लागि मुद्दा-मामला खेपेर ठूलो रकम खर्चनुपर्ने बाध्यतामा

**विप्लव भट्टराई**/इलाम

सदरमुकामको भगवती उच्च माविको नाममा झापाको शनिश्चरे-४ सेतीपानीमा ६ बिघा १३ कठ्ठा जमिन छ । त्यसमध्ये १७ कठ्ठामा मोही लागेको छ । चलनचल्तीको भाउमा बिक्री गर्ने हो भने प्रतिकठ्ठा ७ लाख रुपैयाँभन्दा धेरै मूल्यमा जग्गा बिक्री हुन्छ । तर विद्यालयको नाममा रहेको लाखौं मूल्य बराबरको जमिनको आम्दानी भने वार्षिक १ सय मन हाराहारी धान मात्रै हो ।

प्रधानाध्यापक डोरप्रसाद पौडेलका अनुसार बुटाबारीका शमशेर गिरिले विद्यालयलाई दिएको यो जग्गामा मोही लागेको थियो । विद्यालयले ठूलो रकम खर्चेर मोहीलाई साँघुर्‍याएको छ । विद्यालय परिसरमा रहेको १८ रोपनी जमिनबाट आम्दानी भने छैन । पहिले विद्यालय रहेको क्षेत्रको जमिन सडकका नाममा मिचिँदै आएको छ । पुरानो भवन जीर्ण छ । विद्यालय नयाँ भवनमा सारिएको छ । पौडेल भन्छन्, "कम्तीमा विद्यालयको जग्गा सुरक्षित गर्ने काम भएकाले केही ढुक्क भएको छ ।"

जग्गा भएर अभाव खेप्ने र त्यसैका लागि मुद्दा-मामलामा ठूलो रकम खर्चने भगवती मावि एक्लो होइन । जिल्लाका पुराना र प्रतिष्ठित विद्यालयका नाममा इलाम र झापामा मनग्ये जग्गा छन् । तर ती जग्गा जोगाउन वर्षौंदेखि मुद्दा लडिरहेका छन् ।

आदर्श उच्च माविको नाममा पर्याप्त जग्गा भए पनि अदालत धाउँदा आम्दानीभन्दा खर्च धेरै भएको छ । इलामबजार नजिकैको आंशिक जग्गा विद्यालयको चल्तीमा रहे पनि बाँकी प्रयोगविहीनजस्तै छ ।

झापाको शनिश्चरे र अर्जुनधारामा विद्यालयको नाममा १६ बिघा जमिन थियो । त्यसमध्ये साढे ४ बिघा मोहियानी दाबीमार्फत विद्यालयको स्वामित्वबाट हटेको छ । बाँकी

विप्लव भट्टराई

इलामस्थित भगवती माविको पुरानो भवन । यो संरचना र जमिन अतिक्रमणको चपेटामा छ ।

जमिनमा पनि घरटहरा बसेकाले विद्यालय अन्योलमा छ ।

"गत जेठमा अतिक्रमकारीलाई नगरपालिकाले अन्यत्रै जग्गा व्यवस्थापन गर्ने र उसैले विद्यालयमार्फत त्यो जग्गा लिजमा लिने सैद्धान्तिक सहमति भएको हो," प्रधानाध्यापक कुमार पौडेल भन्छन्, "अदालतले बचेको जग्गामा विद्यालयको पक्षमा फैसला गरे पनि खाली हुन सकेको छैन ।" अथाह सम्पत्ति देखिने तर आम्दानी नगन्य हुँदा शिक्षकलाई तलब खुवाउन र शैक्षिक व्यवस्था सुधारका लागि रकम अभाव हुने गरेको व्यवस्थापन समिति अध्यक्ष कोमल निरौला सुनाउँछन् ।

यही जग्गामा लागेको मोहीको मुद्दाले पनि विद्यालयलाई झमेला दियो । अन्त्यमा मोहीले ४ बिघा जग्गा लगे भने विद्यालयको ठूलो रकम र समय खर्च भयो । मुद्दा परेपछि झापा र राजधानी धाउँदा, वकिल खर्चलगायतमा विद्यालयको धेरै खर्च भयो । स्थानीय रत्नकुमारी मानन्धरले विद्यालयलाई त्यो जग्गा दिएकी थिइन् । ००४ मै खुलेको यो विद्यालयको ६५ रोपनी जमिनमध्ये केहीमा मोहियानी दाबी छ ।

इलाम सदरमुकामस्थित पुरानो विद्यालय आदर्श मावि, सदरमुकामकै गोलाखर्कस्थित भगवती मावि, सूर्योदय नगरपालिकाको करफोक क्याम्पस, माईजोगमाईको नाम्सालिङ माविलगायतले आफ्नो नामको जमिन प्रयोग र संरक्षण गर्न सकेका छैनन् ।

सूर्योदय नगरपालिकास्थित करफोक उच्च माविको नाममा झापाको सुरुंगा, मदनपुर र शनिश्चरेमा ४२ बिघा जमिन भए पनि नियमित पाउने हिस्सा भने न्यून छ । "त्यसमा पनि पक्की घर बनेका छन्," शिक्षक सुवास राई भन्छन्, "यो जग्गाको हैरानी अहिलेसम्म हटेको छैन ।"

४ सय रोपनीभन्दा धेरै जमिन रहेको पुरानो शैक्षिक केन्द्र नाम्सालिङ उच्च माविलाई वार्षिक १ लाख रुपैयाँ आम्दानी गर्न पनि मुस्किल छ । झापाको चन्द्रगढीमा नाम्सालिङकै ढकाल बन्धुहरूले दिएको १४ बिघा जग्गामध्ये केहीमा मोहियानी दाबी परेको छ । "विद्यालयले त्यो जग्गा बिक्री गरेर पहाडी क्षेत्रमै खरिदको पहल थाले पनि सहज भएन," स्थानीय रमेश सुवेदी भन्छन् । ने

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np

# नेपाल

राष्ट्रिय साप्ताहिक

विषयवस्तुपरक सुक्ष्म विश्लेषणका साथ
तपाईंका लागि साप्ताहिक रुपमा प्रस्तुत

## बदलिँदो नेपालको 'अन्तर्कथा

बदलिँदो समयको साक्षी बनी देशका महत्वपूर्ण घटनाहरूलाई समेटेर साप्ताहिक रुपमा पाठकसमक्ष प्रत्येक क्षेत्रका खोजमूलक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्नु हाम्रो उद्देश्य हो । ती घटना र विचारको माध्यमबाट नै देश विकासलाई आकार दिने प्रवृत्तिहरू पहिचान गर्न हामी निरन्तर प्रयासरत छौं ।

प्रत्येक कथाको निष्कर्षसम्म पुग्न
'आजै ग्राहक बन्नुहोस् ।

थप जानकारीको लागि
एनटिसि: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

# नदीजन्य बाँडफाँट विवाद

## प्रदेशको कानुन संघ र स्थानीय तहले नमान्दा राजस्व संकलन प्रभावित

**अमृता अनमोल**/बुटवल

गत आर्थिक वर्षमा रुपन्देहीको तिलोत्तमा नगरपालिकाले नदीजन्य पदार्थबाट १६ करोड ४८ लाख ९६ हजार ६ सय १० रुपैयाँ राजस्व उठायो । नियमतः उक्त रकमको ४० प्रतिशत हिस्सा प्रदेशको सञ्चित कोषमा पठाउनुपर्नेमा नगरले एक सुको पठाएन । सट्टामा आफ्नै विभाज्य कोषमा रकम राखेको छ ।

बुटवल उपमहानगरले गत आवमा नदीजन्य पदार्थबाट ३ करोड ५६ लाख ४ हजार रुपैयाँ राजस्व संकलन गर्‍यो । उपमहानगरले पनि त्यसको ४० प्रतिशत रकम प्रदेशमा पठाएन । सट्टामा आफ्नै सञ्चित कोषमा राखेको छ ।

संविधानले प्राकृतिक स्रोतअन्तर्गत पर्ने नदीजन्य पदार्थको अधिकारलाई तीन तहकै सरकारको साझा सूचीमा राखेको छ । प्रदेश ५ मा भने नदीजन्य पदार्थमाथि प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो हक जताएका छन् । यसले नदीजन्य पदार्थको बाँडफाँटमा विवाद देखिएको छ । राजस्व संकलनसमेत प्रभावित भएको छ ।

प्रदेश ऐनअनुसार स्थानीय तहले संकलन गरेको नदीजन्य पदार्थको ४० प्रतिशत हिस्सा प्रदेशको सञ्चित कोषमा पठाउनुपर्छ । तर प्रदेशले बनाएको ऐन स्थानीय तहले मानेका छैनन् । यहीँ कारण अधिकांश स्थानीय तहले उक्त राजस्व प्रदेशलाई नबुझाएका हुन् । प्रदेशका १ सय ९ स्थानीय तहमध्ये गत वर्ष १४ वटाले मात्रै नदीजन्य पदार्थको राजस्व बाँडफाँटको रकम सञ्चित कोषमा जम्मा गरेको प्रदेशको कोष तथा लेखा नियन्त्रण कार्यालयको तथ्यांक छ ।

प्रदेशले गत आवमा नदीजन्य पदार्थबाट ४० करोड राजस्व उठ्ने अनुमान गरे पनि १९ करोड ७८ लाख रुपैयाँ मात्र जम्मा भयो । प्रदेश लेखा समिति सदस्य विष्णु पन्थी कानुन नमान्ने परिपाटीले स्रोत दुरुपयोग र आर्थिक हिनामिना बढाएको बताउँछन् । “स्थानीय तहले अधिकार खोज्ने तर त्यसअनुसारको भूमिका वहन गर्न नसक्ने समस्या छ,” उनले भने, “यसले दुवै सरकारलाई हानि भएको छ ।”

प्रदेश सरकारले अघिल्लो वैशाखमा खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी ऐन बनायो । त्यसभन्दा अघि नै राजस्व बाँडफाँटमा आधारित रहेर प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि बनाएको थियो । कार्यविधिअनुसार नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त हुने शुल्कको २ प्रतिशत जिल्ला समन्वय समितिलाई दिइन्छ । बाँकी रकमको ६०



अमृता अनमोल

< विभिन्न नदीबाट उत्खनन गरिएका नदीजन्य पदार्थ दाङस्थित क्रसर उद्योगमा प्रशोधन हुँदै

प्रतिशत स्थानीय तहको सञ्चित कोष र ४० प्रतिशत प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्छ । प्रदेशको यस्तो कानुन फेर्न माग गर्दै स्थानीय तहका प्रमुखहरू संघीय सरकारमा डेलिगेसन नै गए ।

चैत ०७५ मा संघले केही नेपाल कानुन संशोधन ऐन बनायो । त्यसमा नदीजन्य पदार्थको व्यवस्थापन र राजस्व संकलन स्थानीय तहले गर्ने र रकम सञ्चित कोषमा राख्ने भनिएको छ । कपिलवस्तुको शिवराज नगरपालिका प्रमुख नेत्रप्रसाद अधिकारी प्रदेशभन्दा संघीय कानुन परिपक्व हुने भएकाले त्यसैअनुसार गरेको बताउँछन् । "आफ्ना स्रोतको संरक्षण र व्यवस्थापन जिम्मा स्थानीय तहलाई हुन्छ भने उपयोगको जिम्मा पनि दिनुपर्छ भन्ने हाम्रो माग हो," उनले भने, "त्यसैले प्रदेशले ताकेता गरे पनि राजस्व नबुझाएका हौं ।"

गत वर्ष संघीय कानुन बनिसकेपछि पनि प्रदेशले नदीजन्य पदार्थको राजस्व दाखिला गर्न स्थानीय तहलाई ताकेता-पत्र पठायो । त्यसकै आधारमा १४ वटाले बुझाएका थिए । यसपालि त्यसो नगर्न स्थानीय तह एक भएका छन् । नगरपालिका एसोसिएसनका प्रदेश संयोजक तथा बुटवल उपमहानगर प्रमुख शिवराज सुवेदी प्राकृतिक स्रोतमा प्रदेशले आँखा लगाउन उचित नहुने बताउँछन् । "नदीजन्य पदार्थको संरक्षण गर्ने र त्यसबाट प्रभावित हुने नागरिक प्रत्यक्ष रूपमा स्थानीय तहमा जोडिएका छन्," उनले भने, "उनीहरूको हितअनुसार काम गर्न पनि राजस्व स्थानीय तहमै रहनुपर्छ ।"

प्रदेश सरकार भने जसरी पनि आफ्नै ऐन लागू गराउने र नदीजन्य पदार्थको राजस्व आफूमा ल्याउने कसरतमा छ । संघीय ऐनपछि आर्थिक मामिला मन्त्रालयले स्थानीय तहलाई राजस्व पठाउन १५ बुँदे परिपत्र जारी गर्‍यो । केही अघि भएको अन्तरप्रदेश परिषद् बैठकमा मुख्यमन्त्री शंकर पोखरेलले नदीजन्य पदार्थ उपयोगमा प्रदेशमा आएको अधिकार संघले खोसेको एवं स्थानीय तहबीच विवाद बढाएको गुनासो गरे । केही नेपाल संशोधन ऐनका कारण नदीजन्य पदार्थको राजस्व संकलन प्रभावित बनेको भन्दै उनले सच्याउन माग गरेका थिए । 'ऐन तथा कार्यविधि फेर्न सकिने भए पनि त्यसबारे संघ र स्थानीय तहले कुनै छलफलै नगर्नु विडम्बना हो,' उनले भनेका थिए । तर उनको माग संघीय सरकारले सुनेको छैन ।

प्रदेशको अर्थ, उद्योग तथा पर्यटन समिति सभापति दधिराम न्यौपानेले संविधान र स्थानीय तह सञ्चालन ऐनलाई टेकेर नदीजन्य पदार्थको उपयोगबारे ऐन र कार्यविधि बनाएको बताए । "प्रदेशको छुट्टै भूगोल छैन । स्थानीय तहले राजस्व संकलनका हरेक क्षेत्रमा आफ्नो भनेर दाबी गरेका छन्," उनले भने, "यस्तो प्रवृत्तिले नदीजन्य पदार्थको राजस्व बाँडफाँट मात्र होइन, प्रदेशको कुनै पनि स्रोत रहँदैन ।"

तीन तहका सरकार नदीजन्य पदार्थको लाभबारे लडिरहँदा त्यसको असर तटीय क्षेत्रका वासिन्दाले भोगेका छन् । कतै मनपरी नदीजन्य पदार्थ उत्खनन र निकासी भएको छ । केहीमा अत्यावश्यक कामका लागिसमेत नदीजन्य पदार्थ रोकिएको छ । प्राकृतिक स्रोतबारेका जानकार दलबहादुर गुरुङ अधिकार खोज्ने तर विधि र प्रक्रिया नपुर्‍याउने परिपाटीका कारण समस्या भएको बताउँछन् । "आफूमा आएको अधिकार अरूलाई दिनै नखोज्ने परिपाटी सुधार्नुपर्छ," उनले भने, "राजस्वको रकम जुन सरकारमा गए पनि तटीय र प्रभावित क्षेत्रका वासिन्दाको हितमा खर्चिनुपर्छ ।"

अर्थ विश्लेषक प्राकृतिक स्रोतलाई कसैले कतै रोक्न र छेक्न नसकिने भएकाले आसपासका वासिन्दा र सरकारले मात्रै फाइदा खोज्नु गलत भएको बताउँछन् । "नदीजन्य पदार्थको राजस्व स्थानीय तहमा मात्रै राख्दा स्रोत नै नहुने क्षेत्रको विकास कसरी गर्ने, समस्या हुन सक्छ," विश्लेषक युवराज कँडेलले भने, "आसपासको विकास गर्न राजस्वलाई खुम्च्याउनु हुँदैन । फराकिलो बनाउनुपर्छ ।" ने

# जनजाति महिलाको अस्तित्वबोध

**दोभान राई**

नेपाली महिला पहिचानभित्र 'आदिवासी जनजाति महिला' नअटाएको तर्क गर्दै समग्र महिला र आदिवासी जनजातिभित्र 'आदिवासी जनजाति महिला' आफ्ना विशेष पहिचान खोज्दै छन् भन्ने मूल आशयमा उभिएको छ, *पहिचानको खोजी* । उनीहरूले खोजेको पहिचान के हो ? के 'आदिवासी जनजाति महिला' को पहिचान कायम गर्न छुट्टै संगठन, अभियान र आवाज आवश्यक छ ? त्यस्तो आन्दोलनले महिला आन्दोलन र आदिवासी जनजाति आन्दोलनलाई कमजोर वा फराकिलो बनाउँछ भन्ने तर्कको सेरोफेरोमा पुस्तकका लेख समेटिएका छन् । पुस्तकमा नेपालका आदिवासी जनजाति महिलाका सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ समेटिएका विसं ०१६ देखि ०७३ भित्र प्रकाशित लेखबाट चुनिएका २५ प्रतिनिधि लेख रहेका छन् । जनजाति तथा गैरजनजाति समुदायका लेखक, अभियन्ता, अनुसन्धानकर्तालगायतका लेखलाई अनुसन्धाता कैलाश राईको सम्पादनद्वारा पुस्तकको स्वरूपमा ढालिएको छ ।

नेपालमा महिला आन्दोलन र जनजाति आन्दोलनको इतिहास छोटो छ । आदिवासी जनजाति महिला आन्दोलनको छोटो इतिहासमा आदिवासी जनजाति महिला कसरी चित्रित छन्, उनीहरूबारे बाह्य समुदायको दृष्टिकोण के कस्तो थियो, स्वयं समुदायका महिलाले आफ्नो पहिचान र सवाल सदृश्य गर्न के-के गर्दै आए भन्ने विषय पुस्तकले राम्रोसँग समेटेको छ । २०२० भित्र लेखिएका लेखले तत्कालीन आदिवासी जनजाति महिलालाई स्वतन्त्र तर जंगली र अशिक्षितको रूपमा चित्रण गरेका छन् । ती लेखले आदिवासी जनजाति महिलाको 'एक्जोटिसाइज्ड' र 'नोबल स्याभेज' छवि प्रस्तुत गर्छन् । अहिलेको समय ती लेख पढ्दा अनौठो लाग्ने भए पनि त्यसले हाम्रो समाजमा रहेको पृथक् पहिचान र समुदायप्रतिको साँघुरो हेराइको प्रतिविम्ब बोक्छ । पछिल्ला लेख 'पोलिटिकल्ली करेक्ट' देखिए पनि आदिवासी जनजाति महिलाप्रतिको 'स्टेरियोटाइप' छवि कायमै रहेको बुझ्न सकिन्छ ।

पुस्तकमा नेपालमा बढ्दै गइरहेको हिन्दुकरण र समुदायभित्रै बढ्दै गरेको पितृसत्ताको प्रतिरोध गर्न आदिवासी जनजाति महिलाको छुट्टै संगठन र आन्दोलन आवश्यक रहेको तर्क छ । क्रमशः आदिवासी जनजाति महिलाको सुषुप्त अवस्थामा रहेको आन्दोलनको औचित्य र भूमिका, संविधान र राज्य पुनर्संरचनाको सन्दर्भमा समावेशिता, पूर्ण समानुपातिकतामा विशेष जोड, बेचबिखन, वैदेशिक रोजगार, कमलरीलगायत जटिल सवाल र चुनौती समेटिनुका साथै नेपाली महिलाभित्रैका असमानता र आदिवासी जनजातिभित्रैको आन्तरिक विविधताका जटिलतालाई समेत दर्शाएका छन् ।

आदिवासी जनजाति महिलाबारे नेपाली बौद्धिक जमातमा पर्याप्त अध्ययन-अनुसन्धान गर्न बाँकी रहेको दर्शाउँछ । जे-जति लेखन भएका छन्, ती प्रायः समुदायभित्रकै जनजाति महिलाकै संलग्नता र रूचिमा गरिएको छ । उपलब्ध सामग्री संकलित एवं परिमार्जित स्वरूप भएकाले यो पुस्तकभित्रका सबै लेख उत्तिकै वजनदार र विषयवस्तुमा स्पष्ट छैनन् । जनजाति महिलाको पहिचानलाई हिन्दुत्वको 'फ्रेम अफ रेफरेन्स' भित्रै राखेर केलाइनु सही होइन भन्ने पुस्तकको तर्कले इन्टरसेक्सनालिटीको अवधारणा अपनाएको छ ।

आदिवासी जनजाति महिला शिक्षा, सत्ता, आय, पैतृक सम्पत्तिमा अधिकारजस्ता सूचकमा समग्र नेपाली महिला र आदिवासी जनजाति पुरूषभन्दा निकै पछि छन् । पृथक पहिचानका निम्ति हिन्दुकरणको विरोधमा उत्रे पनि हिन्दुत्वकै चस्मा छाड्न नसक्नु त्यसको एउटा कारण हो । लैंगिक असमानताको मापन हिन्दु दृष्टिकोणअनुरूप गर्नु र हिन्दु समाजको दबाबपूर्ण छायामा आफूलाई कमजोर पारिएको हीनताबोधको बचाउमा आदिवासी जनजाति समुदायले यस्तो भन्नु प्रतिरक्षात्मक अवस्था हो । पुस्तकमा पुरूष लेखकहरूले हिन्दुकरण र पितृसत्तालाई प्रधान समस्या मानेका छन् भने महिलाले ती दुईका साथै समुदायभित्रकै पितृसत्ता, असमानता र पुरूषकै वर्चस्वलाई पनि उत्तिकै जोड दिएका छन् । यसले सीमान्तीकरण र सशक्तीकरणको बहुआयामबारे छलफल गर्ने ठाउँ दिएको छ । त्यस अर्थमा विश्लेषणात्मक 'न्यारेसन' सहित संरचनात्मक स्पष्टता पेस गरेको यो पुस्तक सम्पादकको व्यक्तिगत लगाव र कौशलको प्रतिफल हो भन्न सकिन्छ, जुन नेपाली समाजको विविध संरचनागत राजनीतिक र सामाजिक आह्वान बोकेको दस्तावेजको रूपमा उपयोगी हुन सक्छ । कुनै एक पहिचानभित्रका वर्ग, लिंग, जाति, भूगोलजस्ता बहुआयाम केलाएर नै शक्ति, सत्ता, सीमान्तीकरण र सशक्तीकरणको वस्तुस्थिति बुझ्न यस्ता पुस्तकको अझ खाँचो छ । ने




**पहिचानको खोजी**
सम्पादक : कैलाश राई
प्रकाशक : इन्डिजिनियस मिडिया फाउन्डेसन
पृष्ठ : ३०१
मूल्य : ४०० रुपैयाँ

तीन किताब

मदन राई | कृषिविज्ञ

# आविष्कारको संसार

रवि मानन्धर

हजारौँ वर्षदेखि किताबले आफ्नो बलियो उपस्थिति जनाए पनि अबको केही दशकमा कागजको अस्तित्वमाथि सन्देह गर्न सकिन्छ । नेपाली शिक्षामा गलत पाठ्यक्रम र सिकाइका कारण समाज गलत दिशातर्फ जाँदै छ । किताबले दिने सूचना र इतिहासमाथि कहिलेकाहीं शंका लागे पनि मान्छेबारे रुचिपूर्वक पढ्छु । युवल नोह हरारीको **ट्वान्टी वान लेसन्स फर ट्वान्टी फस्ट सेन्चुरी**मा निहित तार्किकताले भने मलाई तान्यो । हरारीले एक्काइसौं शताब्दीका चुनौतीलाई केलाएका छन् । प्रविधिले मानव श्रमलाई विस्थापित र भ्रमित मात्रै गरेको छैन, आविष्कारलाई बेहद छाडिदिंदा स्वतन्त्रता र निजत्वमाथि नै संकट खडा भएको छ । प्रविधिमा पहुंच हुने र नहुनेबीचको खाडलका कारण जीवनस्तरमा पनि आनका तान फरक पर्ने हुनाले समानताको कोणबाट बहस गर्नुपर्छ । अल्पज्ञान, अज्ञान, धर्म र सभ्यताका विविधताले समाजजस्तो भौतिक संरचनासमेत विभाजित छ । धरती बाँडेकाले परिस्थितिवश मानिसमा आप्रवासन र निर्वासन छ । धार्मिक-राजनीतिक-आर्थिक विभाजनका कारण आतंकवादले खुट्टा घुमाउँदै छ र युद्धको आह्वान हुँदै छ । हामीले धर्म, राजा र देवताजस्ता मिथक र तथ्य-घटनाको भेदलाई मेटाइदिएकाले सत्यको गहिराइमा पुग्न सकेका छैनौं । स्वार्थग्रस्त व्यक्तिवादको चंगुलमा परेकाले हामीले परिवार, समाज र मानव जातिलाई नै क्षति पुर्‍याइरहेका छौं । हरारीको मतमा उदार र लचक भएर नयाँ व्यवधानमाथि समाधानमुखी विमर्श गर्नुपर्छ ।

मान्छेले असल काम गरेको उदाहरण खोज्दा ली क्वान युको **फ्रम थर्ड वर्ल्ड टु फस्ट**मा पुग्छु । पहिले नेपालजस्तै गरिब देश सिंगापुरलाई सामुद्रिक डाँकुहरूको अखडा मानिन्थ्यो । उर्वर भूमि र पिउने पानीसमेत नभएको देशलाई केही दशकमै ली क्वान युले युरोप-अमेरिकाको आर्थिक हैसियतमा पुर्‍याए । भौगोलिक जटिलताका कारण अरू देशसँगको सम्बन्धमा उतारचढाव पनि आयो । कहिले उपनिवेश, कहिले द्वन्द्व सहेर पनि आर्थिक रूपमा विश्व रंगमञ्चमा आफूलाई सबल राष्ट्रको रूपमा उभ्याउन सक्नु चानचुने सफलता थिएन । ठूला राष्ट्रको चेपुवामा परेका साना मुलुकले सिंगापुरको प्रगतिबाट धेरै पाठ सिक्न सक्छन् । मजदुरका समस्यालाई बुद्धिमत्तापूर्ण ढंगले गरेको व्यवस्थापन सानातिनो नेताको ल्याकतले सम्भव थिएन । नेपालले पनि सिंगापुरको सफलताको कथाबाट बुझ्नुपर्छ, मौलिक सोच र यात्राबाट मुलुकले उन्नति गर्न सक्छ । उनले सुरुमा जनताको समर्थन जुटाए अनि बलियो सुरक्षासहित वैदेशिक लगानी भित्र्याए । र, बेथिति घटाउनुका साथै विज्ञान-प्रविधिलाई भरपुर प्रयोग गरे । सञ्चयकोषको दूरदर्शी अवधारणा लागू गरेर जनताको गाँस, बास र कपासलगायत आवश्यकतालाई परिपूर्ति गरे । एक समर्पित र भविष्यद्रष्टा नेतृत्वले आफ्नो मुलुकलाई कसरी कायाकल्प गर्न सक्छ भन्ने ज्वाज्वल्यमान कथा हो तर एक नेताभन्दा श्रमको कथा हो, यो ।

२५ लाख वर्ष अघिदेखि अहिलेसम्मका परिवर्तनलाई देखाइएको छ, **वन थाउजेन्ड वन इन्भेन्सन्स द्याट चेन्स्ड द वर्ल्ड** । ज्याक च्यालोनर सम्पादित यो किताबमा आविष्कारहरूको इतिहासलाई सचित्र वर्णन गरिएको छ । प्राचीन संसारको व्याख्या गर्दै रोमन सभ्यतादेखि क्रान्ति युगसमेत कालक्रमिक रूपमा देखाइएको यस किताबमा रचनात्मक सोच र नवीनतालाई प्राथमिकता दिइएको छ । औद्योगिक क्रान्तिवरपर संसारमा उदाएको युरोपेली साम्राज्य हुँदै आधुनिक युगसम्म आइपुग्दा मान्छेलाई विज्ञान-प्रविधि र कथाले प्रभाव पारेका मोडलाई रसिला उपशीर्षक र चित्रको सहयोगमा बयान गरिएको छ । संसारका युद्धमा भएका अनेक घटना र भूमण्डलीकरणका यात्रालाई समेत रोचक ढंगले प्रस्तुत गरिएको यो किताब इन्टरनेट युग व्याख्या गरी बिसाइएको छ । अचेल हाम्रो दैनिकी प्रविधिमा निर्भर हुन थाले पनि प्रविधिको आविष्कारप्रति उत्ति रुचि दिइँदैन । यस किताबले तथ्यमा आधारित भएर गुफाकालीन अन्वेषणदेखि आजसम्मका आविष्कारलाई ऐतिहासिक शैलीमा अभिलेखीकरण गरेको छ । ढुंगाको हतियारदेखि आगोको आविष्कार हुँदै मान्छेले विज्ञानको विकासमा लामो यात्रा गरिसक्यो र प्रकृतिका अन्य जनावरभन्दा आफूलाई निकै शक्तिशाली बनाइसक्यो ।

केही आविष्कारले हाम्रो जीवनलाई सुविधामूलक/सुखमय बनाउँछन् भने धेरैले जीवन र मृत्युबीचको अन्तरको अर्थ पनि बताउँछन् । कतिपय आविष्कारले कथित आवश्यकतालाई उत्प्रेरित मात्रै गर्ने भएकाले जीवन झनै जटिल बनाउँछन् । च्यालोनरको मतमा- आवश्यकता आविष्कारकी जननी हो भने सरलता पक्कै पनि यसको पिता हो ।

मानव जीवनलाई मूर्तता दिने प्राविधिक सामग्रीबारे हामी उत्ति जानकार हुँदैनौं, जसलाई दैनन्दिन प्रयोगमा ल्याइरहेका हुन्छौं । विशेषगरी जिज्ञासु उमेरका बालबालिकालाई दुनियाँ बदल्ने मानव प्रयासको व्यापक अध्ययन भएकाले यो किताब पढ्न दिएमा उनीहरूमा पनि कल्पनाशीलता र वैज्ञानिक चिन्तनको विकास हुँदै जानेछ ।

■ प्रस्तुति : गुरुङ सुशान्त

रङ

# सुल्तान अफ स्ट्रिङ्स

**गोकर्ण गौतम**

तस्बिर : महेश प्रधान

भर्खर १५ वर्ष पुग्दै थिए, अनिल शाही । सीपी क्षत्रीसँग गिटार सिक्थे । एक दिन सीपीलाई सोधेछन्, 'गुरु गिटार राम्ररी बजाउन कति समय लाग्छ ?' सीपीको जवाफ थियो, 'दस वर्ष ।'

अनिल घर फर्किए, छटपटी र बेचैनी हुन थाल्यो । त्यति लामो समय कुर्ने हिम्मत थिएन, उनीसँग । रातभर निदाउन सकेनन् । बिहानै सीपीलाई भेटेर कौतूहल पोखेछन्, 'दिनमा कति घन्टा अभ्यास गर्दा दस वर्ष लाग्ने हो ?' सीपीले 'एक घन्टा' भनेछन् । लगत्तै अनिलले अर्को प्रश्न तेर्साए, 'त्यसो भए दिनमा दस घन्टा अभ्यास गर्‍यो भने एक वर्षमा सिकिन्छ त ?' सीपी मुस्कुराए मात्र ।

गुरुको मुस्कानले ऊर्जा प्रवाह भएछ । अनि सुरु भयो, अनिलको पागलपन । बिहानै गिटार लिएर कौसी जान्थे, खाना र खाजा खान तल ओर्लन्थे, नत्र माथि नै । गिटार बजाएको बजायै । लगातार आठ-दस घन्टा अभ्यास गर्ने । महिनौं घरबाट निस्किएनन् ।

यत्तिमै सीमित थिएन, उनको साधना । हातमा ढक झुन्ड्याएर गिटार बजाउँथे । पानी र आइसले भरिएको बाल्टीमा हात डुबाउँथे अनि सुन्निएको हातले बजाउँथे । दुई हात सिक्रीले बाँधेरसमेत बजाए । यो कठोर अभ्यासले के दियो ? अनिल सम्झन्छन्, "मैले ९ वर्ष बचाएँ, एक वर्षमा गुरुले चाहेजस्तो बजाउन सक्ने भएँ ।"

हुन पनि हात गह्ठुँगो बनाएर अभ्यास गरेपछि लामो समयसम्म र स्वछन्द भएर गिटार बजाउने सामर्थ्य मिल्छ । अनिल थप्छन्, "अहिले सम्झँदा आतेस लाग्छ । गिटारप्रति यति मोहित भइसकेको थिएँ कि सिक्न पाए जस्तोसुकै पीडा सहन्थेँ ।" यही कारण हुनुपर्छ, गिटारबाट अनिलले सबथोक कमाए- नाम, दाम र त्योभन्दा धेरै आत्मसन्तुष्टि ।

अनिलकै शब्दमा गिटारबिनाको जीवन कल्पनै गर्न सक्दैनन् । उनले जे-जति जाने, सबै गिटारबाटै । नेपालका एकल गिटारवादकको सूची बनाउने हो भने सम्भवतः पहिलो नम्बरमा अटाउँछन् । कहिल्यै ब्यान्डमा आबद्ध भएनन्, एकल पहिचान बनाए । ३८ वर्ष बितिसकेको छ, उनले गिटार खेलाउन थालेको । कतिले उनलाई माया गरेर भन्ने गर्छन्, 'सुल्तान अफ स्ट्रिङ्स' । पूर्वीय र पश्चिमा संगीतलाई 'फ्युजन' गरे । गिटारलाई शास्त्रीय संगीतको समीपमा राखे । सिक्दै र नयाँ-नयाँ प्रयोगबाट उत्कृष्ट संगीत सिर्जना गर्न तल्लीन छन् । कन्सर्टमा गिटारको धुनबाट दर्शकलाई झुमाउँदा आफूलाई भाग्यमानी महसुस गर्छन् ।

बाल्यकालमै गिटारप्रति अथाह आशक्ति पैदा हुनुमा अनिलको पारिवारिक माहोलको भूमिका छ ।

अनिलका हजुरबुबा तबलावादक थिए, काकाचाहिँ गिटारिस्ट । सुरुमा उनी तबला र पर्कसनमा बजाउँथे तर १२ वर्ष पुगेपछि काकाको प्रभाव पर्न थाल्यो । टोलका अरू दाइहरू पनि गिटारमा मग्न हुन्थे । उनलाई पनि गिटार नै प्यारो लाग्न थाल्यो तर गिटार थिएन । त्यसैले घरि काकाको, घरि दाइहरूको मागेर बजाउँथे । शिवरात्रिको बेला त बजाउँदा-बजाउँदै दिनरात बित्थ्यो । काठमाडौंका विभिन्न स्थानमा हुने कार्यक्रममा उनको सहभागिता हुन थाल्यो ।

तस्बिर : अनिल शाहीको फेसबुक

पछि शास्त्रीय संगीत पढ्न वाराणसी, भारत गए । फर्किएर केही समय काठमाडौं विश्वविद्यालयमा संगीत सिके । तर उनको मुख्य ध्यान गिटारमै थियो, जता गए पनि गिटार छुट्दैनथ्यो । बेलायतको स्कुल अफ अफ्रिकन स्टडिजमा 'ग्लोबल म्युजिक' सिके । उनको अनुभव भन्छ, "नसिक्दा सबै थाहा भएजस्तो लाग्ने, सिक्दै गएपछि कहिल्यै नसकिने । संगीतको विशेषता नै यही रहेछ ।"

सन् २००० मा बेलायतस्थित नेपाली दूतावासले अनिललाई बोलायो । त्यहाँ राजा वीरेन्द्र र ऐश्वर्यको भ्रमण हुँदै थियो । राजारानीको स्वागतमा उनले विशेष प्रस्तुति दिए । त्यसबाहेक बेलायतका विभिन्न सहरमा विशिष्ट व्यक्तित्वसामु कन्सर्ट गरे । मेलिनियम डोमको पर्फमेन्स यादगार छ, उनका लागि । सन् २००६ मा ताइवानमा आयोजित 'साउन्ड अफ ह्युमन वर्ल्ड' प्रतियोगितामा 'बेस्ट फ्युजन गिटारिस्ट' अवार्ड जिते, यसमा ७० देशका संगीतकर्मी प्रतिस्पर्धी थिए । त्यसअगावै उनको कम्पोजिसनको 'प्रीतबिना यौवन...' गीत हिट भएपछि फिल्मबाट अफरको ओइरो लागेको थियो । *भीष्मप्रतीज्ञा*, *सिउँदो*, *चेलीजस्ता* फिल्मका गीतमा संगीत दिए । त्यतिबेला गीत रेकर्ड गराउन मुम्बई जाने गरिन्थ्यो । उनको संगीतमा अनुराधा पौडवाल, साधना सरगम, सोनु निगम, उदीतनारायण झा आदिले गाएका छन् । भन्छन्, "मुम्बईको माहोल र कलाकारको सान्निध्यले संगीतप्रति प्रतिबद्ध हुन आत्मबल दियो ।" उनका अकोस्टिक फ्युजन, वसन्त ऋतु, फ्युजन तन्त्रलगायत सोलो एल्बम बजारमा आएका छन् ।

'युरोप टुर' बाट फर्किएपछि जमलस्थित राष्ट्रिय नाचघरमा पर्फमेन्स गरे । यसलाई अनिल ६ वर्षअगाडि गरेको 'सुल्तान अफ स्ट्रिङ्स' कन्सर्टको दोस्रो भाग भन्न रूचाउँछन् । गिटार बजाएरै २-३ घन्टा दर्शक/श्रोतालाई मन्त्रमुग्ध बनाउन माहिर छन् । त्यसैले कन्सर्टमा प्रायः व्यस्त भइरहन्छन् । गिटारिस्ट र कम्पोजरका अलावा गायक पनि हुन्, अनिल । 'तिम्रा एक शब्द..', 'प्रीतबिना यौवन..', 'मायाको मात..' जस्ता उनको स्वरमा सजिएका गीत रूचाएका छन् । केही समययता म्युजिक भिडियो निर्देशनमा पनि सक्रिय छन् । भूकम्पपछि गिटार इन्स्टिच्युटलाई निरन्तरता दिएका छैनन्, नयाँ भवन खोज्दै छन् । अहिले घरमै विशेष कक्षा सञ्चालन गर्छन् । घरमै स्टुडियो छ । भन्छन्, "जीवनमा संगीतबाहेक अरू केही जानिएन, गरिएन । गिटार मेरो प्यासन, प्रोफेसन मात्र होइन, थेरापी पनि हो ।" ने

# अलग तर विशेष

गोकर्ण गौतम

**हैदरावादमा प्रियंका रेड्डीका चार बलात्कारीलाई प्रहरीले इन्काउन्टर गरेपछि** भारतभर दुई धार स्पष्ट देखियो । एक थरीले बलात्कारी बाँच्नलायक नहुने र अदालती प्रक्रिया लम्बेतान हुने भएकाले गोली ठोक्नु उचित भन्दै प्रशंसा गरे । अर्को थरीले अदालतले अपराधी नठह-याई प्रहरीले मार्नु लोकतान्त्रिक मुलुकका लागि धब्बा भन्दै विरोध गरे । समाजको ठूलो तप्काचाहिँ प्रहरीकै पक्षमा छ किनभने बलात्कारका घटनाले समाजमा आतंक मच्चाइरहेको छ । बलात्कारको यो डरलाग्दो नियतिलाई बरोबर पर्दामा उतारिन्छ । *मर्दानी २* पछिल्लो उदाहरण हो । निर्देशक/लेखक हुन्, गोपी पुथरन । पाँच वर्षअगाडि प्रदर्शित *मर्दानी*को सिक्वेल हो, यो । मुख्य भूमिकामा रानी मुखर्जी नै छिन् ।

बलात्कार एक व्यक्ति वा निश्चित समूहले गर्छ तर त्यसमा पूरा समाज कसरी जोडिन्छ ? *मर्दानी २* मा त्यसको झल्को पाइन्छ । निर्देशक पुथरनले महिला प्रहरी अधिकृत र खुंखार यौन अपराधीलाई केन्द्रमा राखेका छन् । विषय र पात्र चयनसँगै कसिलो कथावाचनले दर्शकलाई पूरापूर बाँध्छ ।

राजस्थानको कोटा सहरमा एसपी शिवानी शिवाजी रोय (रानी मुखर्जी) र बलात्कारी-हत्यारा सन्नी (विशाल जेठ्वा) को प्रवेश करिब एकै समय हुन्छ । सन्नीले अपरिचित युवतीलाई आफ्नो जालमा फसाएर बलात्कारपछि निर्मम हत्या गर्छन् । एकपछि अर्को छात्राको हत्या भएपछि कोटा त्रसित हुन्छ । सन्नीले एसपी शिवानीलाई समेत आफूलाई पक्रिन चुनौती दिन्छन् । शिवानी पूरा पुलिस फोर्स लगाएर अपराधी समात्न लागिपर्छिन् तर सन्नी यति 'स्मार्ट' छ कि प्रहरीलाई छक्काइदिन्छ । तर कहिलेसम्म ? क्लाइमेक्स अतिरञ्जित होइन, सार्थक छ ।

पहिलो दृश्यबाटै सन्नीको चरित्र स्थापित गर्दै मूल कथामा प्रवेश गरिएको छ । लुथरन कुनै सस्पेन्स राख्दैनन्, खुरूखुरू कथा भन्दै जान्छन् तर पात्रको समीकरण र प्रवृत्ति रोचक भएकाले फिल्मप्रतिको आकर्षण बढ्दै जान्छ । यो फिल्मको मेरुदण्ड भनेकै सन्नीको चरित्र र पर्फर्मेन्स हो । उनका सबै अपराधबारे दर्शक जानकार हुन्छन्, घृणा र डर पैदा हुन्छ तर यति नयाँ-नयाँ शैली अपनाउँछन् कि बेवास्ता गर्नै सकिन्न । हाम्रो सामाजिक बनोटले सन्नीजस्ता पात्र जन्माइरहेको छ किनभने उसलाई संरक्षण गर्ने र सहरमा आमन्त्रण गर्ने अरू कोही नभएर स्थानीय नेता हुन्छन् । राजनीतिक स्वार्थपूर्तिका लागि नेताले अपराधी जन्माउने, पोस्ने र आखिरमा आफैँलाई घातक हुने तीतो सत्यको प्रतिनिधि हो, सन्नी ।

बलात्कारको घटना भएकाले एसपी शिवानी अझ मर्माहत हुन्छिन् तर अपराधी समात्न उनले प्रहरी संगठनभित्रबाट साथ पाउँदिनन्, उनीभन्दा कनिष्ठ अधिकृतले समेत हेप्छन्, टेर्दैनन् । कारण, उनी महिला हुन् । बाहिर जति समानताको ढोल पिटे पनि उच्च ओहोदामा आसीन पुरुषलाई महिलाको निर्देशन मान्न कथित 'इगो' ले दिँदैन । खासमा बलात्कारको अन्तर्यमा महिलामाथिको यही बदला, प्रतिशोध र अपमान लुकेको हुन्छ, न कि यौन आशक्ति र कुन्ठा । सन्नीको पृष्ठभूमि, पुरुष प्रहरी अधिकृत र नेतामार्फत यो तीतो सत्यलाई प्रस्ट्याइएको छ । सन्नीको पागलपन र आवेगपूर्ण हर्कतले दर्शकलाई समेत त्रसित बनाउँछ ।

समाजझैँ सिनेमामा पनि महिला पात्र कमजोर छन् । पुरूषको बाहुबलीपना देखाउन कि महिलालाई प्रयोग गरिएको हुन्छ कि सौन्दर्य साधनामा सीमित गरिन्छ । यो विद्यमान कथनविपरीत छ, *मर्दानी २* । आफ्नै क्षमताले सहरकी प्रहरी प्रमुख

फिल्म : *मर्दानी २*

★★★½☆

बनेकी महिला छिन्, जसले दर्जनौं गुन्डालाई ढालेर होइन, व्यावहारिक र कानुनसम्मत अपराधी समात्छिन् । अर्थात्, वास्तविक जीवनमा अनुसरण गर्न योग्य नायक । आफूमाथिको विभेदलाई गलत साबित गर्न उनी निर्भीक लाग्छिन् । यस हिसाबले पनि फिल्म प्रशंसनीय छ । तर सुरूआतबाटै मिडियाको प्रयोगले चाहिँ केन्द्रीय कथाको बेगलाई बिथोल्छ । झन् फिल्मको अन्त्यभन्दा केही अगाडि शिवानीको टेलिभिजन अन्तर्वार्ता त बेकामे छ । दृश्यमार्फत व्यक्त गरिसकेको महिला सशक्तीकरणको सन्देशमाथि विश्वास नभएर निर्देशकले बासी संवाद प्रयोग गरेको देखिन्छ । त्यस्तै, नेतासामु प्रहरीलाई ज्यादै निरीह बनाइएको छ ।

सक्षम प्रहरी अधिकृतका रूपमा रानी मुखर्जी जीवन्त लाग्छिन् । यस्तै भूमिकाले हो, कलाकारलाई लामो आयु दिने । ग्ल्यामर, गीत, मारधाड एक्सनबिनै उनको चरित्रले मन जित्छ । रानीलाई बलशाली बनाउन विशाल जेठ्वाको भूमिका अपरिहार्य छ । विशालको यो डेब्यु फिल्म हो । पहिलो फिल्ममै यति सशक्त चरित्र पाउनु र त्यसलाई विश्वसनीय बनाउनुले उनको भविष्य उज्यालो देखिन्छ । उनी भिलेनको परम्परागत मानकमा अटाउँदैनन् ।

खासमा कथाका लागि उनी 'भिलेन' हुन् भने फिल्मको 'हिरो' । रानी र विशालको गजबको रसायनले नै फिल्मको वजन बढाएको छ । सामान्य कथालाई असामान्य ढंगले पस्केका निर्देशक पुथरन प्रशंसाका बलिया हकदार हुन् ।

दिमागबाट नहराउने फिल्म हो, *मर्दानी २* । बलात्कारमाथि कैयौं फिल्म बने तर यो अलग र विशेष छ । ने

८ प्रश्न | सन्तोष उपाध्याय

# 'बाहिर देखिने मात्र सौन्दर्य होइन'

**अछाममा जन्मिए, टीकापुरमा हुर्किए, डा सन्तोष उपाध्याय, २८ । यसपालिको मिस्टर नेपालमा २१ प्रतिस्पर्धीलाई उछिने । उनी ललितपुरस्थित लुभुको प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत हुन् ।**

**तपाईंलाई मिस नेपालजस्तो चर्चा मिस्टर नेपालमा हुँदैन भन्ने लाग्छ ?**

लाग्ने भन्दा पनि यो त सत्य हो नि ।

**किन चर्चा कम ?**

केटाहरूको सौन्दर्य प्रतियोगिता भनूँ वा मिस्टर नेपालको इतिहास नै छोटो छ । २००१ देखि सुरू भयो । २००३ देखि ७ वर्षसम्म टुट्यो । सौन्दर्य प्रतियोगिता भन्नासाथै महिलासँग जोडिएर आउँदो रहेछ ।

**तपाईं आफूचाहिं सौन्दर्य केलाई मान्नुहुन्छ ?**

हेर्दा जे देखिन्छ, त्यो मात्र होइन । भित्री सौन्दर्य झन् महत्त्वपूर्ण हुन्छ ।

**भित्री सौन्दर्य भन्नाले ?**

मानिसको बोली, व्यवहार, समाजप्रति उसको दायित्व । समाजमा हामीले सुन्दरता र व्यवहारकै आधारमा मानिसलाई आदर्श मान्छौं । यी दुवै कुरालाई यस्तो प्रतियोगितामा संगै लैजानुपर्छ ।

**तैपनि मिस नेपालको भन्दा चर्चा कम हुँदा अलि खल्लो लाग्दैन ?**

बिलकुल लाग्दैन । आफूलाई कसरी अगाडि लैजाने भन्नेमा भर पर्छ । विस्तारै महिलासँग मात्रै जोडिने सुन्दरताको धारणा बदलिँदै छ । मिडियाले पुरूषको सौन्दर्य प्रतियोगितालाई प्राथमिकता नदिएर पनि ओझेल परेको हो ।

**तपाईं त चिकित्सक, ग्ल्यामरस दुनियाँमा केले तान्यो ?**

पहिलेदेखि नै फरक काम गर्न रूचाउँछु । फुटबल, पेन्टिङ, भिडियोग्राफी, फोटोग्राफीमा रूचि छ । भिडियोग्राफीको देशव्यापी प्रतियोगिता पनि जितेको छु । अछाममा दुइटा पुस्तकालय खोलें । सिन्धुपाल्चोकको दुबाचौरमा भूकम्पका बेला आशाको किरण संस्थामार्फत १३ वटा घर बनाइयो । सामाजिक काममा अझ बढी लाग्न मिस्टर नेपालमा भाग लिएको ।

**मिस्टर वर्ल्डमा आफूलाई कसरी प्रस्तुत गर्छु भन्ने लागेको छ ?**

सबै प्रतिस्पर्धीको लक्ष्य जित्ने हो । मैले त्यहाँ मेडिकल क्षेत्रमा आफूले गरेको कामको छाप छाड्छु भन्ने छ ।

**के छाप हो त्यस्तो ?**

मेडिकलका विभिन्न संगठन चलाएँ । त्यस क्रममा २६ देशमा प्रतिनिधि, सहभागी र पाहुना बनेर पुगें । नेपालमा इस्ट एसियन मेडिकल स्टुडेन्ट कन्फरेन्स गराएं, त्यो दक्षिण एसियामै पहिलो थियो । यिनै कुराले आफूलाई प्रमाणित गर्नेछु ।

**▪ मनबहादुर बस्नेत**

# आनन्दित पूजन

ब्रिटिस फेसन डिजाइनर जोन गालियानोले भनेका छन्, ड्रेसिङको आनन्द एक कला हो । आफ्नो ड्रेसअपमा निकै कम व्यक्ति रमाउँछन् । हेर्नुस्, मोडल पूजन थापा रातो चेक कोट र कालो हाइनेकमा आनन्द देखिन्छिन् । रातो लेगिन्स र मफलरले जाडो याममा पनि उनलाई कम्फर्टेबल देखाएको छ ।

# नागरिकको टुँडिखेल

धनी–गरिबबीच खाडल चिर्न अमेरिकामा सन् २०११ मा अकुपाई वालस्ट्रिट अभियान चलेको थियो । वालस्ट्रिटमा विश्वमै सबैभन्दा धेरै सेयर कारोबार हुने न्युयोर्क स्टक एक्स्चेन्जको कार्यालय छ । अमेरिकामा भएका १ प्रतिशत धनी बराबर ९९ प्रतिशत गरिब र मध्यम वर्गले सामाजिक र आर्थिक असमानता हटाउन सो अभियान थालेका थिए ।

संसारैभरि बेलाबखत यस्ता नागरिक पहल चल्दै आएका छन् । यस्तै खुला ठाउँको माग गर्दै नेपालमा पनि अकुपाई टुँडिखेल अभियान सुरू भएको छ । ६ साता पुगिसकेको अभियानले मानव साङ्लो बनाउनेदेखि ऱ्याली निकाल्नेसम्मको कार्यक्रम गरिसकेको छ । नेपालका सम्पूर्ण सार्वजनिक खुला ठाउँको स्वामित्व नागरिकमा राख्न अभियान चालिएको हो । त्यसैले अकुपाई टुँडिखेल एउटा 'मुभमेन्ट' हो ।

अभियानलाई सार्थकता दिन यसै साता मार्टिन चौतारीमा सम्पदाविद् सुदर्शनराज तिवारीले टुँडिखेलको ऐतिहासिक, सांस्कृतिक, सामाजिक र राजनीतिक विश्लेषण गरे । टुँडिखेलसँगै रहेको खुलामञ्च, खरीको बोटले राजनीतिक महत्त्व बोकेको छ । टुँडिखेलले प्रजातान्त्रिक 'स्पेस' पनि जनाउँछ । नेपालमा भएका कैयौं आन्दोलन त्यही टुँडिखेलमै रहेको खुलामञ्चबाट जन्मेका थिए ।

# खप्तड
# यात्रा

युवा पुस्ता रोमाञ्चक यात्राको पारखी हुन्छ । यही सोख सुहाउँदो स्थान हो, खप्तड राष्ट्रिय निकुञ्ज । सुदूरपश्चिम प्रदेशको भूस्वर्ग भनिने खप्तड खासमा डोटी, अछाम, बझाङ र बाजुराको संगमस्थल हो ।

यहाँको प्रमुख आकर्षण हो, खप्तड लेक । खप्तड, त्रिवेणीमा खप्तड मन्दिर, खप्तड बाबाको कुटी, त्रिवेणी नदी, खापर दह, शिव मन्दिर आदि धार्मिक स्थल छन् । गंगा दसहरा मेलामा हजारौं तीर्थयात्री भेला हुन्छन् । हुड्के नाच मेलाको विशेषता हो ।

खप्तड पुग्ने धेरै बाटा छन् । विशेषतः खप्तड जान डोटी, सिलगढीको बाटो बढी प्रयोग गरिन्छ । सिलगढी पुग्न पूर्वपश्चिम राजमार्गको अत्तरिया, कैलालीबाट ९ घन्टाको बसयात्रा गर्नुपर्छ । हवाईमार्गमार्फत पनि नेपालगन्जबाट सिलगढी पुग्न सकिन्छ ।

सिलगढीबाट बग्लेक हुँदै झिगराना चेकपोस्टबाट बीचपानीको ३ घन्टे सीधा उकालो बाटो पार गरेपछि खप्तडको गन्तव्य भेटिन्छ । खप्तड यात्रा गर्दा पाल, स्लिपिङ ब्याग, चाउचाउलगायत सामग्री बोक्न नभुल्नु होला ।

# ३३ खाना खजाना

**नेपालमा विदेशी पर्यटक** आगमन प्रायः हिमाल आरोहण, ट्रेकिङ, हाइकिङलगायत साहसिक गतिविधिका लागि हुन्छ । मौलिक कला-संस्कृतिमा धनी नेपालमा मौलिक खानाको परिकारको स्वाद लिन कमै मात्र पर्यटक भित्रिन्छन् । नेपाल भ्रमण वर्ष-२०२० को अवसरमा नेपाल सरकारले यी ३३ खानाको सूची हरेक होटल तथा होमस्टेमा राख्न निर्देशन दिने भएको छ । हेर्नुस्, मेनु :

**सुप (झोलिलो खानेकुरा)**

१. क्वाँटी
२. सिस्नोको झोल
३. जुवानोको झोल
४. फच क्वा

**खाना खानुअघिको खाजा**

५. सखरखण्ड
६. करेसाबारी
७. चुकौनी
८. टिम्मुर आलु
९. फुलौरा

**मेन डिस**

१०. सेकुवा
११. तरूवा
१२. पकुवा
१३. उसिनेको तरकारी
१४. छोयला
१५. साँधेको परिकार
१६. म:म
१७. चटामरी
१८. ढुंग्रे रोटी
१९. ओउ
२०. जोगी भात
२१. दालभात
२२. हिमाली ढिंडो
२३. ढिकरी

**डेजर्ट (खानापछिको स्वाद)**

२४. योमरी
२५. सिकर्नी
२६. दही फल
२७. खीर
२८. ठेकुवा

**सस**

२९. टिमुर गोलभेँडा
३०. लसुन गोलभेँडा
३१. धनियाँ सादा
३२. बदाम धनियाँ
३३. तिलको छोप

## नोटबुक

मनबहादुर बस्नेत

# तिब्बतीलाई युरो पार्सल

केही वर्षअघि फ्रान्स घुम्न जाँदा त्यहाँका एक व्यक्तिले नेपाली गाइडलाई बन्द खाम दिए । उक्त खाम लाजिम्पाटस्थित फ्रान्सेली राजदूतावास छेउमै रहेको कालो गेटमा छाडिदिन भनिएको थियो । चिट्ठीमा कसैको नाम थिएन । खाम दिने फ्रान्सका धनाढ्य र राजनीतिक तहमा प्रभावशाली व्यक्ति थिए । भीआईपी पाहुनालाई ती गाइडले नेपाल घुमाएका थिए । त्यसैले बेनामी खाम ती गाइडले लिए । फ्रान्सेली भाषामा दक्खल भएका ती गाइडलाई उक्त खामभित्र के होला भन्ने उत्सुकता जागेछ । अनि होटल पुगेपछि चलाखीपूर्वक खामभित्र बन्द वस्तु पत्तो लगाएछन् । त्यो कसरी भने सबै बत्ती निभाएछन् अनि सियोले दुलो बनाएछन् र मोबाइलको बत्ती खाममा भ्कोसेर भित्रको वस्तु हेर्दा त युरो नोट पो रहेछ ।

खामभित्रसमेत अर्को कागजले बेरेको रहेछ । उनलाई खाम होटलमै छाडिदिऊँ कि लिएर जाऔँ भन्ने दोधार परेछ । उक्त रकमको वैधानिकता थिएन । कतै सुरक्षा जाँचमा भेट्याए पक्राउ परिएला भन्ने डर थियो । जसले यो पार्सल पुऱ्याइदिन भनेको थियो, ऊ ती गाइडका भीआईपी पाहुना थिए । जे त पर्ला भनेर बोकेछन् । भाग्यवश, पार्सल युरो हो भन्ने कसैले भेउ पाएन । सुरक्षित काठमाडौं आइपुग्यो । पार्सल पुऱ्याउन जाँदा फेरि भ्कस्किए । त्यो त तिब्बती शरणार्थी कल्याणकारी कार्यालय पो रहेछ ।

भोलिपल्ट उक्त कार्यालयबाट पार्सल ल्याइदिएकामा धन्यवाद फोन आयो र सँगै कफीको निम्ता । तर कार्यालयभित्र भने होइन, बाहिरै भेटेछन् । पश्चिमाहरूले तिब्बती शरणार्थीलाई आर्थिक सहयोग गर्ने कुरा नयाँ विषय होइन । तिब्बती शरणार्थीलाई सहयोग गर्ने धेरै संस्था खुलेका छन्, उता । तर छापामार शैलीबाट समेत आर्थिक सहयोग आउने कुराले भने चकित तुल्यायो ।

# खाङसेरभित्र के छ ?

यसरी नौलो शैलीमा पार्सल भित्रिएको घरमै भेट्न बोलाए, छुल्ट्रिम ग्याल्छोले । मुस्किलले जुऱ्याइएको भेट । दलाई लामाको निर्वासित सरकारको नेपाल प्रमुख हुन्, ग्याल्छो । गडेन खाङसेर भनेर चिनिने यो भवन लाजिम्पाटको मुख्य सडकबाट देखिँदैन । गेट मात्र देखिन्छ । बोर्ड छैन । यत्ति मात्र लेखिएको छ, गडेन खाङसेर । त्यहाँभित्र तिब्बतको भ्कन्डा राखिएको सुरक्षा निकायका केही अधिकारीबाट सुनिएको थियो । ग्याल्छोले कार्यालयमै भेट्ने भनेकाले खाङसारको रूपरङ देखिने भयो भनेर खुसी नै थिएँ । र, यही मौकामा अब सुटुक्क तिब्बती भ्कन्डा फहऱ्याएको फोटो खिच्छु भनेर मनमनै योजना बनाएर त्यहाँ पुगेँ ।

गेट अगाडि पुगेर फोन गर्न खोज्दा सुरक्षा गार्डले पर जान भने । ग्याल्छोले समय दिएर आएको भनेर फुर्ति लगाउन खोज्दै थिएँ, गार्डले सुने पो । बरू पर गएर फोन गर्न आदेश दिए । गेटबाट लुरूलुरू अलि टाढा पुगेर फोन गर्दा ग्याल्छोले कार्यालयमा होइन, बाहिरै भेटौँ भने । अघिसम्म कार्यालयमै गफ गर्न सजिलो हुने बताएका ग्याल्छोलाई अचानक के भएछ ? भेटमा ग्याल्छो दुरूस्त नेपालीजस्तो लाग्यो । उनले पनि आफूलाई तिब्बती भन्दा कसैले नपत्याउने खुलाए । बरू नेपाली लामा, तामाङ, गुरूङ हो भन्दा रहेछन् । भोलिपल्ट सहकर्मी रवि मानन्धरलाई खाङसेरको फोटो खिच्न जाँदासमेत गेट वरिपरि ढिम्किनै दिएनछन्, गार्डले । साँच्चै खाङसेरभित्र के छ कुन्नि ?

# सूचना जोख्ने प्रवक्ता

पत्रकारलाई सूचना दिन हरेक सरकारी निकायले प्रवक्ता/सूचना अधिकारी तोकेका छन् । भ्कट्ट हेर्दा यो एकदमै जवाफदेहीपूर्ण र पारदर्शी कामजस्तो लाग्छ । तर केही समयअघि नेपाल प्रहरीका प्रवक्तासँग एउटा सूचना माग्दाको घटनाले प्रवक्ता सूचना दिन होइन, सूचना छान्न बसेको अनुभूति दिलायो । प्रहरी दिवस अवसरमा नेपाल प्रहरीले देशभरका आफ्ना कर्मचारीलाई सम्मान गरेको थियो । प्रसंगवश त्यसरी सम्मानित हुनुपर्नेको संख्या चाहिएको थियो र मागियो ।

तर डीआईजी तहका प्रवक्ताले त *कान्तिपुर*जस्तो संस्थाले पनि यति भ्किनामसिना सूचना माग्ने भन्दै अर्ती दिन थाले । खुसी हुने जवाफ थिएन, यो । "तपाईंको काम सूचना सानो-ठूलो भनेर जोख्ने हो कि दिने ? तर्कसहित सूचना दिन सक्दिनँ भन्न सक्नुहुन्छ । तर सानो सूचना भएकाले दिन्नँ भन्ने ?" मैले अलि आक्रोशित शैलीमा भनेँ । त्यसपछि उनले आफू मातहतका कर्मचारीमार्फत सूचना दिए ।

यस्तो व्यवहार उनले मलाई मात्र गरेका होइन रहेछन् । *बीबीसी* नेपाली सेवाका एक पत्रकार मित्रलाई समेत भनेका रहेछन्, '*बीबीसी*जस्तो संस्थालाई यस्ता मसिना कुरा किन चाहियो ?' प्रवक्ताको काम सूचना जोख्ने हो कि सूचना दिने ? ■

CHANDRAGIRI HILLS

WHERE WISHES COME TRUE

# A must visit place in **Kathmandu**

## CHANDRAGIRI HILLS RESORT

**Chandragiri Hills Resort,** nestled in the Lap of Chandragiri Hills overlooking Kathmandu valley down below.

**Contact Details:** Mob: 9802084007 | Email: info@chandragirihills.com
Chandragirihills Corporate Office: IME Complex Block B, Panipokhari, Kathmandu | www.chandragirihills.com

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

**Introductory Offer: 10% Discount**

MARTIN ICE CREAM

# Vital

*An Italian Gelato*

# NOW in Jamal

*Martin Ice Cream's*

*1st Ever Franchise*

Aus scoops & Smile

## AUS Scoops and Smile

**Open Time : Every Day 11:00 am to 6:00 pm**

Next to Nepal Chamber of Commerce Building, Jamal, Kathmandu | | RSVP: 9823492444, 9860574755 |

Pixelpro\2019

*Franchisor* MARTIN ICE CREAM

An ISO 22000 Certified Company

YouTube